वैकुण्ठ एक्सप्रेस

मोहनराज शर्मा



नं. २६४३

वैकुण्ठ एक्सप्रेस

दर्ता नं.
१५६३०

मोहनराज शर्मा

वाणी प्रकाशन
काठमाडौं

नाटककारको लिखित अनुमति लिएर यस नाटकको दृश्य प्रस्तुति (मञ्च, फिल्म, भिडियो आदिमा) अथवा ध्वनि प्रस्तुति (टेप, क्यासेट आदिमा) गर्न सकिनेछ ।

लेखकको ठेगाना–
नेपाली शिक्षण समिति,
कीर्तिपुर बहुमुखी क्याम्पस,
त्रिभुवन विश्वविद्यालय,
काठमाडौं ।

४९५७२
524

प्रकाशक : वाणी प्रकाशन, काठमाडौं
आवरण : श्री मदन चित्रकार
संस्करण : प्रथम, २०४२
छापिएको थान : १०००

मूल्य : रू० २५।-
२०४२ को मदन पुरस्कारप्राप्त कृति

मुद्रक : सृजना प्रिन्टर्स ब्रह्मटोल, काठमाडौं ।

दर्ता नं.
९५५५०

नं. २६४३

दुई शब्द

वैकुण्ठ एउटा प्रतीक हो, सुख र सुविधाका ठाउँको प्रतीक । वैकुण्ठ एउटा लोभ पनि हो, सुख र सुविधाको मानवीय लोभ । तसर्थ वैकुण्ठको यात्रा सुखसुविधापूर्ण कुनै पनि ठाउँमा जाने लोभ र त्यस्तो यात्रा हुन सक्छ । मानिस स्वदेशबाट प्रवासित हुने एउटा मूल कारण पनि यही सुखसुविधाको ठाउँमा पुग्ने लोभ हो । त्यसै गरी ब्रेन ड्रेन भएर अमेरिका अथवा अरु कुनै विकसित राष्ट्रमा जाने र त्यहीं बस्ने मानवीय प्रवृत्तिको मूल कारण पनि सुखसुविधाकै बढी चाहना र लोभ हो । निकासा गरिने कुनै वस्तुका रूपमा मानिस अरब देशहरूमा जानु पनि यही नै हो । यस अर्थमा 'वैकुण्ठ एक्सप्रेस' लाई 'प्रवास एक्सप्रेस', 'अमेरिकन-एक्सप्रेस', 'अरब एक्सप्रेस' अथवा 'फकल्याण्ड एक्सप्रेस' पनि भन्न सकिन्छ । सुखसुविधाको खोजीमा स्वदेशबाट प्रवासित हुनेहरूमध्ये बहुसङ्ख्यकको स्थिति अन्ततः अथवा भित्रभित्रै त्रासद भएको पाइन्छ । प्रस्तुत नाटक 'वैकुण्ठ एक्सप्रेस' का यात्रुहरूको त्रासद स्थितिले यसै तथ्यतर्फ सङ्केत गर्छ ।

यो नाटक भित्री तहमा त्रासद छ, तर बाहिरिया तहमा चाहिं हास्यपूर्ण र मनोरञ्जनात्मक छ । यस नाटकको मूल कुरो चाहिं समसामयिक मानव सम्बन्ध र जीवनको व्यङ्ग्य हो । नाटकमा व्यङ्ग्य एउटा साहित्यिक प्रभाव हो र यही प्रभावका चापबाट यस कृतिमा हास्य, वेदना आदि अतिरिक्त प्रभावहरू उत्पन्न भएका छन् ।

प्रयोग साहित्यभन्दा भिन्न कुरो होइन, साहित्यिक कृतिभित्र भिजेर रहने कुरो हो । प्रयोगहरूबाट नै साहित्य विकसित हुन्छ भन्ने तथ्य एउटा प्रमाणित सत्यका रूपमा स्थापित छ । यस्ता प्रयोगहरू सार्थक र

प्रयोजनपरक हुनुपर्छ भन्ने चाहिं अनिवार्य छ । निरर्थक प्रयोग वा केवल प्रयोगका निम्ति प्रयोग साहित्यमा भार हुन पुग्छ भने सार्थक प्रयोग चाहि साहित्यको विकासको पाइलाछाप हुन पुग्छ । यसै तथ्यबाट प्रेरित भएर मैले यस नाटकमा प्रयोगहरू गरेको छु । प्रयोगका मेरा प्रयासहरू साहित्यमा पाइलाछाप लगाउने उद्देश्यले गरिएका होइनन्, कृतिको अनिवार्यता भएर गरिएका छन् । त्यसो त यसमा आद्यन्त प्रयोगहरू छन् तापनि 'गाँडा खानतलासी, निद्रानगर, अन्धो गुफा, कल्पनालोक, लीलानगरी, पशुपुर' आदि ठाउँमा विशेष रूपमा प्रयोग देख्न सकिन्छ । मेरो दृष्टिमा यी प्रयोगहरू किन सार्थक छन् भने यिनका माध्यमबाट पात्रहरूको आन्तरिक परिचय र पहिचान प्रस्तुत गर्ने प्रयोजन पूरा गरिएको छ ।

सामान्यतः नाटक दृश्य प्रस्तुतिका निम्ति लेखिन्छ । यो नाटक पनि यही दृष्टिबाट लेखिएको छ । साथै यो नाटक पाठ्य नाटकका रूपमा पनि रुचिकर होस् भन्ने ध्यान समेत राखेको छु । पुस्तकाकार रूपमा पनि यो नाटक पठनीय हुनेछ भन्ने आशा लिंदै आफ्नो यो प्रयास पाठकहरूका हातमा सुम्पन्छु ।

अन्त्यमा, यसको प्रकाशन गरिदिने वाणी प्रकाशनप्रति आभार प्रकट गर्दछु । विभिन्न सहयोग गरिदिने श्री केशव सुवेदी र श्री पारस भण्डारी, अनि आवरण तयार गर्ने श्री मदन चित्रकार तथा मुद्रण गर्ने सृजना प्रिन्टर्सका सबै सम्बद्ध व्यक्तिहरूलाई पनि धन्यवाद दिन्छु ।

—लेखक

।। आरम्भ ।।

[पर्दा खोलिन्छ । मञ्चको एक भागमा मिनिबसको ढाँचा । मिनिबस दर्शकतिर फर्केको । मञ्चको शेष भागमा सेतो धर्काले कोरिएको ठूलो वृत्त ।

बसभित्र चालक बस्नेतिर एकएक कुर्सीका र अर्कातिर दुईदुई कुर्सीका लहरहरू । कसैको मुख नछेलियोस् भनेर कुर्सीलाई नर्जानिबो पाराले अग्लोअग्लो पारेर राखिएको । कुर्सीका लहरहरूका माझमा आउनेजाने बाटो । बसमा छिर्ने ढोका चाहिं चालकका लगत्तै पछिल्तिर । कुर्सीहरूलाई बाहिरतिरबाट कागत, कपडा आदिले घेरेर बसको ढाँचा खडा गरिएको । छानो चाहिं खुल्ला ।

बसको अगाडिपट्टि बत्तीका ठाउँमा दुइटा पिलपिले लालटिन दुई लालटिनका माझको खाली ठाउँमा रातो तूल । तूलमा 'वैकुण्ठ एक्सप्रेस' लेखिएको । पाइप वा काठको डन्डीका टुप्पामा रङ्गीचङ्गी ठूलो ढक्की घोप्टयाएर स्टियरिङ बनाइएको । रङ पोतिएका नाङलाहरू चारैतिर चक्का भैं राखिएका ।

बसको सबभन्दा पछिल्लो भागमा अग्लो पारेर एउटा तखता जडान गरिएको । तखतामा सानासाना हरिया बल्बहरूको गोलाकार एउटा चक्र । चक्रका माझमा एउटा ठूलो रातो बत्ती बलेको ।

बसभित्र पात्रहरू बस्ने योजना निम्नबमोजिम छ :

शिशिर	वसन्त	हिप्पी	हिप्पिनी
सेरचन	शमसेर	↑	खुसीराम
डकारमान	बाबुकाजी	बाटो	मर्कसिंह
चेमजोङ	डेविड	↓	ढोका
जीवम्	पीए		
प्रिया	प्रेम		चालक

दर्शक

बसबाहिर उभिएर चालक जाँच्ने र पुछ्ने काम गर्दछ । बसभित्र प्रेमबाहेक अरू सबै आफ्नाआफ्ना ठाउँमा बसेका । बसेकाहरूमा नेपाली हिप्पी युवक टाङटुङ-टाङटुङ बजाउँदै गिटारको तार मिलाउँदै गरेको, नेपाली हिप्पी युवती उसका काँधमा टाउको अडचाएर आराम गर्दै गरेकी, जीएम् एकसुरे भएर पाइप तान्दै गरेको, पीए च्यापच्याप गरेर चिविङगम चपाउँदै गरेकी, डेभिड हाइ काढ्दै चुड्की बजाउँदै गरेको र प्रिया 'न्यूजवीक' पढ्दै गरेकी । अरूहरूमा कोही झ्यालबाट बाहिर चिहाउँदै गरेका, कोही आफ्नै सुरमा बगेर धुमधुम्ती बसेका, कोही यताउताका कुरामा चाख लिंदै गरेका र कोही बस नहिंडेकामा आजित मानेका ।

नयाँ खालको पहिरनमा ठाँटिएको प्रेमको प्रवेश । हस्याङफस्याङ गर्दै ऊ मिनिबसका छेउमा आइपुग्छ । उसले केराको एउटा काइँयो, एउटा सूटकेस, दुइटा एयरब्याग र अरू केही खत्याकमत्याक हात र काँधमा झुन्ड्याएको । दुईमध्ये एउटा एयरब्यागबाट इयान फ्लेमिङको 'गोल्ड फिङगर' भन्ने जासूसी उपन्यास चिहाइरहेको ।

झुन्ड्याइएका झिटीझान्टाका साथ प्रेम बल्लतल्ल बसमा उक्लिन्छ । भित्र बसेका अधिकांश पात्रहरू अनौठो मानेर उसतिर हेर्छन् । उसले पनि सरसर्ती चारैतिर आँखा दौडाउँछ । 'न्यूजवीक' पढ्दै गरेकी प्रियाका छेउमा

एउटा सीट खाली देखछ र त्यतै लाग्छ । त्यहाँ पुगेपछि झिटीझाम्टा राख्न निर्सी टोलाएर ऊ प्रियालाई हेरिरहन्छ ।]

प्रेम– (टोलाएर हेर्दै र मख्ख पर्दै) ओहो !

प्रिया– (झङ्ङ रिसाएर पत्रिका बन्द गरी पुलुक्क हेर्दै) के हो ?

प्रेम– (सीटमाथि केराको काइँयो राख्दै) मेरो हो ।

प्रिया– (मुख विगार्दै) त्यस्ता कुहिएका केरा, (उपेक्षासाथ) अरू कसले पो भन्ला मेरा !

प्रेम– (सूटकेस पनि राख्दै) कुरो केराको होइन ।

प्रिया– (झर्केर) के को हो त ?

प्रेम– (सूटकेसमाथि एउटा एयरब्याग राख्दै) ठाउँको, सीटको ।

प्रिया– (जाग्दै) सीटको ? कुन सीट ?

प्रेम– (अर्को एयरब्याग राखेर प्रिया बसेको सीटतिर औंल्याउँदै) त्यो सीट !

प्रिया– (छक्क पर्दै) यो सीट ! (लगत्तै बिरोध जनाउँदै) यो सीट मेरो हो ।

प्रेम– (एयरब्यागबाट झरेको 'गोल्ड फिङ्गर' टिप्दै) होइन, मेरो हो ।

प्रिया– (च्याँठिएर) मेरो हो ।

प्रेम– (दरो स्वरमा) मेरो हो ।

प्रिया– (पूरै चिच्च्याएर) मेरो हो। (टिकट देखाउँदै) यी टिकट ।

प्रेम– (शान्त तर दृढ स्वरमा) टिकट त मसंग पनि छ, तर महिलाहरूसंग बाझ्ने मेरो बानी छैन । भैगो, म यो दुई नम्बरको सीटमा बस्छु ।

[प्रेमले सीटमाथि राखेको आफ्नो मालसामान, तल राख्छ र सीटमा आफू थ्याच्च बस्छ । पन्छेजस्तो गरेर प्रियाले आफ्नो जिउ झ्यालतिर ढल्काउँछे र पत्रिका पढ्न थाल्छे । बस पुछपाछ गर्दै रहेको चालक काम सकिएकाले बसभित्र आउँछ । आफ्नो सीटमिर आएर चालक ढ्वाङबाट सूचना प्रसारित गर्ने ढङ्गमा कराउन थाल्छ । सबैको ध्यान उसैतिर तानिन्छ ।]

चालक– (हात हल्लाउँदै र चारैतिर फर्किंदै) बसमा बसेका सकल उत्तीसघोडा-बत्तीसघोडाहरू, सुन्नोस्, सुन्नोस् र सुन्नोस् ! यो वैकुण्ठ

एक्सप्रेस मिनिबसको म चालक हुँ र कन्डक्टर पनि। (लोफरले लगाउने क्याप देखाउँदै) यो क्याप लगाउँदा म चालक हुन्छु (क्याप लगाएर रवाफसाथ यताउति हेरेपछि) र (लगत्तै फुकालेर) क्याप फुकाल्दा कन्डक्टर। त ए उत्तीसघोडा-बत्तीसघोडाहरू सुन्नोस्, सुन्नोस् र फेरि सुन्नोस्! टोपी भनेको एउटा जादू हो, ज्यादै ठूलो जादू! यो जादू यस्तो जादू हो जसमा मानिस र उसको पहिचान फेर्ने तागत हुन्छ। क्या अचम्म, ढाका टोपी लगाउँदा जुन मानिसको पहिचान राष्ट्रिय व्यक्तिका रूपमा हुन्छ, ह्याट लगाउँदा उही मानिसको पहिचान अन्तर्राष्ट्रिय व्यक्तिका रूपमा हुन्छ। अनि यो क्याप ढल्काउँदा (क्याप लगाएर फ्यास्स हाँस्दै) मानिस लोफरका रूपमा देखापर्छ। त ए उत्तीसघोडा-बत्तीसघोडाहरू, सुन्नोस्, सुन्नोस् र फेरि पनि सुन्नोस्! (क्याप फुकाल्दै) अब म कन्डक्टर बनेर तपाईंहरूको टिकट जाँच्छु। सबैजना टिकट झिकेर हातहातमा लिनोस्, हातहातमा।

[चालक टिकट जाँच्न व्यस्त हुन्छ। प्रिया मुख ढाक्ने गरी 'न्यूजवीक' पत्रिका फिंजाएर बसेकी। उसका छेउमा बसेको प्रेम एक कोसा केरा बडो सानसाथ छोडाउँदै गरेको।]

प्रेम– ('केराको बोक्रो छोडाउँदै प्रियातिरको झ्यालबाट बाहिर टाढा हेरेर मख्ख पर्दै) आहा! (लगत्तै अलिक उचालिएर पत्रिकाभित्र चिहाई प्रियाको अनुहार हेरेर झन् मख्ख पर्दै) ओहो!

प्रिया– (पत्रिका हटाएर रीसले हेर्दै) अब के हो?

प्रेम– (हत्तपत्त फेरि टाढा हेर्दै) आहा!

प्रिया– (झुतुक्क भएर पत्रिका बन्द गर्दै) के रे?

प्रेम– (केराको आधी छोडाएको बोक्रा साटसुट्ट बन्द गरेर) बाफ्रे! (लगत्तै टाढा औंल्याउँदै) मैले · मैले···त ऊ त्यस सुन्दर, शान्त र विशाल पहाडलाई भनेको, (जम्मै दाँत देखाएर) पहाडलाई! (गम्भीर भएर) ऊ त्यो पहाडलाई! (प्रियाले त्यता हेरेपछि उसलाई हेर्दै) आहा!

प्रिया– (तुरुन्त मुन्टो फर्काएर झोंक्किँदै) फेरि आहा!

प्रेम– (लामो बास्ना लिएर गोजीमा केरा राख्दै) आहा ! (अलमल्ल परेर कपाल कन्याउँदै) अँ, मैले त्यस पहाडलाई आहा भन्दा मैसापलाई यति डाहा किन ?

प्रिया– (झर्केर) म मैसाप होइन प्रिया हुँ, प्रिया !

प्रेम– (मुद्धबुद्ध भएर) कसकी प्रिया ? (ओठमै अलिकति हाँस्छ ।)

प्रिया– (जङ्गिदै) म कसैकी प्रिया होइन, मेरो नाम प्रिया हो र प्रिया यस्ती जिनिस हो जसले तिमी जस्ता सुकिला गुन्डाका सारा आन्द्राभूँडी राम्ररी बुझेकी छे, बुझ्यौ ! (फ्याटफ्याट गरेर पत्रिका पल्टाउन थाल्छे ।)

प्रेम– (तर्सेजस्तो गरेर) बाफ्रे, आन्द्राभूँडी समेत देख्न सक्ने एक्सरे मेसिन ! (दुवै हात जोडेर मुसुमुसु हाँस्दै) हे अन्तर्यामी प्रिया, नाम बताएर आफ्नो परिचय दिने कृपा गरेकोमा मेरो डेढ कोटी धन्यवाद !

प्रिया– (पत्रिकाबाट आँखा नउठाई) त्यस्तो डेढ कोटी धन्यवादलाई डेढ कोटी मुर्दावाद ।

प्रेम– (जोसका साथ नारा लगाउँदै) यति मीठो मुर्दावाद… (आफैं नाराको जवाफ दिदै) बाँचीऽऽऽ रहोस् ! (दोहोऱ्याउँदै) यति मीठो मुर्दावाद, बाँचीऽऽऽ… !

प्रिया– (चेताउनी दिने ढङ्गमा) हल्ला होइन !

प्रेम– (आफ्ना कान समाउँदै) पटक्कै होइन ! (कानबाट हात झिक्तै) तर रीसमै भए पनि तिमीले मलाई तिमी भनेर अपनत्वको जुन न्यानो छहारी प्रदान गऱ्यौ त्यसका निम्ति फेरि एकपटक छोटो-मीठो धन्यावाद !

प्रिया– (अरुचिका साथ) म रुचाउन्न यस्तो कृपावाद !

प्रेम– यो कृपावाद होइन, (कर्के आँखाले हेर्दै) नातावाद हो । (एक छिन पर्खिंदा पनि कुनै प्रतिक्रिया नआएको हुँदा उसतिर अलिक ढल्केर) तिमीले आफ्नो नाम बताएर परिचय दिएको नाताले… हो त्यसै नाताले मैले पनि नाम बताएर आफ्नो परिचय दिनु मेरो कर्तव्य हुन जान्छ । (कपाल कन्याउँदै) म… म…प्रेम !

प्रिया– (मुख बिगारेर) शेम !

प्रेम– शेम होइन प्रेम भन्या, प्रेम !

प्रिया– के प्रेम ?

प्रेम– म प्रेम, मेरो पूरा नाम प्रेमप्रकाश 'प्रवासी' ।

प्रिया– (नाक खुम्चाउँदै) छिछि, कसैले च्यै भनोस् कि नभनोस् उसै पुछर डोलाउँदै (मुख बिगारेर) मेरो नाम परेम्परकास् परवासी ।

[प्रिया निधारभरि गाँठा पारेर बाहिर हेर्छे । हिप्पी युवकले बेसरी गिटार घन्काउँछ । चर्को स्वर सुनेर पहिला प्रेमले झर्को मान्छ, तर पछि गोजीबाट अघिको केरा झिकेर गिटारका तालमा विभिन्न मुद्रा बनाउँदै खाइरहन्छ । प्रियाले हाइसन्चो मान्छे । उसका निधारमा परेका गाँठाहरू फुक्तै जान्छन् । केही बेरपछि गिटारको स्वर मध्धर हुन्छ र खुसीराम जुरुक्क उठ्छ । उठ्दा उसले आफ्नो टाउको बसको छानामा ठोकिएको जस्तो गर्छ । उसले सर्कसमा जोकरले प्रयोग गर्ने गोलभेंडा जस्तो रातो नाक लगाएको । उसले त्यो नाक झिक्ने र लगाउने गरिरहन्छ ।]

खुसीराम– (टाउको मुसार्दै त्रिलौने स्वरमा) बाप रे बाप; कस्तो धडामसित मुडी ठोकाइगो । (गोलभेंडे नाक झिकेर टाउको झट्कार्दै) ओहो, अहिलेतक झनझनाइरहेको छ नि ! (फेरि नठोकियोस् भनेर टाउको निहुराई यताउति हेरेपछि गिटार बजाउँदै गरेको हिप्पी युवकसंग) अरे बाजावाले भाइ, थोडा देर बाजा टुनटुनाउन बन्द गरिहाल्नोस् न । (उसले बजाउन बन्द गरेपछि सन्चो मान्दै र चालकलाई बोलाउँदै) अरे ओ गाडीवाले बाबु, झट्टसित एक दफा यता यानेकि मेरो पासमा आइजानुस् । (उसले ध्यान नदिएको हुँदा नाक लगाउँदै र कुरामा जोड दिंदै) आइजानुस् न भलामान्छी, मलाई औटा बडा जरुरी बात सोधनु परेको छ ।

चालक– (टिकट जाँच्दाजाँच्दै उसका छेउमा आएर) भन्नोस्, फर्माउनोस्, काम बताउनोस्, श्रीमान् उत्तीसघोडा-बत्तीसघोडा !

खुसीराम– (छक्क पर्दै) अरे भलामान्छी, यो बसमा पनि घोडासोडाको के बात नकबकाएको ?

चालक- बकबकाएको होइन, गुरुमन्त्र 'उत्तीसघोडा-बत्तीसघोडा, उत्तीसघोडा-बत्तीसघोडा' जपेको । अँ, मलाई किन बोलाएको ?

खुसीराम- (नाक झिक्दै) अरे औटा बात सोधनु परेको छ, और किन ?

चालक- कस्तो बात, उत्तीसघोडा-बत्तीसघोडा ! कहीं बात गर्दा भात लाग्ने बात त होइन ?

खुसीराम- बात यो छ बत्तीसघोडावाले भाइ, यो जो बस हो तो कति बजेमा खुलेर यहाँबाट सरसराएर जाइजान्छ होला ?

चालक- (घडी हेर्दै) दस मिनेटमा ! ठीक पौने सातमा गटटट गरेर उत्तीसघोडा-बत्तीसघोडा हुन्छ ।

खुसीराम- (आफ्नो घडी हेर्दै) मेरो घडीमा तो पौने सात बजेर एक मिन्ट लाँघी पनि गयो तो !

चालक- (उदेक मान्दै) पौने सात बज्यो अरे ! ए उत्तीसघोडा-बत्तीसघोडा, त्यसो भए त्यो सीको घडी होइन होला !

खुसीराम- (झर्केर) क्या बात गर्छ भलामान्छी, (घडी भएको हात चालकका सामु तेर्स्याउँदै) यो घडी सीको छैन भने के पिन्डालु उसिनेर पिच्काएको ढीको छ तो ? (नाक लगाउँछ ।)

चालक- (हेर्दै मुख बिगारेर) उस्, हजुरबा गडेलको सीको ! यस्तो बूढो घडी देखाउँदा लाज हुन्छ ए बत्तीसघोडा !

खुसीराम- अरे भलामान्छी, घडी जो हो (नाक झिकेर लगत्तै लगाउँदै) छोप्ने सामान हो जो देखाउँदा लाज लागिजान्छ !

चालक- लाज लाग्दैन भने घडी हेरेर बसिरहनोस् । (काँध उचालेर जाँदै) क्या फसाद छ, उत्तीसघोडा-बत्तीसघोडा !

खुसीराम- (चालक त्यहाँबाट हिंडेको हुँदा झोकिएर नाक झिकी हिप्पीसंग) ओफ्फो बाजावाला भाइ, फेरि जोडसंग बाजा किन टुनटुनाएको ?

[हिप्पी युवकले जिस्काउने मुद्रामा झन् जोडसंग गिटार बजाउँछ । खुसीराम रिसाएर आगो हुन्छ र ठुसुक्क परेर बस्छ । ऊ बसेपछि गिटार बज्न छाड्छ । चालक फेरि टिकट जाँच्न व्यस्त । केरा खाइसकेको हुँदै प्रेम बीको पर्याकन खोज्छ, तर त्यसो नगरी हातमै खेलाउन थाल्छ ।]

प्रेम– (केराको बोक्रा खेलाउँदै) आहा !

प्रिया– (रीसले पर्लक्क आँखा पल्टाएर) फेरि आहा र उहू !

प्रेम– (खेलाउँदै गरेको बोक्रालाई तुलुङ्ग झुन्डचाएर) यस पटक पहाड-लाई होइन, गिटारको मीठो सङ्गीतसंग खाएको मीठो केराको सम्झनामा डकार आउन खोजेकाले आहा भनेको !

प्रिया– (झोक्किंदै) सङ्गीतलाई, केरालाई कि केलाई भनेको हो, सब मलाई थाहा छ !

प्रेम- (मुसुक्क हाँसेर) सत्तो थाहा छ ! तर भ्रम नपरोस्, मैले तिम्रो दिव्य, भव्य र मोहक मुहारको मुहुनीमा मोहित भएर आहा भनेको होइन नि !

प्रिया– जान्ने भएर वढी बाठो नहोऊ। (आजित मानेर) थोत्रो क्यासेट जस्तो टचाउँटाचउँ गरेर कस्तो कान खाएको होला !

प्रेम– पहाडलाई आहा भन्दा पनि रिसाएर हाड भँदिने ! अनि सङ्गीत र केरालाई आहा भन्दा पनि रिसाएर शीत भँदिने ! (अलमल्ल परेर) अब के गर्ने ? (आफैं) खोइ के गर्ने ? केराको बोक्रा नियाल्दै) यही खाने !

[प्रेमले केराको बोक्रा मुखमा हाल्छ र सारै दयनीय पाराले चपाउँछ। उसले त्यसो गरेको प्रियाले सारै विद्रूप मानेर हेर्छे।]

प्रिया– (विद्रूपमै) पशु, पूरै पशु !

प्रेम– (अँजुली थापेर मुखको बोक्रा ओकलेपछि) तर पुछर उम्रेको जङ्गली पशु होइन, पुछर सफाचट भएको सभ्य र सामाजिक पशु, ए सोसल एनिमल !

प्रिया– पशु भनेको पशु हो, त्यसको हल्लाउने पुछर होस् अथवा त्यो पुछर विनाको बुचो होस् !

प्रेम– (अँजुलीको बोक्रालाई कसो गरूँ भन्ने अलमलका साथ) हल्लाउने पुछर हुनुले र नहुनुले ठूलो फरक पार्छ। (प्रियातिर हेरेर) पुछरको आकार-प्रकार कस्तो हुन्छ, थाहा छ ?

प्रिया– पुछरको आकार पनि पुछर जस्तो हुन्छ र प्रकार पनि पुछर जस्तो हुन्छ, अरू कस्तो हुन्छ ?

प्रेम– (एयरब्यागबाट अखबार झिकेर त्यसमा केराको बोक्रा पोको पार्दै) पुछरको आकार कोर्रा जस्तो हुन्छ, टुइँक्क घुमेको कोर्रा जस्तो ! (प्रियातिर पुलुक्क हेर्दै) र… र कोर्रा भनेको के हो, थाहा छ ?

प्रिया– (च्याँठिएर) कोर्रा भनेको कोर्रा हो, तिमी जस्तालाई साफसंग चुटेर तह लगाउने साधन ।

प्रेम– तिम्रो भनाइमा केही सत्य त छ, तर पूरा सत्य छैन । हेर प्रिया, कोर्रा भनेको शक्तिको प्रतीक हो, बलको चिनो हो ।

प्रिया– हो भने हो, कुरा सकियो ! (फर्केर बाहिरतिर हेर्छे ।)

प्रेम– प्रिया, पुछरको शक्ति-कोर्रा हल्लाउने सुविधा पाएरै जङ्गली पशु एकदमै मैमत्ता र भँफट्टा भएका हुन्. (हाँस्दै) अचेलका टिमुरिएका हाकिमसाकिम जस्तै क्या ! (जहाँ खस्छ खसोस् भनेर बोक्राको पोको उफार्दै र प्रियाले हेर्नासाथ डरलाग्दो मुखमुद्रा बनाउँदै) त्यसैले पुछरवाल मैमत्ता पशुले देख्नासाथ सौन्दर्यलाई हाम्दै खान्छ र मन्याकमन्याक चपाएर नास्छ, जस्तै… (उफारेको पोको पछाडि जसमाथि खस्छ ऊ जङ्गिए तापनि वास्ता नगरी मुसुक्क हाँसेर) जस्तै बगैंचालाई गुल्जार पारेर फक्रेको रमाइलो गुलाफको सुन्दर थुँगालाई देख्नासाथ हानिँदै गएर बोकाले कन्यामकुरुम्मै चट पार्छ । (कमेजको कठालो तामतुन पारेर गमक्क पर्दै) तर पुछर नभएको सामाजिक पशुले चाहिं सौन्दर्यलाई त्यसरी कहिल्यै खाँदैन, आँखाद्वारा त्यसको मनभरी पान मात्र गर्छ, जस्तै…(प्रियाका मुखमा नजर गडाएर) अहिले म यस बसरुपी बगैंचामा मगमगाउँदो एउटा सुन्दर गुलाफ…मेरो मतलब गुलाफ समान तिम्रो सौन्दर्यको…!

प्रिया– (एकै पटक विस्फोटित भएर) कस्तो थेत्तर, मुखै च्यातचुत पारेर कालो कुकुरलाई घिच्न दिनु जस्तो !

प्रेम– (खित्का छाडेर हाँसिपछि) पहिला तिमीले मलाई पशु बनायौ, अहिले चाहिं पशुले घिच्ने आहारा बनायौ, क्या गजप !

प्रिया– गजपसजप केही होइन, तिमी पशु हौ र पूरै पशु हौ ।

प्रेम– (हाँस्दै) अन्याय, घोर अन्याय ! हामी सबै बाँदरका हाँगाबिगा हौं भने म मात्र पशु किन ?

प्रिया– (कडा स्वरमा) हामी सबै होइनौं, तिमी एक्लै पशु हौ !

प्रेम– म एक्लै पशु अरे ! थाहा छ, हाम्रो रक्षा कसले गर्छन् ?

प्रिया– थाहा छ, हाम्रो रक्षा पशुपतिले गर्छन् ।

प्रेम– (हलुका पाराले) हामी सबैको रक्षा पशुपतिले गर्छन् भने म एक्लै पशु किन ? (मुसुक्क हाँस्दै) प्रिया, हामी सबै पशु भएनौं र ?

प्रिया– हामी सबैमा तिमी विशेष र विशुद्ध पशु हौ ! अब चुपचाप लागेर आफ्ना सीङ र पुछर सुमसुमाइरहू ।

प्रेम– विशेष र विशुद्ध पशु त वैकुण्ठ एक्सप्रेसको अनौठो र रहस्यमय यात्रामा हिड्न तम्सेका हामी सबै हौं ! कहिलेकाहीं मलाई लाग्छ, यो वैकुण्ठ एक्सप्रेस एउटा ठूलो जाल हो र यस जालमा परेर हामी मानिसहरू पशु बन्ने नियतितर्फ लम्किंदै छौं । तिमीलाई थाहा छ, वैकुण्ठ कहाँ छ ?

प्रिया– जहाँ यो बस जान्छ !

प्रेम– यो बस कहाँ जान्छ ?

प्रिया– जहाँ वैकुण्ठ छ !

प्रेम– यो अस्पष्टता एउटा गोलमाल हो र यस गोलमालले के बताउँछ भने हामी यस बसबाट वैकुण्ठ होइन, सोझै पशु अर्थात् मूढ बन्न जाँदैछौं ।

प्रिया– बढी दर्शन छाँट्नु पर्दैन ! त्यस्तो लाग्नेले नजानु नि, किन जानु पऱ्यो ?

प्रेम– कारण छ, (छड्के पाराले हेर्दै) भनूँ !

प्रिया– भन ।

प्रेम– छेउमा कोही जस्तै जस्तै'''म''' नहुँदा तिमीलाई न्यास्रो र नरमाइलो लाग्ला कि भनेर !

प्रिया– (एकदमै झोक्किएर) बढी नहोऊ है, वार्निङ !

[प्रिया रिसाएर आगो भएकी हुँदा प्रेम लोप्रेकान लगाएर अर्कोतिर फर्किन्छ र उपरखुट्टी लगाएर खुट्टा हल्लाउँदै पछिल्तिर हेर्न थाल्छ । चालक टिकट जाँच्ने काम सकेर पछक युवक मर्कोसिहुका छेउमा आउँछ ।]

चालक– (मर्कसिहसंग) श्रीमान् उत्तीसघोडा-बत्तीसघोडा, के अझै पनि निस्केन टिकट ?

मर्कसिह– (कमेजका गोजीहरू छाम्दै मुख बिगारेर) समस्या पऱ्यो विकट ! (प्यान्टको गोजी छाम्दै) मेरा क्लबमा पङ्कहरू त भन्थे, (भनेको कुरो सुनाउने ढङ्गमा) मिस्टर प्रेसिडेन्ट अफ पङ्कर्स क्लब, बाटामा टिकट खूबै जोगाएर राख्नुहोला है ! (छिटोछिटो गोजीहरू छाम्दै आत्तिएको स्वरमा) मारेन अब, माथि पनि छैन, तल पनि छैन ! (थाप्लामा हात राख्दै) खाइस् मिस्टर प्रेसिडेन्ट, तँले गोता !

चालक– गोजीबाट ख्यास्स टिकट झिकेर दिन पनि बच्चा पाउन जस्तो कस्तो बेर ?

मर्कसिंह– नकराउनोस् धेर ! (झोक्राउँदै) मेरा क्लबका पङ्कहरू त भन्थे, (भनेको कुरो सुनाउने ढङ्गमा) मिस्टर प्रेसिडेन्ट, टिकट नारीघडीमा सिउरेर राख्नु होला है। (झल्यांस्स भएर खुसी हुँदै) ओहो, नारीघडी ! (नारीघडीमा सिउरेको टिकट झिकेर दिँदै) ल हेर्नोस् टिकट र··र – (सानसंग) के याद राख्नोस् भने यो प्रेसिडेन्ट अफ पङ्कर्स क्लब कहिल्यै पनि बिना टिकट हिँड्दैन।

चालक– (टिकट लिएर हेर्दै) प्रेसिडेन्ट अफ उत्तीसघोडा-बत्तीसघोडा, कहाँ जाने ?

मर्कसिह– (हाँसेर) जहाँ यो बस जाने !

चालक– (टिकटमा पढ्दै) वैकुण्ठ हो ?

मर्कसिह– नत्र के बुढानीलकण्ठ हो त ?

चालक– (टिकट फिर्ता दिँदै) राख्नोस् उत्तीसघोडा-बत्तीसघोडा !

मर्कसिंह– (टिकट पट्याएर नारीघडीमा सिउरिन लाग्दा रोकिएर) ए प्रेसिडेन्ट अफ पङ्कर्स क्लब, तँ अर्कालि बताएको थोत्रो-पुरानो बाटामा किन आँखा चिम्लेर हिँड्छस् ? (रमाउँदै) हो म, म··· म···(टिकटलाई बेरेर चुरोट जस्तो बनाउँदै) टिकट जोगाएर राख्ने नयाँ चलन चलाउँछु, (ओठमा चुरोट च्यापे झैं टिकट च्यापेर सानसंग) नयाँ चलन !

[मर्कसिंहले ओठमा चुरोट झैं टिकट च्याप्नासाथ बालकले लाइटर बाल्छ र सल्काइदिन्छ। गिटार बेपत्तसँग चर्को भएर बज्छ। मर्कसिंहले पहिला एकदुई सर्को बडो स्वाद मानेर तान्छ, तर पछि खोकी लागेर ऊ दोहोरो पर्छ। गिटार मध्धर हुन लागेपछि चालक ढ्वाङमा कराउन थाल्छ। सबैको ध्यान उसैतिर तानिन्छ।]

चालक- (हात हल्लाउँदै र चारैतिर फर्किंदै) बसमा बसेका सकल उत्तिसघोडा-बत्तीसघोडाहरू, सुन्नोस्, सुन्नोस् र सुन्नोस्! टिकट जाँच्ने काम सकियो। (क्याप लगाउँदै) अब म कन्डक्टरबाट चालक बन्छु र बस हाँक्छु। त ए उत्तीसघोडा-बत्तीसघोडाहरू, सुन्नोस्, सुन्नोस् र फेरि सुन्नोस्! गाडी हाँक्ने मेरो लामो अनुभव छ, सारै लामो अनुभव छ। ढुक्क रहनोस्, म यस बसलाई पानी झैं बगाएर अनि हावा झैं उडाएर लैजान्छु। त ए उत्तिसघोडा-बत्तीसघोडाहरू, सुन्नोस्, सुन्नोस् र फेरि पनि सुन्नोस्! (हाँस्दै) के सुन्नोस् भने तपाईंहरूको यो यात्रा आरामदायक होस्, रमाइलो होस्, शुभ होस् र मङ्गलमय होस्!

[चालक आफ्ना सीटमा बस्छ र बस चालू गर्ने उपक्रम गर्छ। रातो बत्ती निभेर हरिया बत्ती बल्छन्। बस हिंडेको भाव व्यक्त गर्दै ऊ स्टियरिङ चलाउन थाल्छ। साथै उसले बेलाबेला बाटामा ठूलो खाडल, मोड आदि आएको र तर्र्याएको, अनि विपरीत दिशाबाट आउने गाडीका चालकसँग भलाकुसारी गरेको भाव व्यक्त गर्छ। पात्रहरूको गतिविधि पनि तदनुरूप हुनुपर्छ, जस्तै बस मोडिंदा सो दिशामा ढल्किदिने आदि। आफ्नो बानीअनुरूप चालकले बेलाबेला 'उत्तीसघोडा-बत्तीसघोडा' भन्ने गर्छ। प्रिया, अझै झ्यालतिर फर्केकी र प्रेम अझै अर्कोतिर मुख गरी उपरखुट्टी लगाएर बसेको।]

प्रेम- (उपरखुट्टी लगाएको खुट्टो झारेर प्रियातिर फर्किंदै) क्या मजाले बस हिंडेको हगि?

प्रिया- (दिक्दार मानेर) तिमी चूप लागेर बस्न जान्दैनौ कि क्या?

प्रेम- (एकपछि अर्को गरी दुई औंला ठड्याउँदै) हैं अँ...! (प्रिया-

को मुखमा हेरेर) अँ हो, मेरा सबैभन्दा ठूला कमजोरी दुई ! (ठड्याएकामध्ये एउटा औंलो भाँच्दै) एक, टम्म थुतुनो टाली गुत्थ परो बोल्दै नबोली बस्न नसक्नु । (अर्को औंलो भाँच्दै) दुई, धरतीको सलक्क परेको गालामा डन्डीफोर झैं पुक्क उक्सेको पहाड देख्नासाथ त्यसैत्यसै भावनामा बग्नु । (भाँचेको औंलालाई सोझ्याउँदै) पहाडका नाममा अग्लो ढिस्को देखेपनि प्रशंसाको डिस्को सङ्गीत मेरा मुखबाट आफैं उर्लिन थाल्छ, (सारेगमको लय हालेर) आहाहा ·· !

प्रिया– (बीचमै) पहाडपहाड भनेर अझै तिमी आफ्नै एकसुरे शङ्ख फुक्तैछौ, तर म तिम्रो नक्कली पहाडी पुकारबाट झुकिन्न भन्या !

प्रेम– (नक्कली गम्भीरताका साथ) नपत्याउनु महारोग हो र यो महारोग पाल्ने महारोगीलाई रामराम भन्न सकिन्छ, काँध थाप्न सकिन्न ।

प्रिया– (पूरै जङ्गिदै) तिमीले मलाई कोर फुटेर स्याउँस्याउँती कीरा परेको महारोगी ठानेका ! (चेतावनी दिंदै) हेर प्रेम !

प्रेम– (उसका आँखामा हेर्दै) हेरें, आहा !

प्रिया– (भड्केर) बेसोमत, एकदमै बेसोमत ! यस्ता बेसोमतलाई त !

[हिप्पी युवकले एकदमै चर्को स्वरमा गिटार बजाउँछ । प्रिया रीसले दारा किट्दै रौद्र मुखाकृतिका साथ ठूलाठूला आँखाले प्रेमलाई हेर्छे । प्रेम चाहिं पहिला हेर्न नसकेको जस्तो गरी दुवै हातले आँखा छोप्छ, अनि बिस्तारै औंलालाई यताउति सारेर प्रशंसात्मक दृष्टिले उसको रौद्र रूपलाई मजा मानेर हेरिरहन्छ । उसको त्यस्तो चाला देखेर प्रिया परक्क मुन्टो बटारी बाहिरतिर हेर्न थाल्छे । गिटार उच्च स्वरको चरममा पुगेर एक्कासि रोकिन्छ ।]

प्रेम– (मुखबाट हात झिक्दै) बेसोमत भनेपछि मैले पनि किन सोमत देखाउनु ? (लाडे स्वरमा) त्यस अग्लो पहाडलाई म फेरि आहा भन्छु के !

प्रिया– (बाहिर हेर्दै गरेको स्थितिमा अशान्त भएर) अब म सहन्न है, पटक्कै सहन्न !

प्रेम– (सम्झिदै) प्रिया, एक पटक…!

प्रिया– (झस्किदै) के एक पटक ?

प्रेम– एक पटक…आजभन्दा एक सय एक दिन पहिला एक पटक, यो सानो जीवनमा जम्मा एक पटक (आफैं मुग्ध हुँदै) एउटा चरी-जस्ती, परीजस्ती, कस्तीकस्ती सुन्दर कन्यालाई मैले भनेको थिएँ… !

प्रिया– (व्यङ्ग्यात्मक स्वर)…तिमीले भन्यौ होला, (ताली पड्किने गरी दुवै हात जोडेर) हे आमा !

प्रेम– (सचेत भएर) आमा होइन, मैले भनेको थिएँ आहा !

प्रिया– खूब राम्रो काम गर्‍यौ, (मुख बिगार्दै) हाहा !

प्रेम– स्वाहा ! तर त्यस्तो राम्रो काम गरेबापत मैले पाएँ त पाएँ के पाएँ ? (पछुताउँदै) धोका, ठूलो धोका, धेरै ठूलो धोका !

प्रिया– (उपेक्षाभाव) धोकाको ढोका ठूलै हुन्छ !

प्रेम– त्यसैले एक सय एकदिन पछि अहिले चरीजस्ती, परीजस्ती, कस्तीकस्ती अर्की सुन्दर कन्यालाई – मेरो मतलब तिमी कन्यालाई आहा भनेर कुहिएको जाँडजस्तो डुङ्ग गनाउने धोका फेरि खाने र तनमनमा ग्यास्ट्रिक बढाएर अमिलोझुसिलो डकार निकाल्ने साहस ममा छैन, (थाके जस्तो गरेर) एकदम छैन !

प्रिया– (व्यङ्ग्यात्मक स्वर) जो त आफैं धोकाको सक्कल बमोजिमको दुरुस्त नक्कल देखिन्छ त्यसले त खान्छ धोका ! यस्ताले पनि धोका खाए भने त खुद धोकालाई नै लाजमर्दो हुन्न र ।

प्रेम– तिमीले रीसजति आफ्ना आँखामा पोको पारेर हेर्दा पो म त्यस्तो … धोकाको सक्कल बमोजिमको दुरुस्त नक्कल जस्तो क्या – देखिएँ हुँला ! आँखालाई मायाले अलिकति रसिलो पारेर प्रीतको रीतले हेरिदिए त त्यस्तो देखिन्न होला नि ! (टुलटुलु हेर्छ ।)

प्रिया– मसंग यस्ता छिल्लिएका कुरा गर्‍यौ भने ठीक हुन्न ! म…म… (रीसले बटारिन थाल्छे) ।

प्रेम– आफ्नो पुर्पुरो नै पाकेर थाकेर बएलिएर सडेको फर्सीभन्दा पनि

खराब ! उहिले एक सय एक दिन पहिला एउटी कन्यालाई आहा भन्दा एक धार्नी साबुनको डल्लो जत्रो धोका कुप्लुक्क, आज एक सय एक दिनपछि ऊ त्यस घोरमुखा पहाडलाई आहा भन्दा पनि उही धोकाको डल्लो किक्लिक्, किक्लिक्, किक्लिक्...!

[किक्लिक-किक्लिक सुनेर पीएले आफ्नो तुम्लेटको बिर्को छिटो खोल्छे र उभिएर प्रेमका मुखमा लाइदिन्छे । तुम्लेट समातेर प्रेम रोकिईरोकिई र रमाईरमाई पानी घुट्क्याउन थाल्छ । प्रेमतिर अनि पीएतिर रिसाएका आँखाले पल्याकपुलुक हेरेर प्रिया फ्याटफ्याट पत्रिका पल्टाउन थाल्छे । तुम्लेट फिर्ता लिन उभिएकी पिएतिर जीएम्ले पुलुक्क हेर्छ । युवक भए पनि दार्शनिक जस्तो देखिने जीएम् विचारपूर्ण मुद्रामा पाइप तान्दै र धुवाँ छाड्दै हुन्छ । चिविङ्गम फुलाउने, फुटाउने र चपाइरहने पीएको बानी ।]

जीएम्– (मुखमा पाइप च्यापेरै) मिस पिए !

पीए– (फुलाएको चिविङ्गम सट्ट मुखभित्र तान्दै) हजुर, जीएम् सर !

जीएम्– (धुवाँ फाल्दै) अलका खोइ नि ?

पीए– (वस्दै मुस्कुराएर) म यहीं त छु नि सर !

जीएम्– (पाइप हातमा लिएर) हो त, म पनि कस्तो एबसेन्ट माइन्डेड, (हाँस्दै) एक नम्बरको भुलक्कड !

पीए– (चपाउँदै) सरले एबसेन्ट माइन्डेड भन्दा मैले एउटा पुरानो जोक पो सम्झें, भनूँ सर !

जीएम्– आइ लाइक जोक्स । (यताउति खोज्दै) तर" तर"' मेरो पाइप खोइ ?

पीए– (यताउति हेर्दै) पाइप ? (उसका हातमा देखेर हाँस्दै) ऊ. सरकै हातमा त छ नि !

जीएम्– (हाँस्दै) हो त ! (पाइप मुखमा च्याप्दै) अँ, तिम्रो जोक भन।

पीए– नाइँ सर, म भन्दिन ।

जीएम्– (धुवाँ फाल्दै) किन ?

पीए– जोक सुनेर सर रिसाउनु हुन्छ कि !

जीएम्– डराउनु पर्दैन मिस अलका, निर्धक्क भएर भन ।

पीए– त्यसो भए भनूँ है त !

जीएम्– ढुक्क भएर भन ।

पीए– एकादेशमा नि सर, एउटा थियो प्रोफेसर ।

जीएम्– (पाइप तान्दै) ओके !

पीए– त्यो प्रोफेसर नि सर, सारै भुलक्कड थियो, सारै भुलक्कड ।

जीएम्– (धुवाँ फाल्दै हाँसिर) म जस्तै !

पीए– हो सर, (लगत्तै जिब्रो टोकेर) होइन सर !

जीएम्– (रमाउँदै) अनि ?

पीए– अनि नि सर, एक दिन त्यो भुलक्कड प्रोफेसर क्याम्पसमा पढाउने काम सकेर, लखतरान परेर लट्ठी हल्लाउँदै-हल्लाउँदै घर फर्क्यो ।

जीएम्– आफ्नै घरमा फर्क्यो कि बिर्सेर अर्काका घरमा पस्यो ?

पीए– आफ्नै घरमा सर ! अनि नि सर, आफ्नो बैठक कोठामा आएर त्यस भुलक्कड प्रोफेसरले आफू बस्ने सोफामा चट्ट लट्ठी राख्यो र आफू चाहिं सधैं लट्ठी राख्ने कुनामा गई लट्ठी झैं अररो भएर ठडियो ।

जीएम्– (मरीमरी हाँस्दै) त्यस भुलक्कडले लट्ठीलाई आफू र आफूलाई लट्ठी ठानेछ क्यारे, हो ?

पीए– एक्‌ज्याक्टी सर, त्यस्तै हो ! लट्ठी भएर एक छिन धुमधुमती उभिएपछि नि सर, त्यस भुलक्कड प्रोफेसरका आँखा सधैं लट्ठी ठड्याउने ठाउँमा अर्थात् आफू छेउको कुनामा गए । रित्तो कुनो देखेपछि नि सर, उसले बडो अचम्म मानेर सोच्यो (स्वरलाई मोटो र खस्रो पारेर) 'अरे, मलाई यहीं छाडेर आज लट्ठी एक्लै कता डुल्न हिंडेछ ! (हाँस्छे ।)

जीएम्– (संगसंगै हाँस्दै) गुड जोक, राम्रो लाग्यो !

पीए– धन्यवाद सर !

जीएम्- (पाइप तान्दै) धन्यबाद, धन्यवाद ! (धुवाँ फाल्दै सम्झेजस्तो गरेर) अलका, मिस पीए खोइ नि ?

पीए- (छक्क पर्दै) ल, म पीए होइन र सर ? (चिविङ्गम चपाउँदै) नाम अलका, काम पीए ।

जीएम्- म पनि कस्तो एवसेन्ट माइन्डेड, पूरै भुलक्कड ! (धुवाँ फाल्दै) हो त, तिम्रो नाम अलका र अलका चाहिँ पिटपाट एड्भर्टाइजिङ एजेन्सीको जीएम् (हातमा पाइप लिएर त्यसद्वारा आफूतिर सङ्केत गर्दै) यस मनोहर कुमारकी पीए ।

पीए- पिटपाट एड्भर्टाइजिङ एजेन्सी होइन सर, टिपटाप एड्भर्टाइजिङ एजेन्सी ।

जीएम्- (विस्मात मान्दै) मैले टिपटापलाई पिटपाट भनें र ? (पाइप मुखमा राख्छ ।)

पीए- हो सर, (चिविङ्गम छिटोछिटो चपाएर) सर, मैले भन्न थालेको जोक सकिएको छैन, पूरा गरूँ !

जीएम्- भन न, आइ एन्ज्वाय जोक्स भेरी मच ! अलका, जोक भन्नु भन्दा पहिला मेरो पाइप देऊ त !

पीए- पाइप त सरकै मुखमा छ नि !

जीएम्- (मुखबाट पाइप झिकेर हाँस्दै) सरी मिस ! ल अब तिम्रो जोक पूरा गर ।

पीए- त्यसपछि एकादेशको त्यस भुलक्कड प्रोफेसरले नि सर, कुनामा ओर्कीफर्की धुइँधुइँती लठ्ठी खोज्यो, तर लठ्ठी नभेटेर नि सर, त्यो सारै निराश र उदास भयो !

जीएम्- (चुकचुकाउँदै) विचरो प्रोफेसर !

पीए- त्यसै बखत नि सर, त्यसको आँखा सोफामाथि ढलक्क ढल्केको लठ्ठीमा पऱ्यो र बडो अचम्म मानेर त्यसले फेरि सोच्यो, (मोटो र खस्रो स्वरमा) 'अरे, लठ्ठी त त्यहाँ छ, तर त्यहाँ बसेको म कता गएछु ?'

जीएम्- भेरी नाइस, सारै राम्रो जोक !

पीए- अनि नि सर, सोफाको लठ्ठीलाई ओल्टाई-पल्टाई सोफालाई पनि

झारझुर पारी त्यस भुलक्कड प्रोफेसरले त आफूलाई नै पो खोज्न थाल्यो !

जीएम्– (तानेको धुवाँ छाड्न बिर्सेर छक्क पर्दै) ए, अनि ! अनि ... त्यसले आफूलाई भेटचो त ?

पीए– पछि, धेरै बेरपछि भान्साबाट त्यसकी धम्मरधुस श्रीमती आएपछि र श्रीमतीले बेसरी हप्काएपछि मात्रै नि सर, त्यसले आफूलाई भेटचो । (हाँस्छे ।)

जीएम्– (फेरि मरीमरी हाँस्दै) भेरी गुड, अति राम्रो !

पीए– (मुखको चिविङ्गम थुक्दै) धन्यवाद सर !

[पाइप नतानिएकाले जीएम् त्यसलाई ठीक गर्न थाल्छ र पीए चाहिं चिविङ्गमको नयाँ प्याकेट खोल्न थाल्छे । प्रिया अझ रिसाएकी र पत्रिकामा घोरिएकी । प्रेम तुम्लेट समाती रनभुल्ल परेर बसेको । उसले आँखामा अलिकति पानी लाएर गालासम्म आँसु झरेको जस्तो पार्छ र चिविङ्गम चपाइरहेकी पीएलाई तुम्लेट फिर्ता दिन्छ । पत्रिका पढ्दै गरेकी प्रियातिर हेरेर एकपटक मुसुक्क हाँस्छ र तुरुन्त रुन्चे मुख लगाउँछ ।]

प्रम– (रुन्चे स्वरमा) आहाँ (सुँक्क) ! तर यस पालि (सुँक्कसुँक्क) केरालाई पनि होइन, पहाड (सुँक्कसुँक्क) लाई पनि होइन, (सुँक्क) संजोगलाई भनेको, (सुँक्कसुँक) संजोगलाई ! आहा (सुँक्क), कस्तो संजोग ! त्यसदिन... (सुँक्कसुँक्क गरिरहन्छ)

प्रिया– (रिसाएर जोडसंग पत्रिका बन्द गर्दै) हेर, तिमी आँखामा गोहीको आँसु टाँसेर फेरी मोतीटारे दाउ हान्ने बल गर्दैछौ, तर पानीको आँसुले कहिल्यै प्रभाव पार्दैन, (बेसरी टाउको झट्कारेर बाहिर हेर्दै) कहिल्यै पार्दैन !

प्रेम– (फुर्तीसाथ) पार्दैन भने नपरोस् प्रभाव, (आँखा र गालाको पानी सानसाथ पुछ्दै) म पनि पुछिदिन्छु पानीको सस्तो आँसु ! (पुछेर रवाफसाथ) यहाँ कुरो आँसुको होइन प्रिया, संजोगको हो, संजोगको !

प्रिया– (उपेक्षासाथ) आफ्नो विजोग, संजोग आफ्नै मुखमित्र थुनेर

राख, बाहिर छाद्नु पर्दैन !

प्रेम– (अनुरोध गर्दै) एक चक्की एभोमिन होला, (छाद्न खोजेजस्तो गरेर) छाद रोक्न !

प्रिया– छैन !

प्रेम– त्यसो भए (वाक्क गर्दै) छाद्छु, मेरो मतलव कुरा छाद्छु ।

प्रिया– मजाले छाद र छाद्दाछाद्दै अलिकति सिलटिम्मुर पनि खाऊ ।

प्रेम– (खिसिक्क हाँस्दै) हस् ! (सम्झेजस्तो गरेर) अँ प्रिया, संजोगको कुरा के भने त्यस दिन पनि म एउटा यस्तै मिनिबसको यस्तै सीटमा (उपरखुट्टी लगाएर खुट्टा हल्लाउँदै) यस्तै गरी बसेको थिएँ । एक्कसि वसभरि मगमग बास्ना फिजाउँदै ऊ ... (साउती गरेझैं) ऊ भनेको उही चरीजस्ती, परीजस्ती, कस्ती-कस्ती सुन्दर कन्या क्या ... टुप्लुक्क आइपुगी र अहिले तिमी बसेको जस्तै गरी मेरा छेउमा खुरुक्क बसी ।

प्रिया– (व्यङ्ग्यात्मक ढङ्गमा) कुन सीटमा केटी बस्छे भनेर ढुक्क माछा ढुक्ने तिमी बकुल्लाहरूको जम्मै आनीबानी मलाई बेसरी थाहा छ !

प्रेम– थाहा किन नहुनु, (उसतिर र आफूतिर देखाएर) माछा र बकुल्लाको सम्बन्ध एकदिन-दुईदिनको भए पो ! तर प्रिया, त्यस दिन म ढुक्क ढुकेर होइन, आपना सीटमा पयास्स फुकेर यसरी बसेको थिएँ । (प्रियाले गर्दन टेढो पारेर तीखा आँखाले उसको बसाइ हेर्नासाथ) ऊ बसेपछि पहिला मैले उसलाई तलदेखि माथिसम्म नियालें, अनि मधुर स्वरमा अलापें ... ।

प्रिया– (मुख बिगारेर) आहा भन्न जानेको छ, त्यही त होला नि तिम्रो अलाप कि विलाप !

प्रेम– (उत्साहित भएर) एकदम ठीक, मैले उसका आँखामा गहिरो गरी हेरेर लामो सास तान्दै भनें आहा ! थाहा छ, उसको के जवाफ थियो ?

प्रिया– उसको जवाफ तिम्रा गालामा पाँचै औंलाका मोटा र बाक्ला सुम्ला उठ्ने गरी थप्पड हुनु पर्छ । त्यसपछि तिमी चाहिं

रनथनिएर 'धोका खाएँ' ठूलो धोका खाएँ, भनेर भजन गाउन थाल्यौ होला ।

प्रेम– (वेवास्तासाथ) यस सिचुएसनमा थप्पडको कुरा अलि फिट भएन, जमेन !

प्रिया– (उसै गरी) जमेर भने जमेन ! जमाएर जमरा बनाउनु छैन क्यारे !

प्रेम– जमेन, जमेन, पटक्कै जमेन ! (सम्झाउने मुद्रामा) किन जमेन भने अहिले उही सिचुएसन हुँदा पनि तिमीले अझै मलाई थप्पड हान्न त परै जाओस्, थप्पड हान्नबारे सोचेकी पनि छैनौ । (हाँस्छ ।)

प्रिया– गालाको कलिलो र मलिलो जग्गामा (हात उचालेर हत्केला ओल्टाउँदै-पल्टाउँदै)एउटा हत्केलाका पाँच नङ्ग्रा खियाएर फरर्र पहेंलपुर तोरी फुलाउन सोचिराख्नु पर्दैन मिस्टर !

प्रेम– मिस्टर भनेपछि मेरो नाम प्रेम भन्न किन मुख बारेकी, मिस प्रिया !

प्रिया– (स्यान्डल फुकालेर हातमा लिंदै) यस कारणले मुख बारेकी मिस्टर प्रेम !

[प्रिया स्यान्डल उज्याएर हान्ने मुद्रामा उभिन्छे । दुवै हातले टाउको छेलेर प्रेम बसिरहन्छ । त्यतिखेरै गिटार चर्को स्वरमा घन्किन्छ र बस पनि एक्कासि घच्याक्कै रोकिन्छ । हरिया बत्तीहरू झ्याप्पै निभेर रातो बत्ती बल्छ । अप्रत्याशित बस रोकिएकाले यात्रुहरूलाई जोडको झड्का लाग्छ । स्यान्डल उचालेर उभिएकी प्रिया पनि सोही तोडमा लड्खडाउँदै थचक्क बस्न पुग्छे । त्यसै बखत चालक ढ्वाङबाट सूचना फुक्ने ढङ्गमा कराउन थाल्छ । सबैको ध्यान उसैतिर तानिन्छ ।]

चालक– (हात हल्लाउँदै र चारैतिर फर्किंदै) बसमा सक्कल उत्तीसघोडा बत्तीसघोडाहरू, सुन्नोस्, सुन्नोस् र सुन्नोस् ! यो बैकुण्ठ एक्सप्रेस मिनीबस अहिले गौंडा खानतलासी भन्ने ठाउँमा आएर रोकिएको छ । यहाँ एकएक गरेर सबैको खानतलासी लिइन्छ । त ए उत्तीस

घोडा-बत्तीसघोडाहरू,सुन्नोस्,सुन्नोस् र फेरि सुन्नोस् ! तपाईंहरू-संग खतरनाक मालसामान छैन भने खानतलासी छिटै टुङ्गिन्छ; तर खतरनाक मालसामान छ भने खानतलासी छिटो टुङ्गिन्न । यहाँबाट बस छिटो वा ढीलो हिड्ने भन्ने कुरा तपाईंहरूले बोकेको मालसामानमा भर पर्छ । त ए उत्तीसघोडा-बत्तीसघोडाहरू, सुन्नोस्, सुन्नोस् र फेरि पनि सुन्नोस् ! अब तपाईंहरू पटापट तल ओर्लनोस् र (मञ्चमा बनेको वृत्ततिर देखाउँदै) ऊ त्यहाँ गएर चटाचट खानतलासी दिनोस् ।

[सबै यात्रुहरू बसबाट तल ओर्लन्छन् र वृत्तभित्र गएर थुप्रिन्छन् चालक फेरि बस जाँच्ने र पुछ्ने काम गर्न थाल्छ । मधुरोचट क्रमशः चर्को भएर साइरन बजेपछि नेपथ्यबाट गम्भीर र प्रभावशाली आवाज गुन्जिन्छ ।]

आवाज– स्वागत, सबैको न्यानो स्वागत ! गौंडा खानतलासीको हाकिमको अधिकार प्रयोग गरी अब म आफ्नो काम थाल्छु । खानतलासीको काम बसको सीट नम्बर अनुसारहुनेछ । मैले नम्बर भनेपछि सो नम्बरको सीटवालाले पछि झूठो नठहरिने गरी साँचोसाँचो बोली मौखिक खानतलासी दिनुपर्नेछ । तयार, सबैजना तयार ! (बोलाउँदै) सीट नम्बर एक !

[प्रिया भीडबाट केही डेग अघि सर्छे र एक्लै उभिन्छे ।]

प्रिया - श्रीमान् अज्ञात आवाज, तपाईं जहाँ हुनुहुन्छ त्यहाँ मेरो नमस्कार पुगोस् !

आवाज– नमस्कारका बदलामा नमस्कार ! तिम्रो पूरा नाम ?

प्रिया– प्रिया, प्रिया कार्की !

आवाज– व्यवसाय ?

प्रिया– खनजोत विशेषज्ञ !

आवाज– के तिम्रो छनोट वैकुण्ठ एक्सप्रेस बोर्डले गरेको हो ?

प्रिया– हो !

आवाज– वैकुण्ठ जाने उद्देश्य ?

प्रिया– हेयर डाइ !

आवाज– के हेयर डाइ ?

प्रिया– हेयर भनेको केश र डाइ भनेको रँगाउनु ।

आवाज– साथमा कुनै खतरनाक सामान ?

प्रिया– छैन ।

आवाज– के मालसामान छ त ?

प्रिया– सेन्ट, लिप्स्टिक, पाउडर, क्रिम, लोसन, नेलपलिस, रुज आइलाइनर र स्या ·· स्या ·· !

आवाज– (ऊ एक्कासि रोकिएकीले अलि कठोर भएर) 'स्या' भनेको के हो ?

प्रिया– (अनकनाउँदै) स्या भनेको ·· स्या भनेको ·· !

आवाज– (भन्न अनकनाएकी हुँदा झन् कठोर भएर) के हो ?

प्रिया– (घोसेमुन्टो लाउँदै) स्या भनेको स्यानेटरी टावेल !

आवाज– तिम्रा मालसामानमध्ये स्यानेटरी टावेल जफत गरिन्छ !

प्रिया– टावेल जफत गरिन्छ अरे ! (हडबडाउँदै) हुन्न, हुन्न, टावेल जफत हुँदा मलाई सारै अप्ठ्यारो पर्छ ।

आवाज– स्यानेटरी टावेल गोप्य रूपमा प्रयोग गर्ने सामान हो । गोप्य रूपमा प्रयोग गरिने सबै सामान नियमले खतरानाक बस्तुको परिभाषाभित्र पर्छ । त्यसो हुनाले तिम्रो स्यानेटरी टावेल जफत गरिन्छ ।

प्रिया– (विरोधको स्वरमा) नाइँ म दिन्न !

आवाज– (निर्णयात्मक) यहाँ यस गौंडामा विरोध चल्दैन । जफत भने पछि जफत । अब तिमी त्यहाँबाट हट र अर्कालाई आउन देऊ । (बोलाउँदै) सीट नम्बर दुई !

[प्रिया बिस्तारै भीडमा मिसिन्छे र प्रेम ठमठम गरेर अघि सर्छ ।]

प्रेम– सलाम !

आवाज– सलाम ! तिम्रो पूरा नाम ?

प्रेम– प्रेमप्रकाश 'प्रवासी' ?

आवाज– व्यवसाय ?

प्रेम– गीत–प्लस–दाँत !

आवाज– [के] तिम्रो छनोट बोर्डले गरेको हो ?

प्रेम– हो !

आवाज– वैकुण्ठ जाने उद्देश्य ?

प्रेम– दाँत !

आवाज– के दाँत, कस्तो दाँत ?

प्रेम– खाने दाँत, चपाउने दाँत, कोपर्ने दाँत, कोतर्ने दाँत... !

आवाज– साथमा कुनै खतरनाक सामान !

प्रेम– आम्मै, के हुन्थ्यो !

आवाज– केके सामान छ ?

प्रेम– एक काइँयो केरा छ, बाटामा खानाका लागि ।

आवाज– अरू ?

प्रेम– अरू के भनूँ, फलफूलहरूमा केराको महिमा अपरम्पार छ । एक पटक मैले केराको एउटा कोसाले हानेर डरलाग्दो बाघलाई थुचुक्कै बसाएको थिएँ !

आवाज– अरू भनेर केराबारे सोधेको होइन, अरू सामान केके छन् भनेर सोधेको !

प्रेम– एउटा जासूसी उपन्यास छ, बाटामा पढ्नाका लागि !

आवाज– अरू के छ ?

प्रेम– केही खट्याकखुटुक, जस्तै ··· (सङ्कोच मान्दै) जस्तै फाटेका मोजा

उध्रेको कट्टू, दुईचार पटक दारी खौरेको एउटा ब्लेड, पुरानो नेलकटर'''।

आवाज– तिम्रो ब्लेड र नेलकटर जफत गरिन्छ।

प्रेम– किन ?

आवाज– ब्लेड र नेलकटर दुवै काट्ने कुरा हुन्। काट्ने कुराहरू नियमले काटमार गर्ने शस्त्रास्त्रभित्र पर्छन्। शस्त्रास्त्रको परिभाषाभित्र पर्ने कुरालाई खतरनाक मानिन्छ। त्यसैले तिम्रो ब्लेड र नेलकटर जफत गरिन्छ।

प्रेम– तर दुवै नै पुराना र भुत्ते भइसकेका छन्।

आवाज– वादविवाद होइन, अब त्यहाँबाट हट ! (बोलाउँदै) सीट नम्बर तीन ?

[प्रेम पछि र जीएम् अघि सर्छ।]

जीएम्– स्यालुट सर !

आवाज– स्यालुट ! तिम्रो पूरा नाम ?

जीएम्– वस्न्यात कुमार मनोहर ?

आवाज– के अरे !

जीएम्– सरी सर, म अलि भुलक्कड छु, एबसेन्ट माइन्डेड ! सर, मेरो नाम हो मनोहर कुमार वस्न्यात।

आवाज– व्यवसाय ?

जीएम्– जीएम् हुँ, टेबलमा आएका कागतमा आँखा चिम्लेर सिग्नेचर गर्छु।

आवाज– छनौट भएको हो ?

जीएम्– होइन, बोर्डले अनुरोध गरेर पठाएको !

आवाज– वैकुण्ठ जाने उद्देश्य ?

जीएम्– पब्लिसिटीमा वैकुण्ठको जग राख्न र त्यसको शुभारम्भ गर्न।

आवाज– के भनेको ?

जीएम्- सरी, फेरि भुलेछु ! वैकुण्ठमा पब्लिसिटीको जग राख्न र त्यसको शुभारम्भ गर्न जाने, सर !

आवाज- साथमा कुनै खतरनाक सामान ?

जीएम्- एउटा छ सर !

आवाज- के छ ?

जीएम्- (मुसुक्क हाँसेर) मेरी सुन्दर पीए अलका !

आवाज- सट् अप् !

जीएम्- (खिस्रिक्क पर्दै) ओके सर !

आवाज- अरू के छ ?

जीएम्- पाइप, सुर्ती, ग्याँस-लाइटर••• !

आवाज- तिम्रो लाइटर जफत गरिन्छ ।

जीएम्- किन ?

आवाज- लाइटरले आगो पैदा गर्छ र आगो पैदा गर्ने जिनिस खतरनाक हुन्छ ।

जीएम्- लाइटर जफत भएपछि मैले पाइप कसरी सल्काउने ?

आवाज- प्रश्न होइन, ठाउँ खाली गर, त्यहाँबाट हट । (बोलाउँदै) सीट नम्बर चार !

[जीएम् पछि सर्छ र पीए अघि सर्छ ।]

पीए- नमस्ते !

आवाज- नमस्ते ! तिम्रो पूरा नाम ?

पीए- अहिले मेरो पूरा नाम सुश्री अलका कुमारी !

आवाज- पहिले तिम्रो पूरा नाम के थियो ?

पीए- श्रीमती अलका देवी ?

आवाज- व्यवसाय ?

पीए- पीए-कम-प्रेमिका ।

आवाज– छनोट भएको हो !

पीए– होइन, निगाहा भएको हो !

आवाज– वैकुण्ठ जाने उद्देश्य ?

पीए– जीएम् सरको काममा सहयोग गर्न र मोज गर्न !

आवाज– साथमा कुनै खतरनाक सामान ?

पीए– छैन !

आवाज– के छ त ?

पीए– चिविङगम ।

आवाज– अरू ?

पीए– अरू "अरू"'महिलाले प्रयोग गर्ने ... !

आवाज– के ?

पीए– ... (मौन) ।

आवाज– (कठोर भएर) के छ ?

पीए– ... (फेरि मौन) ।

आवाज– (झन् कठोर भएर) अन्तिम पटक सोध्दैछु, के छ ?

पीए– (दृढ भएर) गुलाफका चक्कीहरू !

आवाज– चक्कीहरू गुलाफका नभएर हेरोइनका हुन सक्छन् अथवा ती ट्याबलेट बम हुन सक्छन्, तसर्थ जफत गरिन्छ ।

पीए– (चिच्याउँदै) नाइँ ! (विवशतासाथ) गुलाफ भएन भने साँझ पऱ्यो कि मेरो टाउको दुख्न थाल्छ, म दिन्न !

आवाज– बढी बोल्ने होइन, त्यहाँबाट हट । (बोलाउँदै) सीट नम्बर पाँच !

[पीए पछि सर्छ र चेमजोङ अघि सर्छ ।]

चेमजोङ– जय नेपाल !

आवाज– जय नेपाल ! तिम्रो पूरा नाम ?

चेमजोङ– हाङपाङ चेमजोङ !

आवाज– व्यवसाय ?

चेमजोङ– फ्लोरिङ एन्ड फर्निसिङ एक्सपर्ट !

आवाज– छनोट भएको हो ?

चेमजोङ– हो ।

आवाज– वैकुण्ठ जाने उद्देश्य ?

चेमजोङ– उही, फ्लोरिङ एन्ड फर्निसिङ ।

आवाज– साथमा केके सामान छ ?

चेमचोङ– थुप्रै छ, तर खतरनाक कुनै पनि छैन ।

आवाज– केके छ ?

चेमजोङ– मसंग जिनतान छ, ल्यासीपौं छ, छुर्पी छ, डटपेन छ, नोटबुक छ र मन उदास भएको वेलामा पल्टाउनासाथै उदासी घपाउने एउटा सचित्र — !

आवाज– के सचित्र ?

चेमजोङ– एउटा सचित्र··· एउटा सचित्र कामशास्त्र छ !

आवाज– कामशास्त्रको सचित्र किताब एउटा खतरननक सामान हो, त्यो जफत गरिन्छ ।

चेमजोङ– (कातर स्वरमा) त्यो जफत भयो भने म उदास भएकोभयै हुन्छु ! बिन्ति छ, जफत नगरियोस् ।

आवाज– नियम भनेको नियम हो, नियममा कुनै मुलाहिजा हुन्न । अब अब यहाँबाट हट र अर्कालाई आउन देऊ । (बोलाउँदै) सीट नम्बर छ !

[चेमजोङ पछि र डेभिड अघि सर्छ ।]

डेभिड– हलो !

आवाज– हलो ! योर फुल नेम ?

डेभिड– मेरो नाम डेभिड ईथरसन हुन्छ !

आवाज– योर प्रोफेसन ?

डेभिड– मो पट्रकारिटा गर्छ ।

आवाज– नमिनेटेड वाइ वोर्ड कि क्याजुअल ?

डेविड– क्याजुअल होइन, मैले नामिनेसन खरीद गरेको !

आ.वाज– परपज अफ दिस जर्नी ?

डेभिड– अन्टर्वार्टा लिने !

आवाज– एनि डेन्जरस आर्टिकल ?

डेभिड– मैले थुप्रै आर्टिकल लेखेको, तर कुनै पनि डेन्जरस छैन ।

आवाज– त्यो आर्टिकल होइन, साथमा कुनै खतरनाक मालसामान छ भन्या !

डेभिड– आइ सी ! नाइँ, मोसित खटरनाक सामान छैन ।

आवाज– के छ त ?

डेभिड– डवलरोटी छ, हटडग छ, पुछ्नको निम्ति ट्वायलेट पेपर छ र ... !

आवाज– हटडग खतरानाक सामान हो, त्यो सीज गरिन्छ ।

डेभिड– हटडग खाने चिज हो, खटरनाक हुन्न ।

आवाज– हट इज एभर डेन्जरस मिस्टर डेभिड ! नाउ मूभ फ्रम देयर ! (वोलाउँदै) सीट नम्बर सात !

[डेभिड पछि र डकारमान अघि सर्छ]

डकारमान–दर्शन गरें केरे ?

आवाज– दर्शन ! तिम्रो पूरा नाम ?

डकारमान–मलाई सबैले डकारमान झापाली भन्छन् केरे ?

आवाज– व्यवसाय ?

डकारमान–राष्ट्रिय विस्कुट उद्योग प्राइभेट लिमिटेडको म्यानेजिङ डाइरेक्टर हुँ केरे !

आवाज– छनोट भएको हो ?

डकारमान–म चोरढोकाबाट छिरेर आएको हुँ केरे !

आवाज- वैकुण्ठ जाने उद्देश्य ?

डकारमान-विस्कुट उद्योग खोल्न जाने केरे !

आवाज- साथमा कुनै खतरानाक सामान ?

डकारमान-छैन केरे !

आवाज- के छ त ?

डकारमान-गुलेली छ केरे ?

आवाज- गुलेलीजस्तो घातक शस्त्र किन बोकेको ?

डकारमान-गुलेलीले म राष्ट्रिय विस्कुटमा बस्ने मैला र घिनलाग्दा झिंगाको सिकार खेल्ने उद्यम गर्छु र जनतासम्म रसिलो-पोसिलो विस्कुट पुऱ्याउने प्रयास गर्छु केरे !

आवाज- गुलेली राख्ने लाइसेन्स छ ?

डकारमान-छैन, तर गुलेलीको लाइसेन्स हुँदैन केरे !

आवाज- लाइसेन्स छैन भने गुलेली जफत गरिन्छ ।

डकारमान-गुलेलीमा राखेर हान्ने काँचका राम्राराम्रा गुच्चा पनि छन् केरे ! तिनलाई के गर्ने केरे ?

आवाज- गुच्चा पनि जफत गरिन्छ । अब तिमी हट, अर्कालाई आउन देऊ ! (बोलाउँदै) सीट नम्बर आठ !

[डकारमान पछि र वावुकाजी अघि सर्छ ।]

वावुकाजी जदौ !

आवाज- जदौ ! तिम्रो पूरा नाम ?

वावुकाजी-घरको पूरा नाम वावुचा, टोलको पूरा नाम वौचा र सर्टिफिकेटको पूरा नाम वावुकाजी महर्जन ।

आवाज- व्यवसाय ?

वावुकाजी-डक्टर आफ टेलरिङ साइन्स ।

आवाज- छनोट भएको हो ?

वावुकाजी-हो ।

आवाज- वैकुण्ठ जाने उद्देश्य ?

बाबुकाजी–त्यहाँको ड्रेस र फेसनमा क्रान्ति ल्याउन जाँदैछु ।

आवाज- साथमा कुनै खतरनाक सामान ?

बाबुकाजी–बाबुकाजीको मन सारै खतरनाक छ ! सुन्नोस्, यहाँ रात र रात मात्र छ, तस्करीको रात, भ्रष्टाचारको रात, भोकको रात, शोकको रात, कालाकाला रात ! मेरो मनले सबै काला रातलाई दिन र दिन मात्र पार्न चाहन्छ ।

आवाज- अरू के छ ?

बाबुकाजी- केही छैन ।

आवाज- रात भनेको रात हो र रातलाई दिन पार्न खोज्नु सबै व्यवस्थित कुराहरूलाई खजमज पार्ने अपराधी प्रवृत्ति हो । तसर्थ तिम्रो मन जफत गरिन्छ ।

बाबुकाजी- (जोडसंग हाँस्दै) मनलाई कसरी जफत गर्नु हुन्छ ?

आवाज- त्यो तरिका हामीलाई थाहा छ ! (सबैलाई सम्बोधित गर्दै) यस गौंडामा आएका सबै यात्रुहरू, अब मेरो लन्चको वेला भयो। बाँकी रहेकाहरूको खानतलासी लन्चपछि लिइनेछ । त्यतिन्जेलका लागि विदा !

[साइरन चर्कोबाट क्रमशः मधुरो भएपछि सबै जना छरिन्छन् । खाना खान जाने बारे कुरा गर्दै बिस्तारबिस्तार सबै मञ्चबाट बाहिर निस्किन्छन् । प्रिया रूखमा अडेस मागे झैं गरेर उभिएकी । अरूहरूसंग बाहिर जाँदाजाँदै प्रेम फर्किन्छ र प्रियाका छेउमा आउँछ । प्रियाले ऊ आएको चाल पाउन्न ।]

प्रेम- (छेउमा आएर) क्याबात्, कसैको रमाइलो स्पर्श पाएर (प्रिया अडेसिएको काल्पनिक रूखतिर देखाउँदै) यो सुकेको रूख पनि हरियै भएछ !

प्रिया- (ठुस्केर मुख बङ्ग्याउँदै) हुँ ! (केही डेग अघि सर्छे ।)

प्रेम- प्रिया, सबै खान गए, तिमी जान्नौ ? (प्रिया भएतिर सर्छ ।)

प्रिया- (भुटुक्क भएर) जान्न, जान्न, जान्न !

प्रेम– ओहो, अझै रीसको भूत ओर्लेको रैनछ ! हेर प्रिया, रिसानी बढी गऱ्यो भने रगत बढी उम्लिन्छ, रगत बढी उम्ल्यो भने मगज बढी तात्छ, मगज बढी तात्यो भने चित्त बढी अशान्त हुन्छ, चित्त बढी अशान्त भयो भने झर्को बढी लाग्छ, झर्को बढी लाग्यो भने…।

प्रिया– (झर्केर) तिम्रो टाउको हुन्छ, तिम्रो खप्पर हुन्छ !

प्रेम– (हाँस्दै) के मेरा खप्परैखप्पर हुन्छन् त ?

प्रिया– मसंग बढी फतफत नगर, चूप लाग । (पर जाँदै) कस्तो जुको झैं टाँसिन सकेको होला !

प्रेम– चूप लाग्छु, तर अघि उठान गरेको संजोग र धोकाको कथा बैठान गरेपछि मात्र !

प्रिया– (प्रेमतिर फर्केर) त्यसो भए आफ्ना चिरिएका चुच्चाबाट चरचर गरिराख र आफैं सुनिराख, मलाई सुन्नु छैन ! (झर्को मानेर ओहोरदोहोर गर्न लाग्छे ।)

प्रेम– (उसले ओहोरदोहोर गरेको हेर्दै) नसुन, मलाई के ? धोकाको मेरो कथा सुन्ने र मेरा मुटुभित्रको व्यथा बुझ्ने कुनै ग्राहक यस गाँडा खानतलासीमा पाइएला नि ! (यताउति मान्छे खोजेजस्तो गर्छ ।)

प्रिया– (टक्क रोकिंदै) ग्राहक किन नपाउनू. (घृणासाथ) तर काग, स्याल र कुकुरहरू मात्र !

प्रेम– (यताउति हेर्दै) खोइ, यहाँ त ती पनि देखिंदैनन् ! (निराश भएर प्रियातिर फर्की पर हेरेको जस्तो गरेर प्रार्थनाको स्वरमा) हे पहाड, तिमीबिना मेरो कथा, मेरो व्यथा सुन्ने अरू को पो छ ? हे नाथ, मैले जसै त्यस चरीजस्ती, परीजस्ती, कस्तीकस्ती सुन्दर कन्यालाई आहा भने त्यसै उसले (आफैं मुसुक्क हाँसेर) धन्यवाद भनी ।

प्रिया– कस्ती नकच्चरी ! त्यसको त मुखै च्यात्नु जस्तो रीस उठ्दैछ !

प्रेम– सुन्दैछौ पहाड, भुतुक्क हुनेहरूका जरकट्ट परेका कुरा ! (प्रियातिर औंल्याएर) यो साइडको कुरो अहिले छाडौं, (अर्का हातले

मास्तिर देखाउँदै) त्यो साइडको कुरो गरौं । हे पहाड, त्यस मगमगे महिलाको मस्तै मीठो, मस्तै मसिनो र मस्तै मायालु सोर सुनेर म चाहिं मख्खै परें ! छिनमै म ऊ भएँ, छिनमै ऊ म म भई, (टोलाउँदै) म ऊ भएँ, ऊ म···!

प्रिया– (व्यङ्ग्यात्मक हाँसो हाँस्दै) के तिमी केटी भयौ र ऊ केटा भई ?

प्रेम– (लाज मान्दै) धत्, त्यसो होइन !

प्रिया– कसो हो त ?

प्रेम– कसो भनेदेखि जसरी चीनीको बाक्लो पाकमा लालमोहन डुब्छ त्यसरी म उसको गुलियो प्रेमरसमा डुबें र जसरी चीनीको बाक्लो पाकमा लालमोहनी डुब्छे त्यसरी ऊ मेरो गुलियो प्रेमरसमा डुबी ।

प्रिया– धिक्कार छ, डुबेर पनि मर्ने हबिगत नभएका नकच्चराहरू !

प्रेम– नकच्चरा होइन, (माथि देखाउँदै) नभको चरा, नभको । नभ भनेको आकाश !

प्रिया– (झोक्किएर) थाहा छ ।

प्रेम मुक्त आकाशमा डाँफेचरो बनेर प्रेमको नौरङ्गी पखेटा फिंजारी म जता उडें, ऊ पनि डाँफेचरी बनी त्यतै उडी, अनि ऊ जता उडी···!

प्रिया (गिज्याएको स्वरमा)'म ··· त्यतै उडें !' (व्यङ्ग्य) मर्ने बेला भएपछि कमिलाको प्वाँख उम्रिन्छ र उड्छ नाइँ !

प्रेम– तिम्रै कुरो सदर ! त, जतिखेर हामी कमिलाको प्वाँख टाँसेर सफा र नीलो प्रेमाकाशमा माथिमाथि उड्दै थियौं त्यतिखेर उसले एउटा बडो रमाइलो प्रस्ताव राखी, (रमाउँदै) बडो···!

प्रिया– (स्वर विकृत पारेर बीचमै '··· बडो भोक लाग्यो उड्दाउड्दा, अब एक दुईवटा भँगेरा पक्रेर खाऊँ है' भन्ने प्रस्ताव त होला नि !

प्रेम– छिछिछि, भँगेरा पनि प्रस्ताव राखेर खाने कुरो हो ! (रमाउँदै) उसले राखेको प्रस्ताव त भोलि फेरि भेटौं भन्ने थियो ।

प्रिया– छि, कस्ती उत्ताउली !

[प्रिया एक झड्काका साथ त्यहाँबाट केही पर जान्छे र अशान्त भएर टहल्न थाल्छे । खान गएकाहरू बिस्तारबिस्तार फर्किन्छन् र फेरि वृत्तभित्र थुप्रिन लाग्छन् । मुसुक्क हाँस्दै पीए प्रियाका छेउमा आउँछे ।]

पीए– (मुखमा चिविङ्गम प्याट्ट फुटाएर प्रियासंग) तपाईं त खान पनि जानु भएन ?

प्रिया– (हाँस्दै) गइन, अब जानु पर्ला !

पीए– (चिविङ्गम चपाउँदै नक्कलझक्कलका साथ) अब भनेको कहिले ?

प्रिया– (फरासिलो पाराले) अब भनेको अहिले ! बाँकी रहेकाहरूको खानतलासी हुन्जेलमा एक पेट खान त भ्याइएला नि !

पीए– (औंल्याउँदै) ऊ त्यतापट्टिको दोस्रो होटेलमा जानु होला, त्यहाँको खाना सारै मीठो छ !

प्रिया– धन्यवाद !

पीए– (ठट्टाको ढङ्गले) अनि एउटा कुरो बताउनु होला, नढाँटी !

प्रिया– (मुसुक्क हाँसेर) कुन कुरो ?

पीए– (फेरि ठट्टाकै ढङ्गमा) त्यहाँ होटेलमा खाएको खाना मीठो कि सबै खान गएका वेला यहाँ एकान्तमा भनसुन-सुनभन गरेको कुरो मीठो !

प्रिया– (झिजिएर) भोक मीठो, भोक !

[प्रिया झोक्किदै बाहिर निस्किन्छे ।]

पीए– (ऊ हिंडेपछि प्रेमसंग) तपाईंले पनि खानु भएको छैन क्यारे !

प्रेम– (हाँस्दै) अहँ, छैन ! पेटका मुसा शान्त रहुन्जेल भोक पनि लाग्दो रहेनछ, तर (भुँडी मुसार्दै) अहिले त, ओहो, के गरी मुसा उफ्रेका !

पीए– (खित्का छाडेर हाँस्दै) पेटका मुसा उफ्रेका कि मुटुका मुसा !

प्रेम– (हाँस्दै) दुवै मुसा ! (जाँदै) अब त खान जानै पर्‍यो !

पीए– (ठट्टाको स्वरमा) अघि मैले भनेको होटलमा जानु होला, त्यहाँको खाना सारै मीठो छ ।

[प्रेम हाँस्दैहाँस्दै बाहिर निस्कन्छ । फेरि मधुरोबाट क्रमशः चर्को भएर साइरन बजेपछि नेपथ्यबाट अघिकै गम्भीर र प्रभावशाली आवाज गुञ्जिन्छ ।]

आवाज– स्वागत, फेरि न्यानो स्वागत ! यस गौंडाको हाकिमको अधिकार प्रयोग गरी अब बाँकी रहेकाहरूको खानतलासी लिने काम गर्छु । (बोलाउँदै) सीट नम्बर नौ !

[मर्कसिंह भीडबाट केही डेग अघि सर्छ र एक्लै उभिन्छ ।]

मर्कसिंह– (पङ्क पाराले हल्लिंदै र अनौठो ढङ्गमा टाउँको हल्लाउँदै) सलाम, मिस्टर आवा !

आवाज– सलाम ! तिम्रो पूरा नाम ?

मर्कसिंह– मिस्टर आवा, मेरो पूरा नाम मर्कसिंह हो ।

आवाज– व्यवसाय ?

मर्कसिंह– (सानसंग) पङ्कर्स क्लबको इलेक्टेड प्रेसिडेन्ट !

आवाज– वैकुण्ठ एक्सप्रेस बोर्डबाट छनोट भएको हो ?

मर्कसिंह– हो, मिस्टर आवा !

आवाज– वैकुण्ठ जाने उद्देश्य ?

मर्कसिंह– वैकुण्ठका रैथानेहरूलाई पङ्क मन्त्रको पाठ पढाएर अपटुडेट पार्न !

आवाज– साथमा कुनै खतरनाक सामान ?

मर्कसिंह– छैन मिस्टर आवा, छैन !

आवाज– के छ त ?

मर्कसिंह– पातलो र सानो पङ्क चस्मा छ, पातलो र सानो पङ्क टाइ छ, टाइ अड्काउने पातलो र सानो पिन छ !

आवाज– अरू के छ ?

मर्कसिंह– अमलाका पातला र साना पङ्क तितौरा ! सारै मीठो छ मिस्टर आवा, टक्र्याऊँ !

आवाज– तिम्रो टाइपिन जफत गरिन्छ ।

मर्कसिंह– पिन जफत गरिएपछि मेरो टाइ त्यसै गरी बेकम्मा हुन्छ जसरी मणि झिकिएपछि सर्प बेकम्मा हुन्छ । पिन जफत नगर्दा हुन्न, मिस्टर आवा !

आवाज– हुन्न ।

मर्कसिंह– किन मिस्टर आवा ?

आवाज– पिनले घोच्दछ, त्यसैले त्यो घोच्ने शस्त्रास्त्रको परिभाषाभित्र पर्छ । जुन कुरो शस्त्रास्त्रको परिभाषाभित्र पर्छ त्यो खतरनाक हुन्छ । अब तिमी हट, अर्कालाई आउन देऊ । (बोलाउँदै) सीट नम्बर दस !

[मर्कसिंह पछि र सेरचन अघि सर्छ ।]

सेरचन– नमस्कार, श्रीमान् !

आवाज– नमस्कार ! तिम्रो पूरा नाम ?

सेरचन– लुकुरो के भने श्रीमान्, मेरो नाम तारामान हीरामान सेरचन हो !

आवाज– व्यवसाय ?

सेरचन– (नाच्दै) पप डान्सर, श्रीमान् !

आवाज– छनोट भएको हो ?

सेरचन– लुकुरो कस्तो भने श्रीमान्, मैले चान्समा डान्स गरेको !

आवाज– साथमा कुनै खतरनाक सामान ?

सेरचन– (काम्दै) म त खतरनाक शब्दबाटै डराउँछु, श्रीमान् ! यसैबाट लुकुरो आफैं बुझ्नोस् !

आवाज– सामान केके छ ?

सेरचन– (गाउँदै र नाच्दै) चरीको के छ र धन, ए धन — ! (टक्क

रोकिएर) अहँ, केही छैन श्रीमान् !

आवाज– तिमी बेकार मान्छे रहेछौ ! हट, अर्कालाई आउन देऊ। (बोलाउँदै) सीट नम्बर एघार !

[सेरचन पछि र समसेर अघि सर्छ ।]

समसेर– प्रणाम हजुर !

आवाज– प्रणाम ! तिम्रो पूरा नाम ?

समसेर– समसेर बहादुर, बी० ए० !

आवाज– व्यवसाय ?

समसेर– (नाच्दै) म पनि उही पप डान्सर, हजुर !

आवाज– छनोट भएको हो ?

समसेर– हो हजुर !

आवाज– वैकुण्ठ जाने उद्देश्य ?

समसेर– त्यहाँका अप्सराहरूलाई पप डान्सको तालीम दिन ।

आवाज– तिमी पनि बेकार मानिस रहेछौ, हट ।

समसेर– तर मसंग विश्वका श्रेष्ठ पप नर्तकीहरूको एलबम छ, हजुर !

आवाज– ए ! अँ, तिमी त बेकार मानिस रहेनछौ ! अरू के छ ?

समसेर– ताताताे वाफ उठ्ने दुई मुठी सास छ, हजुर !

आवाज– तिम्रो एलबम जफत गरिन्छ, किनभने त्यसमा बम शब्द छ। साथै तिम्रो दुई मुठी सासमध्ये एक मुठी सास पनि खिचेर जफत गरिन्छ ।

समसेर– एक मुठी किन, दुवै मुठी जफत गरे मलाई ढुक्क हुने थियो !

आवाज– ढुक्क हुनु खतरनाक हो र यहाँ कसैलाई खतरनाक बन्न दिइन्न। त्यसैले एक मुठी सास जफत गरेर तिमीलाई चीसो मात्र पारिन्छ। अब हट, अर्कालाई आउन देऊ । (बोलाउँदै) सीट नम्बर बार !

[समसेर पछि र खुसीराम अघि सर्छ ।]

खुसीराम– रामराम, माइबाप !

आवाज– रामराम ! तिम्रो पूरा नाम ?

खुसीराम– खुसीराम सर्कसवाला !

आवाज– व्यवसाय ?

खुसीराम– हुजुर, मो सर्कस देखाउन्छ भ्रौर (प्लास्टिकको गोलभेंडे नाक खल्तीबाट झिकेर लगाउँदै) जोकर बनेर हँसाउन्छ !

आवाज– छनोट भएको हो ?

खुसीराम– हो, माइबाप !

आवाज– वैकुण्ठ जाने उद्देश्य ?

खुसीराम– (नाक फिकेर) त्यहाँ मो भ्रांटा सर्कस कम्पनी खोल्छ, हुजुर !

आवाज– साथमा सामान के छ ?

खुसीराम– सफरमा खान एक पोटली सतुवा पठियाइलिएको छु, हुजुर !

आवाज– अरू ?

खुसीराम– (नाक लगाउँदै) दुईचार भेली गुड पनि छ, माइबाप !

आवाज– अरू ?

खुसीराम– माइबाप, अलिकति खैनी छ, एकदम बडा !

आवाज– तिम्रो सातु खतरनाक चीज हो, जफत गरिन्छ ।

खुसीराम– (नाक झिक्तै) तब त मो नखाएर मरिजान्छ, हुजुर !

आवाज– बढी कुरा होइन, अब त्यहाँबाट हट । (गोलाउँदै) सीट नम्बर तेर !

[खुसीराम पछि र शिशिर अघि सर्छ । केही पछि बसन्त पनि अघि सर्छ ।]

शिशिर– सलाम साप् !

बसन्त– (शिशिरका छेउमा आउँदै) मेरो पनि सलाम साप् !

आवाज– सलाम, तर सीट नम्बर चौधको पालो अहिले होइन ।

दुवै— हामी जम्ल्याहा हौं ! हामी छुट्टिनौं !

आवाज— ठीक छ, दुवैको पूरा नाम ?

शिशिर— म शिशिरविक्रम, (वसन्तलाई देखाउँदै) यसभन्दा एक सेकेन्ड पहिला जन्मेको !

वसन्त— म वसन्तविक्रम, (शिशिरलाई देखाउँदै) यसभन्दा एक सेकेन्ड पछि जन्मेको !

आवाज- शिशिर, तिम्रो व्यवसाय ?

शिशिर- म क्यासिनो चलाउँछु ।

आवाज— तिम्रो, वसन्त ?

वसन्त— ऐजन ।

आवाज- छनोट भएको हो ?

दुवै— हो !

आवाज- वैकुण्ठ जाने उद्देश्य ?

शिशिर— देवीदेउताको मनोरञ्जनका लागि क्यासिनो खोल्न ।

वसन्त- ऐजन-ऐजन ।

आवाज— साथमा कुनै खतरनाक सामान ?

शिशिर— अहँ, छैन !

वसन्त— ऐजन-ऐजन ।

आवाज— सामान केके छ ?

शिशिर— तास छ ।

वसन्त— कौडा छ ।

शिशिर— पासा छ ।

वसन्त— लङ्गुरबुर्जा छ ।

आवाज— राम्रो ! तास र कौडामा लाग्ने मान्छे त्यसैमा भुलिरहन्छ, खतरनाक काममा लाग्न पाउन्न । तिमी दुवैको केही पनि जफत गरिन्न । अब हट, अर्कालाई आउन देऊ । (बोलाउँदै) सीट नम्बर पन्ध्र !

[शिशिरबसन्त पछि सर्छन् र हिप्पी युवक अघि सर्छ ।]

युवक– (आफ्नो उपस्थिति जनाउन गिटार बजाएर) टाङटुङ-टाङ !
आवाज– तिम्रो पूरा नाम ?
युवक– (गिटार बजाएर) टाङटाङ-टुङटुङ-टुङ !
आवाज– कस्तो अनौठो नाम ! तिम्रो व्यवसाय ?
युवक– टचाङ्ग-टचाङ्ग !
आवाज– छनोट भएको हो ?
युवक– टचाङ्ग !
आवाज– वैकुण्ठ जाने उद्देश्य ?
युवक– (खतरनाक पाराले गिटार बजाउँदै) टचाङ-टचाङ-टचाङ…!
आवाज– साथमा कुनै खतरनाक सामान छ ?
युवक– (लगातार बेसरी बजाउँदै) टाङटुङ-टाङटुङ-टाङ…!
आवाज– (झर्को मानेर) टाङटुङ बन्द गर र त्यहाँबाट हट । (बोलाउँदै) सीट नम्बर सोर !

[हिप्पी युवक पछि सर्छ र हिप्पी युवती अघि सर्छे ।]

युवती– (लठेब्रो बोलीमा) अम्रत्ते-अम्रत्ते !
आवाज– के ?
युवती– (दुवै हात जोडेर) अम्रत्ते !
आवाज– (बुझेर) ए ! नमस्ते ! तिम्रो पूरा नाम ?
युवती– ईता-ईता !
आवाज– सीता ?
युवती– (अस्वीकारमा टाउको हल्लाउँदै) ईता !
आवाज– गीता हो ?
युवती– (फेरि अस्वीकारमा टाउको हल्लाउँदै) ईता !
आवाज– रीता ?
युवती– (टाउको हल्लाएर स्वीकार्दै) ईता !
आवाज– व्यवसाय ?
युवती– उम्राइ-इम्राइ !

आवाज– के भनेको ?

युवती– (झर्को मान्दै) उआइ-इआइ !

आवाज– ए, बुझें ! घुलाइ-फिराइ ! अँ, वैकुण्ठ जाने उद्देश्य ?

युवती– (लजाउँदै) एम-एम !

आवाज– (हाँस्दै) ल, यस्तो पनि प्रेम गर्न हिँडिछ ! (गम्भीर स्वर) साथमा कुनै खतरनाक सामान ?

युवती– (आँखा ठूलो पारेर) ऊक-ऊक !

आवाज– के ऊक ?

युवती– (औंलाले ट्रिगर चलाएको जस्तो गरेर) ऊक-ऊक !

आवाज– (आफैं) लाटालाटी खतरनाक हुँदैनन् । (सुनाउँदै) तिमी हट । (बोलाउँदै) चालक !

[हिप्पी युवती पछि सर्छे र चालक अघि सर्छ ।]

चालक– उत्तिसघोडा-बत्तीसघोडा हाजिर छ साप् !

आवाज– जफत माल छाडेर बस र यात्रुलाई लैजाऊ । सबैलाई धन्यवाद !

[आवाज चूप लाग्नासाथ चर्कोबाट क्रमशः मधुरो भएर साइरन बज्छ । प्रेम र प्रिया खाना खाएर आउँछन् ।]

चालक– (साइरन बजिसकेपछि भीडसंग) सकल उत्तीसघोडा-बत्तीसघोडा-हरू, अब बसमा जाऔं । ढीलो नगरौं, वैकुण्ठको बाटो धेरै लामो छ । (बसतिर जाँदाजाँदै फनक्क फर्केर) आफ्नोआफ्नो जफत माल बस हिँडेपछि नबिर्सी बाहिर फाल्नु होला ।

[सबै बसमा उक्लिन्छन् र आफ्नाआफ्ना सीटमा बस्छन् । चालक धपाप लगाएर बस चलाउन थाल्छ । रातो बत्ती निभेर हरिया बत्ती बल्छन् । प्रियाको मुख रिसाएकै । प्रेम मूँडी मुसार्दै गरेको ।]

प्रेम– (अलि हिचकिचाएजस्तो गरेर) त्यो " रहलपहल रीस पनि पिचिक्क थुकिदिए त म आफ्नो बाँकी कथा पनि सुनाउने थिएँ ।

(थुक्ने तरखर गर्दै) थुक्छु, तर कोपराजस्तो तिम्रो मुखमा।

प्रिया– (भूँडी मुसार्न छाडेर हडबडाउँदै) भोभो नथुक ! बरू· बरू···

प्रेम– (भूँडी मुसार्न छाडेर हडबडाउँदै) भोभो नथुक ! बरू· बरू··· थुकसँगै रीसलाई पनि घुटुक्क निल र शान्त मनले मेरो बाँकी व्यथा सुन। (उसले थुक्ने तर्खर छाडेपछि आश्वस्त भएर) अँ त, म के भन्दै थिएँ भने त्यस सुकन्याले भोलि फेरि भेट्ने प्रस्ताव राखी र मैले त्यस प्रस्तावलाई ठहर्‍यै र ठाडै स्वीकार गरें।

प्रिया– भालूले खन्यू पाएपछि किन छाड्थ्यो र !

प्रेम– (सही थाप्दै) त्यसै होला ! (टाढा हेर्दै) भोलिपल्ट चिटिक्क परेको लुगा लगाएर, रातो टचाक्सी चढेर उसले भनेको समयमा उसले भनेको ठाउँमा म पुगें।

प्रिया– पुङ-न-पुछरको कुरा, हावा गफ !

प्रेम– गफ गरेको भए, सत्तो भन्छु, अहिल्यै मेरो कफ बढोस् ! प्रिया, त्यो कुन ठाउँ थियो होला, कल्पना गर त !

प्रिया– मलाई त्यस्तो कल्पना-सल्पना गर्नुपरेको छैन !

प्रेम– त्यसो भए सुन, त्यो ठाउँ थियो एउटा सानदार पाँचतारे होटेल !

प्रिया– (उदेक मान्दै) पाँचतारे होटेल अरे ! (आदेशका स्वरमा) भएन, अलिकति तारा घटाऊ, कम गर !

प्रेम– मेरो कथा-व्यथा सुने सुन नसुने नसुन, तर होटेलको तारा घटाउन चाहिं पटक्कै मिल्दैन, (उसका कानमा मुख लगेर) ठचाम्मै मिल्दैन !

प्रिया– (झर्केर) घटाए घटाऊ नघटाए नघटाऊ, तर आफ्नो डुङ्ग गनाउने चुच्चो पर हटाऊ। (आफ्नो कन्चट समाएर) उफ्, कस्तो टनटन गरेर कन्चट दुखेको !

प्रेम– (व्याग खोतलेर हतारहतार जामको बोतल झिकी) पीडालाई शत्रुको सेना झैं दमन गरेर सखाप पार्नामा नामी यो बाम दलना-साथ दुखाइसाथ टाउको पनि चट् ! (दिंदै) ल, लगाऊ !

प्रिया– (कन्चट समातेरै पुलुक्क हेरी) त्यो बाम हो कि जाम हो ?

प्रेम– (बोतलतिर नहेरी) बाम हो, स्पेसल खालको बाम ! (कमेजको बाहुलामा दलेर बोतल सफा पार्दै) जाइन्ट साइज, जाइन्ट साइज !

प्रिया– (चर्को स्वरमा) बाम होइन जाम हो भन्या !

प्रेम– (छक्क पर्दै) जाम ? (छिटोछिटो बिर्को खोली औंलामा अलि-

कति झिकेर ल्याप्प चाट्दै) हो, जाम हो ! (जाम लागेको औंलो प्रियालाई देखाउँदै) चाख्ने ?

प्रिया– (झन् चर्को स्वरमा) आफ्नै हात्रामा राख्ने !

[औंलामा लागेको जाम चाटेपछि प्रेमले बोतलको बिर्को बन्द गर्छ र त्यसलाई व्यागमा राख्छ। निर्के खोतलखातल गरेर उसले व्यागबाट एउटा बट्टा झिक्छ। त्यो बट्टा बुटपलिसको हुन्छ।]

प्रेम– (बट्टातिर हेरेर लामो जिब्रो काड्दै) हत्तेरिका, बाम भनेको त बुटपलिस रैछ। (हत्तपत्त बट्टा व्यागमा राख्छ।)

प्रिया– के ?

प्रेम– (बट्टा राखेर आजित मान्दै) बाम सकिएछ क्यार ! (नरम स्वरमा) अब दुखाइ कस्तो छ ?

प्रिया– (उपेक्षा भावले) राम्रो छ, असल छ !

प्रेम– त्यसो भए अघि भाँचिएको सिलसिला जोड्छु है, शेष कथा भन्छु है !

प्रिया– भाँचिएको कुरो जोडेर बलियो हुन्न, (मुर्मुरिँदै) फेरि पनि पिटिक्कै जान्छ, पिटिक्कै !

प्रेम– पिटिक्कै जाओस् कि पुटुक्कै, तर म कुराको सिलसिला जोड्ने प्रयास गर्छु। अँ त, सो सानदार पाँचतारे होटेल्… !

प्रिया– (तीव्र प्रतिवाद गर्दै) पाँचतारे होइन, अतारे !

प्रेम– अतारे होइन, पाँचतारे !

प्रिया– (उठ्दै) होइन, अतारे !

प्रेम– (उठ्दै) होइन, पाँच् · !

[त्यसै बखत बसले बेसरी उफारेको हुँदा दुवै लडखडाउँछन् र एकअर्कासँग ठोक्किँदै आफ्नाआफ्ना सीटमा बस्न पुग्दछन्। हिप्पी युवकले बेसरी गिटार बजाउँछ। लहडी तालको युवक चेमजोङ हँसिलो मुख पारेर डेभिड ईथरसनतिर फर्किन्छ। गिटारको स्वर मध्थर हुन थाल्छ।]

चेमजोङ– हलो गोरेबहादुर, चिनापर्ची गरौं न !

डेभिड– ओ यस ! मो डेभिड ईथरसन, टपाईं ?

चेमजोङ– म हाङपाङ चेमजोङ !

डेभिड– (हात मिलाउँदै) थ्यान्क यु मिस्टर हाङपाङ, टपाईंलाई भेटेर ढेरै खुसी लागेको !

चेमजोङ– तपाईं कहाँसम्म सफर गर्नु हुन्छ ?

डेभिड– वाइकुन्थटक जर्नी गर्न लागेको !

चेमजोङ– वैकुण्ठ जाने अरे !

डेभिड– हो ! मैले लर्ड क्रिस्नाको संग एउटा अन्टर्वार्टा मागेको !

चेमजोङ– तपाईं कृष्णको अन्तर्वार्ता लिनुहुन्छ ?

डेभिड– ओके, मैले लिन्छ !

चेमजोङ– मिस्टर डेभिड, तपाईं कृष्णको अन्तर्वार्ता किन लिन चाहनु हुन्छ ?

डेभिड– क्रिस्ना र क्राइस्टको टुलनात्मक स्टडी गरेर आर्टिकल वनाउनको लागि ।

चेमजोङ– दुवैमा गोरु वेचेको साइनो त छैन, के तुलना गर्ने ?

डेभिड– पार्डन मिस्टर चेमजोङ, मैले तपाईंको कुरा अलि बुझेन !

चेमजोङ– कृष्ण र क्राइस्टमा कुनै सम्बन्ध छैन भन्या !

डेभिड– नोनो भलाडमी, टपाईं राइटमा छैन ! क्रिस्ना र क्राइस्टमा ठुप्रैठुप्रै सम्बन्ढ छ, ठुप्रैठुप्रै !

चेमजोङ– के सम्बन्ध छ ?

डेभिड– लुक, क्रिस्नाको नामको फस्ट साउन्ड 'क', अनि क्राइस्टको नामको पनि फस्ट साउन्ड 'क' ।

चेमजोङ– बस्, यतिबाटै थुप्रैथुप्रै सम्बन्ध भइहाल्यो त ?

डेभिड– वेल, अरू पनि ठुप्रै प्वाइन्ट्स छ, (दुवै हात फिजाएर देखाउँदै) यट्टियट्टि प्वाइन्ट्स !

चेमजोङ– अरू कुन प्वाइन्ट छ ?

डेभिड– पयरमा फलामको टीखो बान हानेर क्रिस्नालाई मारेको, अनि पयरमा फलामको टीखो कीला घुसाएर क्राइस्टलाई मारेको ।

चेमजोङ– यो कुरो त चित्तबुझ्दो छ वा !

डेभिड– मिस्टर चेमजोङ, मैले रिसर्च जर्नलमा एउटा आर्टिकल पढेको !

चेमजोङ- के थियो त्यसमा ?

डेभिड- लर्ड क्रिस्ना लर्ड क्राइस्टको वडीमा फेरि पैदा भएको वाट लेखेको !

चेमजोङ- के यो कुरो साँचो हो ?

डेभिड- ठाहा छैन ! भेरिफाइ गर्नको लागि क्रिस्नाको इन्टरभ्यू हुन चाहिन्छ !

चेमजोङ- अन्तर्वार्तापछि मिस्टर डेभिड ईथरसन, वास्तविक कुरो मलाई पनि वताउनु होला !

डेभिड- स्योरस्योर, मिस्टर हाङपाङ चेमजोङ !

[डेभिड ईथरसनले आपना झोलाबाट पाउरोटी झिक्छ र त्यसबाट भाँचेर आधा चेमजोङलाई दिन्छ । दुवै पाउरोटी लुछ्न थाल्छन् । त्यसै वखत बस कुनै खाडलमा परे झैं घान्द्राङ र घुन्द्रुङ हुन्छ । सबै कहालिएर कराछउँन् । घान्द्राङ-घुन्द्रुङ हुन छाडेपछि कहाली मथ्थर हुन्छ । सबैले सन्चो मान्छन् ।]

प्रेम- (लामो खुइय्य गर्दै) ओहो, धन्न बाँचियो ! (वेवास्तासंग) के र, अहिले वस त्यस खाडलमा जाकिएर झन्यामझुरुम्मै भएको भए पनि र आफू खुत्रुक्क परिएको भए पनि तरक्क दुई थोपा झार्ने कोही छैन त !

प्रिया- (छेड हान्दै) तिम्रा गल्लीका काला कुकुरले पनि आँसु झार्दैनन् र ? कि…कि… तिनलाई पनि पोलेर खाइसक्यौ !

प्रेम- ती विचरालाई त मनभोगभित्र विष लुकाएर खान दिईदिई परलोक पुऱ्याइहालियो नि !

प्रिया- ती विचरा परलोक पुगे भने त्यसै जमातका तिमी विचरा कसरी उम्कयौ त ?

प्रेम- (औंलाले डवल उफारेको जस्तो गरेर) पेस गरेर, बुझ्यौ ! दररेटवमोजिम पेस गर्नुपर्छ, जस्तै नहुने काम पनि तुरुन्त हुन्छ । (व्यागवाट पाचकका कालाकाला गोली झिकेर देखाउँदै) यात्रामा मुखको स्वाद फेर्न यसको सेवन गर्ने मेरो वानी छ, (दिंदै) ल, तिमी पनि सेवन गर न !

प्रिया- (देखनेवित्तिकै तर्सेर) आम्मै, मनभोगभित्र लुकाएर कुकुरलाई खवाउने विष ! हटाऊ-हटाऊ, पर हटाऊ !

प्रेम- (हाँस्दै) यो विष होइन, रीस मार्ने पाचक हो ! (आग्रह गर्दै) सेवन गर न !

प्रिया- (झर्केर) मलाई चाहिन्न त्यस्तो मुसाको लिङजस्तो पाचक-साचक, आफैं खाऊ !

प्रेम- हस् ! (कण्प मुखमा हालेर ट्वाक्क जिब्रो पड्काउँदै) आहा !

प्रिया- (आँखा तर्दै) फेरि आहा !

प्रेम- (मुख बिगारेर थुक्तै) थूथूथूथू, मुसाकै लिङ परेछ क्यार ! थूथू, जेमा पनि मिसोट, जेमा पनि··· थूथूथू ·· !

[गिटार चर्केर बज्छ । प्रेम मुख बिगारेर थूथू गरिरहन्छ । प्रिया चाहिं रमाएर पत्रिका पल्टाउँछे । गिटार मत्थर हुँदा शिशिर र बसन्त कुरा गर्दै हुन्छन् ।]

शिशिर- ए वसन्त !

बसन्त- के शिशिर ?

शिशिर- ए लठुवा, आज बाजी नथाप्ने ? बाजी थाप्नाले बुद्धि बढ्छ, मान बढ्छ, सान बढ्छ !

बसन्त- थाप्ने हुस्सु, थाप्ने ! हामी वैकुण्ठमा क्यासिनो खोल्न हिंडेका-हरूले बाजी नथापे कसले थाप्छ ?

शिशिर- के बाजी थाप्ने ?

बसन्त- के बाजी थाप्ने ?

शिशिर- नजिस्की लठुवा, के थाप्ने ?

बसन्त- नमस्की हुस्सु, के थाप्ने ?

शिशिर- हेर् वसन्त, म आफ्नो ज्यानको बाजी थाप्छु !

बसन्त- ज्यानको बाजी थाप्छु अरे ! ए हुस्सु, तँ शहीद होस् ?

शिशिर- अहँ लठुवा, म शहीद होइन ! आफू जन्मेदेखि देशमा शान्ति नै शान्ति छ, कसरी शहीद बन्नू !

बसन्त– त्यसो भए तँ आफ्नो ज्यानको बाजी थाप्न पाउन्नस् ! ज्यानको बाजी थाप्ने हक शहीदहरूलाई मात्र छ, बुझिस् !

शिशिर– त्यसो भए म कि मेची बाजी थाप्छु कि महाकाली बाजी थाप्छु !

बसन्त- ए पाजी, तँ देशको निर्वाचित काजी होस् र ?

शिशिर– होइन !

बसन्त– त्यसो भए तँ यो बाजी पनि थाप्न पाउन्नस् !

शिशिर– यो बाजी पनि थाप्न पाउन्न अरे !

बसन्त– के वाल्ल परेको, अलिकति सोचेर बाजी थाप् !

शिशिर– पख् है, एक छिन सोचौं !

बसन्त– ल सोच् !

[थाप्लामा हात राखेर शिशिर र बसन्त सोच्न थाल्छन् । प्रियातिर हेर्दै गला सफा गर्ने ढङ्गमा प्रेमले ख्याकखुक गर्छ । शिशिर र बसन्तका कुरा सुनेर रमाइरहेकी प्रियाका निधारमा तत्काल गाँठागुँठी पर्छन् ।]

प्रिया– (रिसाएर प्रेमतिर हेर्दै) नक्कली ख्याक्क र खुक्कको मतलब ?

प्रेम– मतलब हो अधुरो छुटेको मेरो कथालाई पूरा गर्ने तु० निकासा पाऊँ !

प्रिया– एकदम पाउनौ, टम्म मुख टालेर बस !

प्रेम– त्यसो भए मुख टाल्न अलिकत टेप नै पाऊँ न त, (औंल्याएर) ऊ त्यो तिम्रो ब्यागमा छ भने !

प्रिया– छैन ।

प्रेम– त्यसो भए म भन्न बाध्य छु र तिमी सुन्न ! मेरो व्यथाको कथा कहाँ पुगेको थियो भने, (सम्झिदै) सम्झेंसम्झें ! अँ, म पाँचतारे होटेलमा पुगें । ऊ अघिबाटै पुगेकी थी र मलाई पर्खिरहेकी थी ।

प्रिया– छ्या, कस्ती उरेन्ठेउली !

प्रेम– (आफ्नै सुरमा) म आएको देखेर ऊ रमाई, ज्यादै खुसी भई र दगुर्दै मेरा छेउमा आई । उसले च्याप्प मेरा पाखुरा समाई र तान्दै मलाई होटेलभित्र लगी । (एकछिन अडिएपछि) थाहा छ प्रिया, होटेलभित्र पस्दा मलाई खलखल पसिना आएको थियो, खलखल !

प्रिया– ठूलो होटेलको मुख कहिल्यै देखेको भए पो पसिना नआउनू !

प्रेम– त्यसो होइन, मलाई त आफ्नो खल्ती छामेर पसिना आएको थियो । अब तिमीसंग के लुकाउनु प्रिया, मेरो खल्तीमा पाँचतारे जस्तो ठूलो होटेलको खर्च बेहोर्ने रकम थिएन !

प्रिया– घरमै थन्क्याएर हिंडेपछि खल्ती बिचरो त रित्तो हुने नै भयो !

प्रेम– घरमा कहाँ थन्क्याउनु, मजस्तो एउटा अदनासंग थन्क्याउने खालको रकम हुनै पाउँदैन !

प्रिया– त्यसैले घाँटी हेरेर हाड निल्नु पर्छ भन्ने उखान लोकमा चलेको हो, बुझ्यौ !

प्रेम– त्यो उखान त मलाई पनि कण्ठै छ, तर एक्कासि ठूलो हाड घाँटीमा अड्किन आएपछि फत्रकफत्रक पर्नुबाहेक अरु केही गर्न सकिंदो रहेनछ ।

प्रिया– (मुख बङ्ग्याएर चुकचुकाउँदै) चचच बरा !

प्रेम– (हाँस्दै) सहानुभूतिका लागि धन्यवाद !

प्रिया– (अलि झिजिएर) खिया परेका दारा देखाउनु पर्दैन, सुनेर राख !

प्रेम– (हाँसो रोकेर) प्रिया, मलाई त्यसरी फत्रकफत्रक परेको देखेर ऊ बेसरी हाँसी र उसले भनी, (स्वरपरिवर्तन) 'तिमी पैसाको फिक्री गर्दैछौ, तर म भएपछि पैसाको पटक्कै फिक्री गर्नु पर्दैन । मसंग दुईचार जुनी बसीबसी खाने पैसा छ ।'

प्रिया– (मुख बिगार्दै) उस् !

प्रेम– (आफ्नै सुरमा) उसले मलाई तानेरै होटेलको डान्सिङ फ्लोरमा पुन्याई । त्यहाँ… त्यहाँ थुप्रै युवा जोडीहरु एकअर्कासंग टाँसिएर मस्त र मादक नाच नाच्दै थिए ।

प्रिया– उफ्, देश र संस्कृतिको कस्तो बिजोग !

प्रेम– (आफ्नै सुरमा) मादक नाच नाच्नेहरुमा एक जोडी बनेर हामी थियौं । उसको एउटा हात मेरो कम्मरमा थियो । उसको अर्को हात मेरो काँधमा थियो । अनि मेरो एउटा हात उसको कम्मरमा थियो । मेरो अर्को हात उसको काँधमा थियो । उसले

आफ्नो टाउको मेरो छातीमा राखेकी थी । मेरो छाती बेसरी ढुकढुक गर्दै थियो । नारीदेहको पहिलो स्पर्श पाएर मभित्र अनौठो कम्पन भरिएको थियो । काम्दै गरेको अचम्मको आवाजमा मैले उसको नाम सोधें । उसले आफ्नो नाम नभनेर मेरो नाम सोधी । मैले आफ्नो नाम प्रेम बताएँ । त्यसपछि उसले आफ्नो नाम प्रेमा बताई । प्रिया, हाम्रो नाम कस्तो मिलेको हगि ?

प्रिया– अर्थ – न – वर्थ गोविन्द गाई !

प्रेम– तिम्रो यो प्रतिक्रिया अलि कस्तोकस्तो लाग्यो ! (हाँस्दै) जे होस्, धेरै बेर नाचेपछि, थाकेर चूर भएपछि हामी आराम गर्न कुर्सीमा बस्यौं । उसले बियर मगाई । बियरका दुई बोतल आइपुगे । एउटा बोतल उसले समाई, अर्को बोतल मैले समाएँ । बियरयो सर्को तान्दै उसले गम्भीर भएर भनी, (स्वरपरिवर्तन) 'प्रेम, तिमीबिना म बाँच्न सक्तिन' !

प्रिया– (मुर्मुरिंदै) एक नम्बरकी कुरौटी !

प्रेम– (आफ्नै सुरमा) उत्तिकै गम्भीर भएर मैलें भने, 'प्रेमा, तिमी बिना म पनि बाँच्न सक्तिन ! ऊ – (उसको स्वरमा) प्रेम, मैले विश्वासघातका धेरै चोट पाएकी छु, तिमीबाट पनि त्यही चोट पाएँ भने म भाँचिन्छु । म – (आफ्नो आवाजमा) नडराऊ, प्रेमसंग प्रेम छ, विश्वासघात छैन । (प्रियातिर हेर्दै) अनि प्रिया, मैले कहिल्यै विश्वासघात नगर्ने वाचा हालें । ऊ खुसी भई । त्यही खुसीमा भोलि फेरि भेट्ने निधो गर्‍यौं र हाँस्दैहाँस्दै छुट्टियौं । साँचो भन्छु प्रिया, त्यस दिन एउटी नारीलाई आफ्नो एकदमै नजिक पाएर म एकतमासको भएको थिएँ ।

प्रिया– एकतमास कि वदमास ?

प्रेम– वदमास होइन एक् … !

[एक्कासि बस रोकिन्छ । प्रेम बोल्दाबोल्दै चूप लाग्छ । हरियो बत्ती निभेर रातो बत्ती बलेपछि चालक सीटबाट उठ्छ र ढ्वाङ्बाट सूचना फुक्ने ढङ्गमा कराउन थाल्छ । सबैको ध्यान उसैतिर तानिन्छ ।]

चालक– (हात हल्लाउँदै र चारैतिर फर्किंदै) बसमा बसेका सकल उत्तीस-घोडा–बत्तीसघोडाहरू, सुन्नोस्, सुन्नोस् र सुन्नोस् ! यो वैकुण्ठ एक्सप्रेस मिनिबस अहिले निद्रानगरको सिमानामा अडिएको छ। यहाँबाट वैकुण्ठ धेरै टाढा छ र धेरै टाढाको यस धेरै लामो यात्रामा जसले केही छिन निद्रानगरमा बिताउँदैन त्यो असाध्यै थाक्छ र बिरामी पनि पर्छ। त ए उत्तीसघोडा-बत्तीसघोडाहरू, सुन्नोस्, सुन्नोस् र फेरि सुन्नोस् ! निद्रानगरमा खुट्टो पर्नासाथ मानिस ठाडै निधाउँछ र एक सेकेन्डमा एक घन्टाको निद्रा पुऱ्याउँदै निस्लोट पाराले सुत्छ। त ए उत्तीसघोडा-बत्तीसघोडा-हरू, सन्नोस्, सुन्नोस् र फेरि पनि सुन्नोस् ! (ठूलो वृत्ततिर देखाउँदै) ऊ त्यो ठूलो घेरो निद्रानगर हो। त्यहाँ गएर केही बेर हामी सबै मजाले निधाऔं र अहिलेसम्मको सारा थकाइ र निद्रा, अनि पछि हुने सारा थकाइ र निद्रा मेटाऔं।

प्रेम– (चालकसंग) हामी सबै निस्लोट भएर त्यहीं निधाएको-निधायै भयौं भने वैकुण्ठ के गरी पुग्छौं ?

चालक– नडराउनोस् उत्तीसघोडा-बत्तीसघोडाहरू, निद्रानगरले चारपाँच मिनेटभन्दा बढी कसैलाई पनि निधाउन दिदैन। चारपाँच मिनेट-पछि त्यसले निधाएका मानिसलाई हुत्तहुत्त हुत्याएर आफ्ना सीमाबाट बाहिर फाल्छ।

जीएम्– (ढुक्क हुँदै) त्यसो भए त ठीक छ !

चालक– (जाने तर्खर गर्दै) जौंजौं, सबै जौं !

प्रेम– (उठेर प्रियासंग) जौं, साझा निद्राको अनुभव पनि गरिहालौं न !

[प्रिया मुख बिगारेर तल ओर्लिन्छे। अरूहरू हाँस्दै तल ओर्लिन्छन् र चालकको नेतृत्वमा वृत्ततिर लाग्छन्। वृत्तभित्र खुट्टा राख्नासाथ-उभिएको उभियै सबै निधाउँछन् र निधाएरै वृत्तभित्र रगमगाउन थाल्छन्। यो रगमग व्यवस्थित नभएर भद्रगोल पाराको। प्रत्येकको अनुहार आफ्नोआफ्नो भित्री प्रकृतिअनुसार केही विकृत भई अनौठो हुन पुगेको; जस्तै कसैको अनुहार बीभत्स त कसैको करुण, कसैको क्रूर त कसैको दयनीय आदि। रगमगिनेहरू बिसुरमा कसैसंग ठोक्किएर हिंड्ने र छुट्टिने, कसैसंग

ठोकिने र पछारिने, कसैलाई ठेल्ने र पन्छाउने, कसैका आँगमा अडेसिने र बिसाउने, दुई जानाका माझबाट छिर्ने, अकस्मात् मोडिएर दिशा बदल्ने आदि काम गरिरहन्छन् । यस क्रममा कोही आफैं र कोही अर्काबाट धचेटिएर वृत्तबाहिर निस्किने पनि गर्छन् । जो वृत्तबाहिर आइपुग्छ उसले झल्यांस्स भएर आँखा उघार्छ । ऊ ब्युँझिन्छ । व्यक्ति अर्को पटक वृतभित्र परनासाथ फेरि निस्लोट पाराले तत्काल निधाउँछ । रगमाउँदा-रगमगाउँदै सबभन्दा पहिला जीएम् वृत्तबाट बाहिर उछिटिन्छ । झल्याँस्स भएर उसले आँखा उघार्छ र निद्रामा रगमगिनेहरूलाई पक्क परेर हेरिरहन्छ ।]

जीएम्– (पीएलाई चालकका छातीमा अडेसिएको देखेर मुर्मुरिंदै) पख्, तँलाई ! (पाखुरा सुर्किंदै) तेरो मुन्टो ननिचोरी कहाँ छाड्छु र !

[जीएम् पाखुरा सुर्किंदै वृत्तभित्र पस्छ र पाखुरा सुर्केकोसुर्क्यै निधाउँछ । ऊ पस्दा प्रेमलाई ठक्कर लाग्छ र प्रेम वृत्तबाहिर निस्किन्छ । ठक्करले गर्दा जीएम्को दिशा पनि बदलिन्छ । ऊ चालक र पीए भएतिर नगएर अर्कैतिर लाग्छ ।]

प्रेम– (ब्युँझेर आँखा उघार्दै) निद्रानगरमा निद्रा त सारै मीठो र गहिरो आउँदो रहेछ !

[उसले छेउबाट गुज्रिदै गरेकी प्रियालाई देख्छ । प्रियाको लुगा अस्तव्यस्त । वृत्तबाहिरै रहेर उसले प्रियाको हात समाउँछ र बाहिर तान्छ । वृत्तबाहिर आउनासाथ प्रिया झल्याँस्स भएर ब्युँझिन्छे, तर प्रेमलाई देख्नासाथ रिसाएर आगो हुन्छे ।]

प्रिया– (प्रेमले समातेको आफ्नो हात झड्कारेर तान्दै) बेसोमत !

प्रेम– (हाँस्दै) धन्यवाद, तर तिम्रा अस्तव्यस्त लुगा पनि कम बेसोमत भएका छैनन् ।

प्रिया– (झन् रिसाउँदै) असभ्य !

प्रेम– (फेरि हाँस्दै) फेरि धन्यवाद, तर सबै निधाएको यस एकान्तमा साँच्चै नै म असभ्य भएँ भने तिमी के गर्छ्यौ ?

प्रिया– (मुर्मुरिँदै) म ... म ... (एक्कासि प्रेमलाई वृत्तभित्र ठेल्दै) यही गर्छु !

[वृत्तभित्र परेर प्रेम निधाउँछ र निधाएरै पीएका कुममा हात राखी पछिपछि हिंड्न थाल्छ । त्यो देखेर प्रिया मरीमरी हाँस्छे र हाँस्दा-हाँस्दै थाहै नपाई वृत्तभित्र खुट्टो राख्छ । ऊ तत्काल निधाउँछे र शिशिर-बसन्तका आँगमा झुन्डिन पुग्छे । त्यसै बखत खुसीराम वृत्तबाहिर पुग्छ ।]

खुसीराम– (ब्युँझेर आँखा उघार्दै र वृत्ततिर देखाउँदै) यो तो गजब भैगयो ! सबै मान्छी सुतेको छ और हिंडेको पनि छ । (छेउबाट गुज्रिँदै गरेकी हिप्पी युवतीलाई देखेर मायालु पाराले) अरे ओ सोनचिरैया, थोडा देर यस सर्कसवालाको पासमा पनि आइ-जाऊ !

[उसले आँखा चिम्लेर हिप्पी युवतीलाई तान्छ, तर तानिन्छ उसका पछिपछि हिंड्ने डेभिड । डेभिडलाई उसले तुरुन्तै वृत्तभित्र धकेल्छ र हिप्पी युवतीलाई बाहिर तान्छ ।]

युवती– (ब्युँझेर रिसाउँदै) आआ !
खुसीराम– तेही तो भनेको, (अँगालो हाल्न जाँदै) आ, आ ... !

[खुसीराम अँगालो हाल्न आएको हुँदा हिप्पी युवती डराएर पछि सर्छे र फेरि वृत्तभित्र परेर निधाउँछे । अँगालो हाल्न जाने सुरमा खुसीराम पनि वृत्तभित्र पर्छ र निधाएर रगमगिन थाल्छ । त्यसै बखत निद्रामै डकार-मानले शिशिरको घाँटी अँठ्याउँछ र ठेल्दैठेल्दै उसलाई वृत्तबाहिर ल्याउँछ । बाहिर आएर दुवै झल्यास्स हुन्छन् र ब्युँझिन्छन् ।]

डकारमान–(उसका घाँटीबाट हत्त र पत्त हात हटाउँदै) बाफ्रे, म त झन्नै हत्तेरो भएको केरे !

शिशिर– (घाँटी सुमसुमाउँदै) कस्तो ज्यानमारा निद्रा, घाँटी निमोठेको पनि थाहा नहुने !

डकारमान–माफ गर्नु होला, मैले जानाजान गरेको होइन केरे !

शिशिर– (हाँस्दै) माफसाफको के कुरो भयो र ! त्यस्तो त...!

[त्यसै बखत मर्कसिंह वृत्तबाहिर आउँछ र शिशिरसंग ठोक्किएर ब्युँझिन्छ ।]

मर्कसिंह– (नाक सुमसुमाउँदै) ओहो, कस्तरी नाक ठोक्कियो, सारै दुख्यो !

शिशिर– (उसको वास्ता नगरी आउँदै गरेकी पीएलाई हेर्दै) यस माछालाई म समाउँछु !

मर्कसिंह– (शिशिरलाई पछि सार्दै) होइन, म समाउँछु ! आहा, क्या स्लिपिङ ब्युटी !

शिशिर– (मर्कसिंहलाई पछि सार्दै) उता जानोस्, खलनायक नबन्नोस् ?

मर्कसिंह– (पाखुरा सुर्किंदै) के अरे ? म खलनायक अरे ? म होइन तपाईं खलनायक !

शिशिर– (उसै गरी पाखुरा सुर्किंदै) तपाईं खलनायक !

डकारमान– (पछिल्तिरबाट दुवैका कुममा हात राख्दै) तपाईं दुवै होइन, म खलनायक हुँ केरे ! (दुवैलाई वृत्तभित्र ठेल्दै) अत्र म खलनायक होइन नायक हुँ, एउटो नायक केरे ! (पिएलाई समाउन हात लम्काउँदै) अब माछालाई पनि म नै समाउँछु केरे !

[त्यसै बखत वृत्तरुपी निद्रानगरले बलजफ्ती बाहिर हुत्याएको जस्तो गरी सबै बाहिर आउँछन् र ब्युँझिन्छन् । खुसीराम चाहिं अझै वृत्तभित्र । एक्कासि हुत्तिएर ऊ पनि बाहिर आउँछ । बाहिर उभिनेसंग ठक्कर खाएर ऊ फेरि वृत्तभित्र पर्छ । वृत्तबाट तत्काल हुत्तिएर बाहिर आउँछ । रमाइलाका लागि उसलाई फेरि वृत्तभित्रै धकेलिन्छ । केही बेर बाहिरबाट भित्र धकेल्ने र भित्रबाट बाहिर हुत्तिने क्रम चल्छ ।]

प्रेम- क्या राम्रो निद्रा परेको ! सारा थकाइ मेटियो !

सब- साँचो कुरो !

चालक- सकल उत्तीसघोडा - बत्तीसघोडाहरु, बाटो धेरै लामो छ, अन्न जाँ !

[चालक बसतिर लाग्छ । अरुहरू पनि बसतिर लाग्छन् र आपनाआपना सीटमा बस्छन् । रातो बत्ती निभेर हरिया बत्तीहरू बल्छन् । त्यसै बखत बाबुकाजीले बट्टाबाट एक खिल्ली चुरोट झिक्छ र आपना ओठमा च्याप्छ । चुरोट च्यापेपछि गोजीहरू छामछुम गर्दै सलाइ खोज्छ, तर फेला नपरेकाले छक्क पर्छ । अरु कोही चुरोट खाँदैछ कि भनेर यताउति हेर्छ, तर चुरोट तान्ने कसैलाई नदेखेर निराश हुन्छ । उसको सारा गतिविधि डकारमानले बडो चाख मानेर हेरिरहेको हुन्छ ।]

डकारमान-(चुरोटतिर औंलाएर) चुरोट सल्काउन हो केरे ?

बाबुकाजी-हो, तर सलाइको बट्टा फेला परेन ।

डकारमाम-(बट्टा देखाउँदै) सलाइ त मसंग छ, तर म चुरोट सल्कोस् भन्ने चाहन्न केरे !

बाबुकाजी-चुरोट सल्काउने अधिकार मैले बच्चैदेखि पाएको हुँ, तपाईं मेरो अधिकार किन खोस्न चाहनु हुन्छ ?

डकारमान-तपाईंलाई चुरोट सल्काउने पूरै अधिकार छ, मजाले सल्काउनोस् केरे ! तर तपाईंलाई धुवाँ ओकल्ने अधिकार भने छैन केरे !

बाबुकाजी-जसलाई धुवाँ तान्ने अधिकार हुन्छ त्यसलाई धुवाँ फाल्ने अधिकार पनि हुन्छ !

डकारमान-हेर्नोस्, मुखभित्र तान्दाखेरि धुवाँ भन्ने वस्तु तान्ने व्यक्तिको व्यक्तिगत कुरो हुन्छ केरे ! त्यसो हुनाले कसैले चुरोट सल्काएर खान खोज्दा रोक लगाउने हो भने उसको व्यक्तिगत अधिकारको हनन हुन पुग्छ केरे !

बाबुकाजी-(सही थप्दै) हो त !

डकारमान-तर मुखभित्रबाट वाहिर फाल्दा चाहिं त्यही धुवाँ व्यक्तिगत कुरो नरहेर सामाजिक कुरो हुन्छ केरे ! व्यक्तिको मुखबाट निस्केर

बाहिर फिजिएको धुवाँले वरिपरिको समाजलाई प्रभावित पारेर अरुहरुको अधिकारको हनन गर्छ केरे !

बाबुकाजी–(झिजिएर) के त्यसो भए तानेको धुवाँ मुखभित्रै राखिछाड्ने त ? खोइ, त्यो सलाइ पाऊँ !

उकारमान–नरिसाउनोस् केरे ! सलाइ दिन त केही छैन, तर मेरो छेउछाउ कसैले चुरोट सल्काउना साथ मलाई सारोगारो पर्न थाल्छ केरे !

बाबुकाजी–तलतल लाग्छ भने एउटा चुरोट सल्काए भैँगो नि !

उकारमान–त्यही त समस्या हो केरे ! चुरोट किन्छु भन्दाभन्दै भुसुक्कै बिर्सें केरे !

बाबुकाजी–(चुरोटको बट्टाबाट झिकेर एउटा खिल्ली दिँदै) के भो त, यो लिनोस् !

उकारमान–(लिँदै) धन्यवाद !

[दुबै चुरोट सल्काउन थाल्छन् । हिप्पी युवकले धन्काएर गिटार बजाउँछ । प्रिया पत्रिका पल्टाउँदै गरेकी । प्रेम चाहिं गिटारको धुनमा हल्लाउँदै हुन्छ । गिटार टक्क रोकिन्छ ।]

प्रेम– (टाउको हल्लाउन टक्क रोकेर) क्या मीठो धुन !

प्रिया– मीठो भए उग्राइरहू, धमास किन पिटेको ?

प्रेम– धमास पिटेको होइन, बिन्ति चढाएको !

प्रिया– आफ्नो बिन्ती र सिन्ती आफूसंगै राख, मेरो कान नखाऊ !

प्रेम– (विवशजस्तो भएर) खान भन्दा पनि अलिकति त खानैं पर्ला । हात्ती छिरेर पुछर अड्के झैं अब मेरो कथा र व्यथा थोरै मात्र बाँकी छ । (फरासिलो पाराले) सुन प्रिया, उसलाई भेट्न भोलिपल्ट फेरि म त्यही पाँचतारे होटेलमा पुगें ।

प्रिया– पल्केको तिल्के बरिघरि मिल्के !

प्रेम– म त्यहाँ पुग्दा ऊ पनि टुप्लुक्क आइपुगी । उसलाई देखेर मेरो अनुहारमा र मलाई देखेर उसको अनुहारमा खुसीको रङ्गीचङ्गी

इन्द्रेनी उदायो । रमाउँदै-कुर्किंदै उसले मलाई होटेलभित्र लगी र…!

प्रिया– (दाँत किटेर)…र त्यही नाच्ने नरकमा लगेर डुबाई !

प्रेम– होइन-होइन, उसले मलाई स्वीमिङ पुलमा पुऱ्याई । छिछि, त्यहाँ त आइमाईहरू पनि नाङ्गै नुहाउँदै थिए, एकदमै नाङ्गै !

प्रिया– अर्काको नाङ्गोपन नहेर्न आफ्नो आँखा थुन्नु पर्छ ।

प्रेम– त्यसैले प्रिया, मैले त्यो दृश्य सकभर कम हेरें । अनि उसले पनि छिटोछिटो तानेर मलाई एकान्त कुनामा पुऱ्याई । छिटै त्यो एकान्त कुनो हाम्रो प्रश्नोत्तरले गुल्जार भयो– (सुनाउने तर्खर गर्दै) यसरी ! ऊ– (उसको आवाजमा) प्रेम, तिमी मसंग कति प्रेम गर्छौं ? म– (आफ्नो आवाजमा) प्रेमा, यस स्वीमिङ पुलमा जति पानी छ त्यसभन्दा कताकता बढी ! म– (उसको आवाजमा) प्रेम, के तिमी मलाई पाउन चाहन्छौ ! ऊ– (आफ्नो आवाजमा) तनमनले ! ऊ– (उसको आवजमा) त्यसो भए तिमीले एउटा तगारो पन्छाउन पर्छ ! म– (आफ्नो आवाजमा) प्रेमा, तगाराको हिमाल नै भए पनि म यी दुई हातले ठेलेर पन्छाउँछु !

प्रिया– यसलाई जोसमा होस हराउनु भन्छन् ! उस्, हातले ठेलेर हिमाल पन्छाउने अरे !

प्रेम– होस हराएर होइन प्रिया, त्यतिखेर सक्छु भन्ने लागेर भनेको थिएँ ! अब अलिकति अरु हाम्रो प्रश्नोत्तर सुन, ल ! (सुनाउने तर्खर गर्दै) ऊ– (उसको आवाजमा) प्रेम, अहिले तिम्रो प्रेमा बनेजस्तै म कमलकी कमला बनें, नन्दनकी नन्दनी बनें, सूर्यकुमारकी सूर्यकुमारी बनें र अरु पनि कतिको केके बनें, तर तगारो पन्छाउने बेलामा सबैले विश्वासघात गरे, मलाई ठूलो चोट पुऱ्याए ! म– (आफ्नो आवाजमा) म त्यसो गर्दिन, मेरो विश्वास गर, प्रेमा ! सत्ते प्रेमा, तिमी प्रेमा बनेको खेर जानेछैन ! ऊ– (उसको आवाजमा) विश्वासघातपछि विश्वासघात र चोटपछि चोट पाउँदापाउँदा म निराश, हताश र जर्जर भइसकेको छु । प्रेम, म भित्रभित्रै टुक्रिएर धुजाधुजा भइसकेको छु !

प्रिया– उत्ताउली गाई बाघले खाई, कत्ति कुरा जानेकी !

प्रेम– प्रिया, मैले उसलाई सान्त्वना दिँदै भनें, 'म अरू जस्तो होइन प्रेमा, मेरो भरोसा गर !, उसले हाँसेर भनी, (उसको आवाजमा) मलाई तिम्रो भरोसा छ, प्रेम !' अनि लगत्तै उसले अँध्यारो अनुहार पारेर भनी, (फेरि उसको आवाज) 'यस पटक पनि विश्वासघात भयो भने मैले मर्नु बाहेक अरु कुनै उपाय छैन।' उसको मुख थुन्दै मैले भनें, 'मर्ने कुरा नगर प्रेमा, बरु भन' त्यो कुन तगारो हो जसलाई पन्छाएर म तिमीलाई मुक्ति दिन सक्छु !

प्रिया– कस्ताकस्ता कता गए, मुसाका छोरा मुक्तिदाता !

प्रेम– (सानसंग) हो त ! उसले मलाई मुक्तिदाता नै ठानेर भनी, (उसको आवाजमा) 'प्रेम, भोलि तिमी यहीं आऊ, यहाँबाट मेरो घर जाने ! त्यहीं म तिमीलाई त्यो तगारो देखाउँछु, जसलाई पन्छाएर तिमी मलाई प्राप्त गर्न सक्छौ ।' प्रिया, मैले तुरुन्त हुन्छ भनें ।

प्रिया– (व्यङ्ग्य) सुनेर ज्यादैज्यादै खुसी लाग्यो ?

प्रेम– (मुसुक्क हाँसेर) हो र, त्यसो भए प्रमाणित गर !

प्रिया– (तीखा आँखाले हेर्दै) प्रमाणित गर्नु पर्ने ? ल, (पत्रिकामा हातले लेखेजस्तो गरेर) भर्पाइ दार्दै म प्रिया··· !

प्रेम– (बीचमै) अहँ, त्यसरी होइन, एकडेढ सेन्टिमिटर जति मुसुक्क हाँसेर !

प्रिया– (कच्याककुचुक पारेर प्रेमतिर पत्रिका हुर्याउँदै) ल हाँसेर !

[प्रियाले प्रत्रिका हुऱ्याएपछि प्रेम अलिकति निहुरिदिन्छ । त्यो पत्रिका चालकका जिउमा बज्रिन्छ र ऊ झसङ्ग भएर हडबडाउँदै उठ्छ। उसले स्टियरिङ छाडेको हुँदा सबै कहालिन र चिच्च्याउन थाल्छन् । उनीहरूको रडाको सुनेर चालक जङ्गिन्छ। रीसले मुर्मुरिएर पत्रिकाले जीएम्लाई हान्छ र आपना सीटमा बसेर स्टियरिङ समाल्छ । जीएम्ले अर्कालाई र अर्काले अर्कालाई हान्दै जान्छन् । केही बेर हानाहान भए पछि अन्त्यमा

पत्रिका कच्याककुचुक भएर प्रेमका हातमा आइपुग्छ । उसले पत्रिका लिए-पछि हानाहान रोकिन्छ र बिस्तारै शान्ति स्थापित हुन्छ ।]

सेरचन– (बाहिर चिह्याउँदै) हेरहेर समसेर, हाम्रो हिमाल कस्तो धपक्क बलेको ?

समसेर– (हेरेपछि हाँस्दै) त्यो हाम्रो हिमाल होइन ।

सेरचन– (जोड दिंदै) किन होइन ? दुधजस्तो कस्तो सेतो हिउँ नै हिउँ छ !

समसेर– क्या गजप कुरा, हिउँ हुँदैमा हिमाल हुन्छ र ? भन् त, जति काला मेरै बाउका अथवा तेरै बाउका साला हुन्छन् र ?

सेरचन– लुकुरो बिग्रयो ! के हिउँ हुँदा पनि हिमाल नभएर धिमाल हुन्छ त ?

समसेर– सेरचन, तँ त तेरै हिमालमा मात्र हिउँ छ र अन्त कतै पनि हिउँ छैन जस्तो कुरो गर्छस् नि !

सेरचन– लुकुरो के भने विश्वको सबभन्दा अग्लो चुचुरो हिमाल हो र हिमालबाहेक अरू कहाँ छ त हिउँ ?

समसेर– धेरै ठाउँमा छ !

सेरचन– धेरै ठाउँमा होस्, (बाहिर देखाउँदै) तर ऊ त्यो त पक्कै हिमाल हो !

समसेर– (एक छिन बाहिर नियालेर) त्यो त हिउँहरूको ठूलो प्रदेश टुन्ड्रा हो, तेरो हिमाल होइन !

सेरचन– टुन्ड्रा अरे ?

समसेर– हो टुन्ड्रा !

सेरचन– लुकुरो बुझें, सबै बुझें !

समसेर– (अकमक्क परेर) के बुझिस् ?

सेरचन– लुकुरो सुन् ! पानीसंगै हाम्रो माटो बगेर जाँदाजाँदा कता हो कुन्नि नयाँ टापू बनेको छ अरे !

समसेर– त्यही क्या न्यू मूर भन्ने टापू !

सेरचन– अब लुकुरा यसरी बुझ् ! जसरी हाम्रो माटो बगेर जाँदा यो मूर टापू बन्यो त्यसरी नै हाम्रो हिमालको हिउँ पग्लेर जाँदा यो टुन्ड्रा प्रदेश बन्यो !

समसेर– (प्रभावित हुँदै) कुरो त हो जस्तो लाग्छ ! (उचालिएर हेर्दै) एकपटक फेरि हेरौं है त !

[दुवै बाहिर हेरेजस्तो गर्छन । कच्याककुचुक परेको पत्रिकालाई प्रेमले उल्लो पारेर समातेको र ऊ त्यसैमा टोलाएको । प्रिया चाहिँ गमक्क परेर बसेकी र केही बेरदेखि शून्यतिर हेर्दै गरेकी ।]

प्रेम– (पत्रिकामा टोलाउँदै) तँ कति राम्रो थिइस्, कच्याककुचुक भएर अगति परिस् ! प्रिया, सकिनै लागेको मेरो कथा तिमीले सुनिनौ भने म पनि यसै गरी अगति पर्छु । अब ‥अब अलि राम्ररी सुन ल !

प्रिया– (पड्किँदै) के मेरा कान कानेगुजीले टम्म टालिएका छन् र ! (मुख बिगार्दै) त्यसै पनि 'राम्ररी सुन ल' अरे !

प्रेम– कानमा कानेगुजी नहोला रे, तर व्यवहारमा त पूरै हाउगुजी छौ !

प्रिया– (झन् पड्किँदै) छु भने छु, कसैलाई के मतलब, के चासो, के वास्ता ?

प्रेम– मलाई आफ्नो कथा टुङ्ग्याउने वास्ता छ ! सुन प्रिया, म प्रेमासंग उसको घर गएँ । घर पनि कत्रो ठूलो ! कतै कोही थिएन ! कोठाहरू डङडङती खाली ! चारैतिर चकमन्न थियो । मेरो मुटु ढुकढुक गर्दै थियो । एक्कासि घ्याक्क भयो । म झसङ्ग भएँ । (हाँस्दै) उसले एउटा कोठाको ढैलो उघारेकी थी । ऊ त्यस कोठाभित्र पसी । म पनि पसें । कोठामा एउटा ठूलो पलङ थियो । पलङमा हाडछाला मात्र बाँकी रहेको कङ्कालजस्तो एउटा मानिस सुतिरहेको थियो । त्यो बिचेत थियो, तर त्यसको सास चल्दै थियो । त्यसको सास चल्दै थियो, तर मेरो सास रोकिएला जस्तो भयो !

प्रिया– (उपेक्षा मिसिएको उत्सुकतासाथ) अनि ?

प्रेम– अनि मैले प्रेमातिर हेरें। उसले बोल्नलाई मुख खोली। ऊ— (उसको आवाजमा) प्रेम, यही हो तगारो ! म – (आफ्नो आवाजमा) यो को हो ? ऊ –(उसको आवाजमा) मेरो लोग्ने ! म – (आफ्नो आवाजमा) तिम्रो लोग्ने ? ऊ — (उसको आवाजमा) हो, तर नपुंसक ! यस घृणित व्यक्तिले धनका बलमा मलाई पत्नीका रूपमा खरीद गर्‍यो र मेरो नारित्वलाई कुल्चिएर मलाई जीवित मृत्यु दियो। हो, यसले आफ्नो अथाह सम्पत्ति मलाई दियो, तर यसले मलाई एउटी नारीले पाउने वास्तविक सुखबाट वञ्चित गरायो। म – (आफ्नो आवाजमा) यो···यो किन यसरी विचेत छ ? ऊ – (उसको आवाजमा) आफ्नो नपुंसकता लुकाउन ! मर्फियाको इन्जेक्सनमा लट्ठ परेर यसले आफू नपुंसक भएको पीडालाई दबाउँछ, तर मेरो पीडा कसले देख्ने ?

प्रिया– (सहानुभूतिको स्वरमा) बिचरी, कस्तो भुमरीमा परिछ !

प्रेम– सारै नराम्रो भुमरीमा ! प्रिया, मैले उसको उद्धार गर्न कम्मर कसें। ऊ – (उसको आवाजमा) प्रेम, के तिमी आफ्नो वचन पूरा गर्न तयार छौ ? म – (आफ्नो आवाजमा) तयार छु प्रेमा, तर यस तगारालाई पन्छाउने उपाय के ? ऊ – (उसको आवाजमा) आऊ प्रेम, हामी दुवै मिलेर यसको घाँटी निमोठौं ?

प्रिया– आम्मै !

प्रेम– (आफ्नै सुरमा) उसको कुरा सुनेर म थरर्र काँपें। ऊ – (उसको आवाजमा) आऊ प्रेम, यसको घाँटी निमोठ र मलाई प्राप्त गर ! म – (आफ्नो आवाजमा) प्रेमा, म मानिस हुँ र विवशतामा मानिसको हत्या गर्न सक्तिन ! यसबाहेक अरू कुनै उपाय छैन ? ऊ – (उसको आवाजमा) छैन ! म – (आफ्नो आवाजमा) छ, प्रेमा ! ऊ – (उसको आवाजमा) के छ ? म – (आफ्नो आवाजमा) पारपाचुके ! ऊ – (उसको आवाजमा) त्यसो गर्दा मैले यसको अपार धनसम्पत्ति छाड्नु पर्छ र म यसको धनसम्पत्ति कुनै हालतमा पनि छाड्न चाहन्न ! म – (आफ्नो आवाजमा

प्रेमा, यो अनावश्यक हत्या हो र यस्तो हत्या म गर्दिन ! ऊ - (उसको आवाजमा) तिमी पनि कमल, नन्दन, सूर्यकुमार र अरुहरू झैं विश्वासघात गर्न खोज्दैछौ ! म - (आफ्नो आवाजमा) म होइन प्रेमा, तिमी विश्वासघात गर्दैछौ ! आफ्नो रूपजालमा फँसाएर तिमी मबाट नरहत्या गराउन खोज्दैछौ, तर म यो कुकृत्य गर्दिन !

प्रिया– (जोसका साथ) ठीक भन्यौ !

प्रेम– मेरा कुरा सुनेर ऊ बाघिनी झैं भड्की । विक्षिप्त भएर उसले मलाई चियोरी, ऊ चिच्च्याई, कराई र उसले मतिर पेस्तोल तेर्स्याई । ऊ - (उसको आवाजमा) प्रेम, यस पेस्तोलमा गोली भरिएको छ ! म - (आफ्नो आवाजमा) खुसीले गोली चलाऊ, तर म एउटा जघन्य काममा साथ दिन्न ! प्रिया, झन् दरो गरी पेस्तोल समाएर उसले क्रूर आँखाले मतिर हेरी । उसको र पेस्तोलको वास्ता नगरी मैले ढोकातिर मुख फर्काएँ, मेरा खुट्टा अघि सरे, मेरा कानले ड्याङ्ग पेस्तोल पड्केको सुने, मलाई आफ्नो सास रोकिएको भान भयो, तर···तर···मलाई गोली लागेको थिएन । मैले पछिल्तिर फर्केर हेरें, उसले आफ्ना कन्चटमा पेस्तोल हानेकी रहिछ ! ऊ भुइँमा पछारिएर काटिएको खसीबोक झैं छटपटाई, छटपटाई र शान्त भई ?

प्रिया– (सहानुभूतिका साथ) ओह !

प्रेम– (पीडाका स्वरमा) ओह !

प्रिया– (मुसुक्क हाँसेर) आहा !

प्रेम– (खुसीले जुरुक्क उठेर) के अरे, के अरे ?

प्रिया– (उभिँदै) तिमीलाई भनेको होइन, (उसलाई नै मायालु आँखाले हेर्दै) पहाडलाई भनेको !

[त्यतिखेरै एक्कसि बस रोकिएकाले हडबडाएर प्रिया प्रेमलाई समाउन पुग्छे । प्रेमले पनि उसलाई मायालु ढङ्गमा समाउँछ र बसाउँछ । परिवेशलाई बिर्सेर दुवै एकअर्कामा हराउँछन् । हरिया बत्ती निभेर रातो

बत्ती बलेपछि चालक आफ्नो सीटबाट उठ्छ र ढ्वाङबाट सूचना फुक्ने ढङ्गमा कराउन थाल्छ । सबैको ध्यान उसैतिर तानिन्छ, तर प्रेम र प्रिया पूर्ववत् एकअर्कामा हराएका ।]

चालक– (हात हल्लाउँदै र चारैतिर फर्किंदै) बसमा बसेका सकल उत्तीस-घोड-बत्तीघोडाहरू, सुन्नोस्, सुन्नोस् र सुन्नोस् ! यो वैकुण्ठ एक्सप्रेस मिनिबस अब यस्तो अन्धो गुफामा पस्छ जहाँ अँध्यारो, अँध्यरो र अँध्यारो मात्र छ । अन्धो गुफाको बाक्लो अँध्यारामा मानिस अरुबाट होइन खुद आफूबाट तर्सिन्छ । त ए उत्तिसघोडा-बत्तीस-घोडाहरू, सुन्नोस्, सुन्नोस् र फेरि सुन्नोस् ! अन्धो गुफामा तपाईंलाई चिथोर्न तपाईंकै मनको बाघ आउनेछ, तर नडराउनु होला । वनको बाघसंग डराउनु पर्छ, मनको बाघसंग के डराउनु ? त ए उत्तीसघोडा-बत्तीसघोडाहरू, सुन्नोस्, सुन्नोस् र फेरि पनि सुन्नोस् ! अन्धो गुफाको अँध्यारो सफर पाँच मिनेटको हो, केवल पाँच मिनेटको ! बसले ठीक पाँच मिनेटमा गुफा पार गर्नेछ ।

[चालक आफ्ना सीटमा बस्छ र बस चालू गर्ने काममा व्यस्त हुन्छ । रातो बत्ती निभेर हरिया बत्ती बल्छन् । हरिया बत्ती बल्नासाथ अरु जम्मै प्रकाश निभेर चारैतिर अन्धकार फिंजिन्छ । अन्धकारका साथै अन्धो गुफाको यात्रा सुरु हुन्छ । अँध्याराका संगसंगै यात्रुहरूको सम्मिलित कहाली एक पटक उर्लिन्छ र सेलाउँछ । त्यसै बखत टकटक जुत्ता बजाउँदै र सुस्तसुस्त गर्जन गर्दै मनको बाघको प्रवेश । उसमै मात्र पर्ने सीमित प्रकाशले उसलाई पछ्याउँदै गरेको बाघको जस्तै टाटेपाटे पहिरन र उस्तै अनुहार । उसका हातमा अनौठो किसिमको टर्च । ऊ बसमा उक्लिन्छ र टकटक जुत्ता बजाउँदै बसभित्रको निर्धारित बाटामा ओहोरदोहोर गर्न लाग्छ । पात्रहरूमध्ये जसका छेउमा पुगेर उसका जुत्ताको टकटक रोकिन्छ र उसले जसका मुखमा टर्चको उज्यालो पार्छ त्यसले मात्र आँखा उघार्ने र बोल्ने । अरू पात्रहरूको आँखा बन्द हुनु पर्छ । मनको बाघको आवाज इनारको गहिराइबाट निस्केको जस्तो । जससंग कुरो गर्नु पर्ने हो त्यसकै हाउभाउ र बोलीचाली उसले अँगाल्छ । सबभन्दा पहिला डकारमानका मुखमा टर्चको उज्यालो पर्छ ।]

डकारमान–(जुत्ताको टकटक रोकिएर मुखमा टर्चको उज्यालो परेपछि तर्सेर आँखा उघार्दै) ए, तँ को होस् केरे ?

बाघ– म डकारमान हुँ केरे !

डकारमान–तँ डकारमान होस् भने के म खकारमान हुँ केरे ?

बाघ– तँ पनि डकारमान, म पनि डकारमान ! ए डकारमान, त अफिसबाट किन सुटुक्क भागेको केरे ?

डकारमान–फोनबाट कि त्यो टेन्डर स्वीकार्ने कि राजीनामा दिने दबाउ परेकाले केरे !

बाघ– त्यो टेन्डर किन स्वीकार नगरेको केरे ?

डकारमान–त्यो टेन्डर अनुचित थियो केरे !

बाघ– त्यसो भए राजीनामा किन नदिएको केरे ?

डकारमान–राजीनामा दिंदा आफूमाथि अन्याय हुन्थ्यो केरे !

बाघ– (टर्च निभाउँदै) अनुचित – हाहाहा ! अन्याय – हाहाहा !

[**जुत्ताको टकटक । टकटक रोकिन्छ र पीएका मुखमा टर्चको उज्यालो पर्छ ।**]

पीए– (मुखमा टर्चको उज्यालो परेपछि बेसरी चिच्च्याउँदै), मरें बाबा ! मेरो कपाल कसले भुल्ल्याएको ?

बाघ– (मुखको चिविङगम प्वाट्ट फुटाएर) मैले !

पीए– (उसतिर हेरेर तर्सिंदै) तँ – तँ को होस् ?

बाघ– (चिविङगम चपाउँदै) म अलका हुँ, पीए अलका ?

पीए– होइन, तँ होइन म… म अलका हुँ !

बाघ– (चिविङगम थुक्तै) मलाई चिन्, म पनि तँ हुँ, अलका हुँ !

पीए– (चिविङगम चपाउँदै र छक्क पर्दै) ए !

बाघ– अलका, तँ लोग्ने छाडेर किन हिंडेकी ?

पीए– (चिविङगम प्वाट्ट फुटाएर) त्यो लोग्ने होइन, राक्षस हो ! रक्सी धोकीधोकी राक्षस बनेको त्यस दुष्टले सधैं मलाई निर्घातसंग कुट्छ र सधैं मर्नुबाँच्नुको दोसाँधमा पुऱ्याएर असह्य पीडा

दिन्छ । (दरो भएर) म बाँच्न हिँडेकी, नारीस्वतन्त्रता खोज्न हिँडेकी !

बाघ– (टर्च निभाउँदै) बाँच्न – हाहाहा ! स्वतन्त्रता – हाहाहा !

[जुताको टकटक । टकटक रोकिन्छ र खुसीरामको मुखमा टर्चको उज्यालो पर्छ ।]

खुसीराम– (मुखमा टर्च बालेपछि झस्केर आँखा उघार्दै) ए मान्छी, तों मेरो मुडीमा किन सवार भइलिएको ?

बाघ– अरे भलामान्छी, मो तो तेरो मुडी और भूँडीमा पनि सवार छ !

खुसीराम– (उसका मुखतिर हेरेर एकदमै तर्सिंदै) बाप रे बाप, यो तो मेरो सर्कसबाट छुटेर भागेको आदमखोर बाघ छ !

बाघ– मो बाघ होइन सतुवावाले भाइ, मो तो खुसीराम हो !

खुसीराम– तों खुसीराम कसरी भइजान्छ, खुसीराम तो मो हो !

बाघ– अरे मान्छी, तों यसरी बेखुसीराम किन बनिलिएको ? जरा औटा कुरा झट्ट सुनिले !

खुसीराम– कौनसा कुरा !

बाघ– सुन् भलामान्छी, तों पनि खुसीराम और मो पनि खुसीराम !

खुसीराम– यो के बता बोलेको, मान्छी ?

बाघ– ठीक बात बोलेको मान्छी ! अरे भलामान्छी, तों सर्कस छोडेर किन भागिलिएको ?

खुसीराम– मलाई एउटा ठूलो मान्छीले ज्यानसित मार्ने धम्की दिएको !

बाघ– के तों भागेर बाँचिजान्छम् त !

खुसीराम– जीवनको प्रश्न छ ! नभागेपछि तो मारिदिन्छ, भागेपछि जिन्दा पनि रहन सक्छ !

बाघ– (टर्च निभाउँदै) पलायन–हाहाहा ! जीवनको प्रश्न–हाहाहा !

[जुताको टकटक। टकटक रोकिन्छ र प्रियाको मुखमा टर्चको उज्यालो पर्छ।]

प्रिया– (झसङ्ग भएर आँखा उघार्दै) तँ…तँ को होस् ?

बाघ– तँ जे होस् ! हेर, म प्रिया नामकी जिनिस हुँ !

प्रिया– प्रिया म हुँ, तँ होइनस् !

बाघ– (हाँस्दै) कस्ती थेत्तर, तेरो चोथालो कालो कुकुरलाई खान दिऊँ कि क्या हो !

प्रिया– मेरा शब्दहरू बोल्ने तँ को होस् ?

बाघ– मैले पहिला नै भने, म प्रिया हुँ !

प्रिया– त्यसो भए म को हुँ त ?

बाघ– तँ पनि प्रिया होस् !

प्रिया– तँ पनि प्रिया, म पनि प्रिया, कसरी ?

बाघ– तँ तँ होस् र म तेरो मन हुँ ! ए प्रिया, आखिरमा तँ फसिस् होइन ?

प्रिया– म फँसेकी होइन, मैले प्रेम गरेको !

बाघ– तैँले प्रेम गरेको होइन, तँ फँसेकी होस् !

प्रिया– होइन, होइन !

बाघ– किन होइन ?

प्रिया– किनभने म नारी हुँ, प्रकृति हुँ र मेरो प्रेम एउटा प्रकृतिले एउटा पुरुषलाई सर्वस्व अर्पित गर्ने नैसर्गिक घटना हो, नैसर्गिक घटना !

बाघ– (टर्च निभाउँदै) प्रकृतिपुरुष–हाहाहा ! नैसर्गिक घटना–हाहाहा !

[जुताको टकटक। टकटक रोकिन्छ र सेरचनका मुखमा टर्चको उज्यालो पर्छ।]

सेरचन– (आँखा उघारेपछि डराउँदै) भूऽऽऽत् !

बाघ- लुकुरो बुझ्, म भूत होइन !

सेरचन- भूत होइन अरे ? त्यसो भए तँ को होस् त ?

बाघ- लुकुरो सुन्, म तँ हुँ !

सेरचन- तँ म होस्, लुकुरो बुझिएन !

बाघ- तँ बाहिर देखिने सेरचन होस् र म चाहिं भित्री सेरचन हुँ, तेरो मन हुँ !

सेरचन- लुकुरो त्यसो रहेछ !

बाघ- हो ! ए सेरचन, तँ सुत्केरी स्वास्नीलाई त्यसै अलपत्र छाडेर किन भागेको ? लुकुरो भन्, छिटो भन् !

सेरचन- त्यो पातर्नी ! त्यसले अर्कैबाट पेट बोकेको थी र म आफ्नो इज्जत जोगाउन भागेको, म आफ्नै वंश पैदा गर्न हिंडेको !

बाघ- (टर्च निभाउँदै) इज्जत-हाहाहा ! वंश-हाहाहा !

[जुत्ताको टकटक । टकटक रोकिन्छ र प्रेमका मुखमा उज्यालो पर्छ ।]

प्रेम- (ननिको मानेर आँखा उघार्दै) तँ को ?

बाघ- आहा, क्या पहाड !

प्रेम- तँ को भन्या ?

बाघ- म प्रेमप्रकाश 'प्रवासी' !

प्रेम- प्रेमप्रकाश 'प्रवासी' अरे ? त्यो त म हुँ !

बाघ मलाई थाहा छ ! तँ मभन्दा बेग्लै केही होइनस् !

प्रेम- के अरे ?

बाघ- तँ मेरो शरीर होस् र म तेरो मन हुँ ।

प्रेम- ए, त्यसो हो !

बाघ- प्रेम, कतै तेरो दाउ प्रियालाई बिगार्ने त छैन ?

प्रेम- छैन, छैन ! म प्रियासंग वासनात्मक होइन, आत्मिक र निस्वार्थ

प्रेम गर्छु ।

बाघ - (टर्च निभाउँदै) आत्मिक प्रेम–हाहाहा ! निस्वार्थ प्रेम–हाहाहा!

[जुत्ताको टकटक । टकटक रोकिन्छ र हिप्पी युवतीका मुखमा टर्चको उज्यालो पर्छ ।]

युवती– (मुखमा टर्च परेपछि झस्किंदै) आआआ ··?

बाघ– (यताउति हेर्दै) ओहो अन्धो गुफा त सकिन लागेछ ! ए लाटी तँसंग कुरा गर्ने समय रहेन ! म जान्छु. (लाटो बोलीमा) आआआ···! (टर्च निभाउँदै) आआआ–हाहाहा !

[टकटक जुत्ता बजाउँदै मनको बाघ छिटोछिटो हिंड्छ र बसबाट ओर्लेर मञ्चबाहिर निस्किन्छ । जसैजसै उसको जुत्ताको टकटक टाढा हुँदै जान्छ त्यसैत्यसै उज्यालो फिजिंदै जान्छ । पूरै उज्यालाका साथ अन्धो गुफाको यात्रा टुङ्गिन्छ । गुफाबाहिर निस्केकामा सबैले खुसीको सास फेर्छन्, तर प्रेम र प्रिया उसै गरी एक अर्कामा हराएका । अन्धो गुफाबाट निस्केपछि बस रोकिन्छ । हरिया बत्ती निभेर रातो बत्ती बल्छ । चालाक जुरुक्क उठ्छ ।]

चालक– (हात हल्लाउँदै र चारैतिर फर्किंदै) बसमा बसेका सकल उत्तीस घोडा-बत्तीसघोडाहरु, अब तपाईं सबै चियासिया खान जानोस् !

[एकएक गरेर सबै बसबाट ओर्लिन्छन् । सबैभन्दा पछि हिप्पी युवक र हिप्पी युवती हातेमालो गरेर ओर्लिन्छन् । सबै ओर्लिसक्ता पनि प्रेम र प्रिया उही एक अर्कामा हराएको स्थितिमा रहेका । ओर्लिसकेको हिप्पी युवक फेरि बसमा उक्लिन्छ र प्रेम एवं प्रियाका छेउमा आउँछ । छेउमा आएर पहिला उसले स्थितिको निरीक्षण गर्छ, अनि खिसिक्क हाँसेर जोडसंग गिटार बजाउँछ । गिटारको चर्को स्वरले दुबैलाई झल्स्याँस्स पार्छ ।]

प्रेम– (वरपर हेर्दै र उदेक मान्दै) सबै ओर्लेछन्, हामी पनि ओर्लौं !

प्रिया– (लाज मान्दै र हडबडाएर उठ्दै) जाऊँ !

[गिटार बजाउँदै अघिपछि हिप्पी युवकहरू र पछिपछि उनीहरू तल ओर्लिन्छन् । बस पूरै रित्तो हुन्छ । तल ओर्लेका पात्रहरू धमाधम बाहिर निस्कनथालेपछि पर्दा बन्द ।]

॥ मध्य ॥

॥ फेरि आरम्भ ॥

[फेरि पर्दा खोलिन्छ । उही बस, तर रित्तो । बसको पछिल्लो भागमा रातो बत्ती बलेको । चियासिया खान गएकाहरू धमाधम फर्किन्छन् र आफ्नाआफ्ना सीटमा बस्छन् । चालक सबै आए कि आएनन् भन्ने बुझ्न यताउति हेर्छ । प्रेम र प्रियाको सीट अझै रित्तो । दुबै सीट रित्तो देखेर केके न बुझेको जस्तो गरी उसले सुसेल्न खोज्छ,तर सुसेल्न बाटुलिएका उसका ओठ स्वतः फिंजिएर जान्छन् र अनौठो किसिमबाट उसका दाँत देखिन थाल्छन् । त्यसै बखत बसका केही यात्रुहरूले संगसंगै बोलेको कल्याङमल्याङ सुनिन्छ । एकसाथ बोलिएका संवादहरू मिसिएर नबुझिने बनि हुनसक्छ । बुझिने वा नबुझिने जे भए तापनि झन्डैझन्डै एउटै समयमा बोल्ने क्रम केही बेर चल्छ ।]

जीएम्– (पीएसंग) अहिले बस चलेको छैन कि क्या हो, मिस पीए ? (उसले नकारात्मक मुन्टो हल्लाउनुअघि) हत्तेरिका, म पनि कस्तो एब्सेन्ट माइन्डेड ! (पाइप तानेर धुवाँ फाल्दै) क्या अचम्म, नचलेको बसलाई पनि म चलेको ठान्दो रहेछु ! (पाइप हातमा लिएर बाहिरतिर हेर्न थाल्छ ।)

डेभिड– (जीएम्ले बोल्न सुरु गरेकै बेला चेमजोङसंग) अब लेट गर्न चाहिन्न, छिटोछिटो जान चाहिन्छ । (चालकलाई सुनाउने गरी कराएर) हलो ड्राइभर, ऐले गाडी चालू गर्नु पर्छ ! छिटो जान चाहिन्छ, छिटो ! (गाडी नहिँडेकामा वाल्ल परेर यताउति हेरिरहन्छ ।)

डकारमान– (जीएम् र डेभिडले बोल्ने सुरु गरेकै बेला प्रेम र प्रियाको रित्तो सीटतिर देखाएर फतफताउँदै) तिनलाई जाने हतार किन नभए-को केरे ? अझै आएनन् वा ! कि नआउने हुन् केरे ? के ठेगाना, दुवैको मन मिलेकै छ, त्यतै कतै घरजम गरेर बस्न पनि बेर छैन केरे !

समसेर– (जीएम्, डेभिड र डकारमानले बोल्न सुरु गरेकै बेला आजित मान्दै र हाइ काढ्दै) कति पर्खिनु, पर्खिनुको पनि त एउटा भाँति हुन्छ ! बीच बाटामा त्यसै छाडेर जान पनि मन मान्दैन कुरेर बस्दा कति बेर डल्लिनु पर्ने हो कुन्नि ? प्रेमको रोगले बितायो बाबाठाकुरे ! (टाउको समाएर छटपट गरिरहन्छ ।)

सेरबन– (माथिका चारै जनाले बोल्न सुरु गरेकै बेला निर्णयात्मक स्वरमा) लुकुरो बुझियो, प्रेममा मस्त भई दुनियाँलाई चटक्क बिर्सिदिने चखेवा-चखेवीको त्यो जोडी छिटो फर्किन्न ! आफूलाई वैकुण्ठ पुग्ने कत्रो हतार छ, तर ती उरन्ठेउलाहरूले मारे !

[कल्याङमल्याङको यो क्रम चलिरहेकै बखत प्रेम र प्रिया हाँस्दै-हाँस्दै आउँछन् र प्रसन्न मुद्रामा आपनाआपना सीटमा बस्छन् । उनीहरू बस्नासाथ चालकले बस चालू गर्छ । रातो बत्ती निभेर हरिया बत्तीहरू बल्छन् । यात्रा फेरि सुरु हुन्छ ।]

प्रिया– चिया दोकानमा त्यत्रो लम्बेचौडे गफ गरियो, तर तिमी के गर्छौ भनेर सोध्न चाहिं भुसुक्कै बिर्सेछु !

प्रेम– जसरी वर्षाले गर्छ वर्षा र गर्मीले गर्छ गर्मी, त्यसरी प्रेमले गर्छ प्रेम !

प्रिया– (फन्केजस्तो गरेर) त्यो होइन, मैले तिम्रो कारबार सोध्या !

प्रेम– जब तिमी फन्किन्छ्यौ नि प्रिया, तब गमलामा कुनै सुन्दर फूल विद्रोह गरेर एक्कासि फक्रेको जस्तो लाग्छ !

प्रिया– (मुसुक्क हाँस्दै) अनि नफन्किँदा नि ?

प्रेम– जब तिमी नफन्किन्छ्यौ प्रिया, तब गमलामा फक्रेको त्यो सुन्दर

फूल मन्दमन्द हावासंग नाचेको जस्तो लाग्छ !

प्रिया– तिम्रो काम यसै गरी कुराको छुरा धस्नु त होइन ?

प्रेम– कुराले खान दिने भए त कुराँटे-कुराँटेले भरिएको हाम्रो देश विकाशशीलबाट उहिल्यै विकसित राष्ट्र भइसक्थ्यो । प्रिया, मेरो काम हो दाँत !

प्रिया– दाँत, के दाँत ?

प्रेम– दाँत भनेको दाँत ! (चपाएजस्तो गरेर) खाने दाँत, अनि (ङिच्च गरेर) देखाउने दाँत !

प्रिया– के तिमी हात्तीदाँतका बेपारी हौ ?

प्रेम– जङ्गल मासेर हात्तीलाई लात्ती लगाएपछि कहाँ पाउनु हात्तीदाँत ? म त प्रिया, मानिसका भत्केकाबिग्रेका, टुटेकाफुटेका, सडेका-गलेका दाँतको मरमत गर्छु, मरमत !

प्रिया– त्यसो भए के तिमी डेन्टिस्ट हौ ?

प्रेम– हो, म दाँतको डाक्टर हुँ ! मेरो आफ्नै सानोसानो क्लिनिक छ । रोगीले ऐय्या भन्न नपाउँदैमा दाँत उखेलेर उसका हत्केलामा राखिदिनु मेरो खास विशेषता हो ! ल एक पटक आँ गर त !

प्रिया– (थोते बोले झैं) दाँत उखेलिमागेर मलाई अहिले नै थोतिनु छैन !

प्रेम– उखेल्न होइन जाँच्न !

प्रिया– जाँच्न हो भने त ठीकै छ, तर मैले ऐय्या भन्न नपाउँदैमा मेरो दाँत उखेलेर मेरै हत्केलामा राख्ने काम चाहि नगर है त ! (मुख बाएर) आँआँआँ··· !

प्रेम– मुखको थ्यालीमा दाँतको क्या राम्रो ग्याली, तर (जाँचिजस्तो गरेर) भित्रपट्टि त, ओहो, पुष्टकारी खाईखाई कस्तरी दाँत बिगारेको !

प्रिया– पुष्टकारी त म खूबै खान्छु । (फेरि मुख बाउँदै) आँआँआँ··· !

प्रेम– (गहिरो गरी जाँचिजस्तो गरेर) एहे, ऊ त्यो बङ्गारो त खोक्रो लट्ठा झैं ढल्नै पो लागेको छ !

प्रिया– (आँ गर्न छाडेर) भोभो, मेरा दाँत ठीक छन् !

प्रेम– त्यसैले त बित्यास पर्‍यो, नत्र सेवा गर्ने मौका त पाउने थिएँ !

प्रिया– मनमा सेवाको भावना हुनु पर्छ, मौका त जत्ति पाइन्छ जत्ति !

प्रेम– (हाँस्दै) दामी सुझाउका निम्ति धन्यवाद ! दाँत मरमत गर्नु बाहेक म एउटा अर्को काम पनि गर्छु ।

प्रिया– के काम ?

प्रेम– म 'प्रवासी' का नामले गीत रच्छु, गीत !

प्रिया– तिमी गीत रच्ने गीतकार पनि हौ ?

प्रेम– सत्य वचन म्याडम, म गीतकार पनि हुँ ! रेडियोमा बज्ने धेरै-जसो हिट गीतहरू मेरै रचना हुन् ।

प्रिया– त्यसो भए आजदेखि रोजै म तिम्रा गीतको फर्माइस लेखेर पठाउँछु र (मुसुक्क हाँस्दै) सुनिरहन्छु ।

[त्यसै बखत सेरचनले वाक्कवाक्क गरेको ठूलो स्वर सुनिन्छ । ऊ वाक्कवाक्क गरिरहन्छ र अरूहरू नाक थुन्ने, रिसाउने आदि गर्छन् । छादेको देखेर पहिला खुसीरामलाई र पछि पीएलाई पनि वाकवाकी लाग्छ । सङ्क्रामक रोग झैं अधिकांशलाई एकछिन वाकवाकीले छुन्छ, अनि मथ्थर भएर जान्छ ।]

प्रेम– (प्रियाले मुख कस्तोकस्तो पारेकी हुँदा) के भयो हँ ?

प्रिया– मलाई पनि हुलुक्क आउला जस्तो भयो !

प्रेम– जङ्गलमा एउटा स्यालले हुवाँ गरेपछि अरु स्यालले पनि हुवाँहुवाँ गरेजस्तै एकजनाले वान्ता गरेपछि अरुलाई पनि वाकवाकी लाग्छ । यस्तामा प्रिया, मनलाई दरो पार्नु पर्छ, दरो !

प्रिया– (विवशतासाथ) मनलाई दरो पार्न म जान्दिन ! (कस्तोकस्तो मुख पारेर) ओहो, फेरि हुँडलेर आउन लाग्यो !

प्रेम– मनलाई दरो पार्न आँखा चिम्लिनु पर्छ ! ल, चिम्ल आँखा !

प्रिया– (एकछिन दुवै आँखा चिम्लेपछि) दुवै आँखा चिम्लिदा त सास

फेर्नै गारो भो, (एउटा आँखा उघार्दै) एउटा आँखा खोल्दा हुन्न ?

प्रेम– हुन्न !

प्रिया– (अर्को आंखा पनि खोल्दै) किन हुन्न ?

प्रेम– किनभने एउटा आँखा खोल्दा मन आधा दरो र आधा लुलो हुन्छ । (छक्क पर्दै) ल, तिमीले दुवै आँखा किन उघारेकी ?

प्रिया– मैले आफ्नो मनलाई दरो पारेर वाकवाकी रोकें !

प्रेम– (मरीमरी हाँस्दै) तिमीलाई वाकवाकी लाग्न छाडेको मनलाई दरो पार्नाले होइन !

प्रिया– अनि के ले हो त ?

प्रेम– कुरामा भुलिएर वाकवाकी लाग्न छाडेको हो ! तिमीलाई कुरामा भुलाउन मैले मनलाई दरो पार्ने कुरो झिकेको थिएँ । कुरामा भुलिइनौ भने प्रिया, फेरि वाकवाकी लाग्न सक्छ !

प्रिया– त्यसो भए मलाई कुरामा भुलाएर राख्ने जिम्मेवारी तिम्रो भयो ! के तिमी मेरो लागि यो जिम्मेवारी लिन सक्छौ ?

प्रेम– अवश्य ! अब म आफ्नो जिम्मेवारीको टुकी बालेर निभाउनतिर लाग्छु ! अँ त प्रिया, तिमी के काम गर्छ्यौ ?

प्रिया– म खनजोत गर्छु, खनजो ~ !

चालक– (हात हल्लाउँदै र चारैतिर फर्किंदै) बसमा बसेका सकल उत्तीसघोडा-बत्तीसघोडाहरू, सुन्नोस्, सुन्नोस् र सुन्नोस् ! यो वैकुण्ठ एक्सप्रेस मिनिबस अहिले कल्पनालोकको सीमामा अडिएको छ । बस कल्पनालोकमा पसेपछि तपाईं सबैले आफ्नाआफ्ना कल्पनालाई सपना देखे झैं झलझली देख्न थाल्नु हुनेछ र देखेको कल्पनालाई मुखले बयान गर्न थाल्नु हुनेछ । त ए उत्तीसघोडा-बत्तीसघोडाहरू, सुन्नोस्, सुन्नोस् र फेरि सुन्नोस् ! तपाईंहरूले कल्पनामा भविष्यको संसार देख्नु हुनेछ, आजभन्दा धेरैधेरै पछिको संसार ? ए उत्तीसघोडा-बत्तीसघोडाहरू, सुन्नोस्, सुन्नोस् र फेरि पनि सुन्नोस् ! तपाईंहरूले कल्पनामा डुल्न पाउने समय पन्ध्र मिनेट, केवल पन्ध्र मिनेट ! बसले ठीक पन्ध्र मिनेटमा कल्पनालोक पार गर्छ ।

[चालक बस्छ र बस चालू गर्छ । रातो बत्ती निभेर हरिया बत्ती बल्छन् । यसका साथै झिलिकझिलिक गर्दै अनेक रङ्गका बत्तीहरू बल्दनिभ्न थाल्छन् र कल्पनालोकको यात्रा थालिन्छ । बत्ती झिलिकझिलिक गर्न थालेपछि सबै आत्मस्थ हुन्छन् र टोलाउन थाल्छन् । तिनका-ओठ केही बोले झैं हल्लिरहन्छन् ।]

शिशिर– (कल्पनामा डुबेर) चिहाँचिहाँ, म जन्मिदै छु, म जन्मिदै छु !

बसन्त– (उसै गरी) तेरा पछिपछि म पनि जन्मिदै छु, चिहाँचिहाँ !

शिशिर– म एउटा भयङ्कर चिहानमा जन्मिदै छु ! चारैतिर बम खस्दैछन्, बम !

बसन्त– म पनि त्यही भयङ्कर चिहानमा जन्मिदै छु । बमको विषालु ग्याँस मेरो रगतमा दगुर्न थालेको छ !

शिशिर– चिहाँचिहाँ, (करुण स्वरमा) अब भयो, अब बम नखसाऊ, नखसाऊ !

बसन्त– चिहाँचिहाँ, अब दुध खसाऊ, अब फूल खसाऊ !

दुवै– भोक लाग्यो, चिहाँचिहाँ ! बम नखसाऊ, चिहाँम··· !

[दुवैले मुख छोप्छन् । प्रेम चाहिं मुखबाट रकेट उडेको आवाज निकाल्छ । रकेट कतै ओर्लेर रोकिएको आवाज ।]

प्रेम– (कल्पनामा डुबेर चारैतिर नियाल्दै) कति राम्रो ग्रह ! यो कुन ग्रह हो ? आहा, चारैतिर क्या मजामजाका फूल फुलेका ! ल, यी फूल त बोल्दा पनि रहेछन् ! स्वागत छ आगन्तुक अरे ! धन्यवाद भाइ गुलाफ, धन्यवाद बहिनी चमेली । (उदेक मान्दै) ओहो, त्यो डरलाग्दो घन्टाउके को हो ? त्यो हाम्रो काल हो, त्यसले कुल्चीकुल्ची हामीलाई सखाप पार्छ अरे ! नडराऊ लालीगुराँस, म त्यस घन्टाउकेलाई मार्छु र तिमीहरूलाई जोगाउँछु । म त्यसलाई मार्छु··· म त्यसलाई मार्छु ··· !

[प्रेम हावामा मुड्की बजार्न थाल्छ । त्यस बखत जीएम् आफना दुवै हात पखेटा झैं चाल्दै हुन्छ ।]

जीएम्- (कल्पनामा डुबेर पखेटा झैं हात चाल्दै) ओहो, म आकाशमा उड्दै छु ! पखेटा छैनन् तैपनि क्या मजाले कावा खाँदैछु ! (पर हेर्दै) एहे, त्यो कालोकालो के आउँदै छ हँ ? काग हो क्यार ! (भलाकुसारी गर्ने ढङ्गमा) हलो मिस्टर काग, तिमीलाई सन्चै छ ? के सन्चो हुनु अरे ! किन काग दाई ? आकाश अब आकाश नरहेर स्टार वारको अखडा बनेकाले बिसन्चो मात्र भइरहन्छ अरे! (अर्कातिर हेरेर) वाहवाह म्याडम परेवी, तिम्रा श्रीमान् खोइ नि ? अशान्तिवादीहरूले जिउँदै पोलेर खाए अरे ! (झट्ट अर्कातिर हात हल्लाउँदै) बाइ मिस्टर सुगा, वाइ ! ओहो डाँफे, तिमी किन यसरी पहेंलिएका ? हावामा विष फिंजिएको छ अरे ! (उदेक मान्दै) त्यो···त्यो के हो नि ? ड्रागन हो क्यार ! होइन-होइन, त्यो ड्रागन होइन, डरलाग्दो मिजाइल हो ! ल, त्यो मिजाइल त तलतिर पो लाग्यो ! ओहो, मिजाइल त मानिसहरूको ऊ त्यस बस्तीमा कहर बनेर बज्रिन्छ होला ! (दरो भएर) म बज्रिन दिन्न, म त्यसलाई बीचमै पक्रिन्छु र अन्तरिक्षतिर हुर्‍याउँछु । (च्याप्प समाएको जस्तो गरेर) हो अन्तरिक्षतिर, जहाँबाट यो घातक मिजाइल धरतीमा फर्किन सक्तैन !

[जीएम् माथितिर मिजाइल हुर्‍याएको जस्तो गरिरहन्छ । त्यसै-बखत प्रिया पालैसंग दुवै कुम हल्लाएर हिंडेको भाव प्रदर्शित गर्छे ।]

प्रिया- (कल्पनामा डुबेर रमाउँदै) क्याबात्, म त पानीमाथि हिंड्दै छु ! आहा, पानीमा हिंड्नु क्या रमाइलो, कति कोमल ! (दगुर्ने मुद्रा बनाउँदै) एक, दुई, तीन ! अब म पानीपानीको समुद्र दगुरेर पार गर्छु ! (लगत्तै दुखी हुँदै) तर·· तर यो त रगतै रगतको समुद्र रहेछ ! (कहालिँदै) म डुब्न लागें ! मलाई बचाऊ, बचाऊ ··गोहार···गोहार··· !

[डुब्न लागेको व्यक्ति झैं प्रियाले दुवै हात माथितिर उचाल्छे । त्यसै बखत समसेरले पर केही देखेको जस्तो गर्छ ।]

समसेर– (कल्पनामा डुबेर केही नियाल्दै) आम्मै, कति ठूलो भित्तेपाटी ! त्यसमा के लेखिएको छ, हँ ? (पढेजस्तो गरेर) 'मानव आरक्षण केन्द्र'। (छक्क परेर बर्बराउँदै) क्या अचम्म, जङ्गली जनावर भैं मानिसको पनि आरक्षण केन्द्र खुलिसकेछ ! (फेरि नियाल्दै) त्यो भित्तेपाटीमा अरु पनि केही लेखिएको छ ! (फेरि पढेजस्तो गरेर) 'मानव प्रजातिको प्राणी हाल संसारमा लोप भइरहेको हुँदा यसलाई नोक्सान पुऱ्याउन अथवा यसको सिकार खेल्न सख्त मनाही छ'। (यताउति हेर्दै) ल, यी बाघ, भालु, हात्ती, गैंडाहरू सुटेडबुटेड भएर आरक्षण केन्द्रमा किन आएका ? एहे, यिनीहरू त आरक्षण केन्द्रका गुफागुफामा सुरक्षित राखिएका मानिसलाई हेर्न र रमाइलो गर्न पो आएका रहेछन् ! आहा, आरक्षण केन्द्रको गुफा नम्बर दुईबाट एउटा मानिस बाहिर निस्किदै छ। (छक्क पर्दै) त्यो…त्यो बाघको डमरुले मानिसलाई के दिएको ? ए, त्यसले त मानिसलाई बिस्कुट खान दिँदैछ। ओहो, गुफाको त्यस मानिसले त बिस्कुट चपाउन सकेन ! (दुखी हुँदै) ज्या, मानिस कति कमजोर भएछ ! ल, त्यसले त बिस्कुट पनि चुसेर खान थाल्यो ! ओहो, मानिसलाई के भएछ, (रुँदै) मानिसलाई के भएछ ?

[समसेर धुँक्कधुँक्क गरेर रोइरहन्छ। त्यसै बखत पीए खूबै खुसी भएर थपडी पिट्न थाल्छे ।]

पीए– (कल्पनामा डुबेर खुसीले थपडी पिट्दै) क्या राम्रा सुनका मानिसहरू ! यिनका त घर पनि चाँदीका छन् ! बाटो पनि हीरा र मोती छापेर बनाइएको छ ! ओहो, कति सम्पन्न मानिस, कति सन्तुष्ट मानिस ! (उदेक मान्दै) तर…तर यिनीहरू किन बोल्दैनन् ? आपसमा भलाकुसारी र कुराकानी किन गर्दैनन् ? यिनीहरू आफैंमा यति केन्द्रित र संतुष्ट किन छन् ? (सम्बोधन गर्ने ढङ्गमा) ए सुनका राम्रा मानिसहरू, तिम्रा अनुहारमा मानवीय आवेग र सुखदुखका भावना किन छैनन्, किन छैनन्, किन…?

[पीए छटपट-छटपट गर्न थाल्छ । त्यसै बखत खुसीराम घाँटी तन्काएर परपर हेर्न थाल्छ ।]

खुसीराम- (कल्पनामा डुबेर हेर्दै) अरे, त्यहाँ के बात भएको छ ? किन मान्छेहेरुको भीड लागिगएको छ ! मो आफैं गएर हेरिलिन्छु। (कसैसंग सोधेको जस्तो गरेर) अरे ओ टाइवाले भाइ, त्यहाँ के हुन्दैछ ? मान्छीको प्राण बेचिन्दै छ अरे ! मरेको मान्छीले त्यो प्राण लगाइलियो भने फेरि जिन्दा भइहाल्छ अरे ! (भीडमा पसे-जस्तो गरेर) अरे भलामान्छीहेरु, जरा मलाई रास्ता देऊ, मो पनि ओटा प्राण किन्छ ! हट न भाइ, हट ! अरेरे, मलाई किन पीछे धकेलेको ? म गिरिजान्छु भन्छ ! ओफ्, भीड मान्दैन ! अब मो प्राण कसरी किन्ने ? (कराउँदै) अरे ओ प्राण बेचनेवाले भाइ, ओटा प्राण मलाई पनि देऊ ! (निराश हुँदै) सुन्दैन, कोही सुन्दैन · !

[खुसीराम निराश भएर छाती पिट्न थाल्छ । त्यसै बखत डकारमानले अफ्नो टाउको बेसरी अँठ्याउँछ ।]

डकारमान-(कल्पनामा डुबेर रुँदै) उँहुँहुँ, मेरो टाउको मुसाले लग्यो ! उँहुँहुँ, मुसाले मेरो टाउको दुलाभित्र लग्यो ! पक्र, पक्र, उँहुँहुँ···उँहुँहुँ ··! लग्यो, लग्यो, उँहुँहुँ···उँहुँहुँ···!

[डकारमान घोप्टो परेर उँहुँहुँ गरिरहन्छ । त्यसै बखत ट्वाल्ल परेर मर्कसिंह मास्तिर हेर्न लाग्छ ।]

मर्कसिंह- (कल्पनामा डुबेर मास्तिर हेर्दै) ओहो, क्या वडो घन्ट ! म यो घन्ट बजाउँछु र सुतेको संसारलाई जागा गराउँछु । म घन्ट बजाउँछु, (घन्ट बजाए झैं हात चलाउँदै) टाङटाङ–टाङटाङ · !

[मर्कसिंह घन्ट बजाएको जस्तो गरिरहन्छ । त्यसै बखत बाबुकाजी माइक समाएको जस्तो गरी बोल्न थाल्छ ।]

बाबुकाजी–(कल्पनामा डुबेर रनिङ कमेन्ट्री बोले झैं) ताराहरू, सबका सबै ताराहरू ठक्कर खाँदैछन् ! एउटाताराले अर्कालाई र अर्काले अर्कालाई धुलोपीठो पार्दैछ । धुलो जति बररर पृथ्वीमा झर्दैछ । ताराहरूको धुलो झरेर पृथ्वीको सहर र गाउँ पुरिंदो छ, खेत र वन पुरिंदो छ, नदी र पोखरी पुरिंदो छ । लौलौ, समुद्र पनि पुरिंदो छ । सब पुरिंदो छ, पृथ्वी नै पुरिंदो छ ! (चिच्च्याउँदै) मरें, म पनि पुरिएँ, म पनि···!

[पुरिएको ठाउँबाट उम्किन बाबुकाजी यताउति खोस्रेको जस्तो गर्न थाल्छ । त्यसै बखत सेरचन चर्को स्वरमा कराउँछ ।]

सेरचन– (कल्पनामा डुबेर अतालिंदै) हुरी, हुरी, हुरी ! ओहो, हुरी, हुरी, हुरी ! हुरी नै हुरी, हुरी नै हुरी, हुरी नै···!

[यत्तिकैमा झिलिकझिलिक गर्ने बत्तीहरू निभ्छन् र कल्पनालोकको यात्रा सकिन्छ । कल्पनालोक पार गरेपछि एकछिन सबै एकाअर्कातिर विचित्र आँखाले हेर्छन् ।]

प्रेम– (सम्झेर) अघि तिमी आफ्नो काम खनजोत भन्दै थियौ ! के खनजोत ?

प्रिया– खनजोत मेरो काम हो, पेसा हो । म खनजोत गर्छु ।

प्रेम– के तिमी हाम्रो कृषिप्रधान देशकी कृषिबाला अर्थात् महिला किसान हौ ?

प्रिया– (गम्म परेर) म किसान होइन, तर म खनजोत गर्छु !

प्रेम– यो त 'म देशभक्त होइन, तर म देशको सेवा गर्छु' भने जस्तै कुरो भएन र !

प्रिया– प्रेम, कालाबजारिया र भ्रष्टाचारीहरू पक्कै पनि देशभक्त हुँदैनन्, तर के उनीहरूले बाढीपीडित र केके का लागि दिएको मोटो चन्दारकमलाई देशसेवा भनेर गुणगान गरिन्न र ?

प्रेम– गरिन्छ !

प्रिया– त्यसो भए जसरी देशभक्त नभई देशको सेवा गर्न सकिन्छ, त्यसै गरी किसान नभई खनजोत पनि गर्न सकिन्छ । प्रेम, म रूप र सौन्दर्यको खनजोत गर्छु ।

प्रेम– रूप र सौन्दर्यको खनजोत ? प्रिया, के तिमी ब्रुसद्वारा क्यानभासमा चित्र कोरेर सौन्दर्यको खनजोत गर्छ्यौ ?

प्रिया– होइन, म चित्रकार होइन !

प्रेम– होइन अरे ? त्यसो भए के तिमी छिनुद्वारा ढुङ्गामा मूर्ति कुँदेर रूपको खनजोत गर्छ्यौ त ?

प्रिया– होइन, म मूर्तिकार पनि होइन !

प्रेम– फेरि होइन ? त्यसो भए पक्कै तिमी कैंचीद्वारा कपडामा सौन्दर्यको खनजोत गर्छ्यौ होली ?

प्रिया– अहँ, होइन ! म सूचीकार पनि होइन !

प्रेम– फेरि उही होइन ! तिम्रो त मुखैमा होइन झुन्डेजस्तो छ ! भन त, तिमी के गर्छ्यौ ?

प्रिया– तिम्रो सानोसानो क्लिनिक भएजस्तै मेरो पनि सानोसानो ब्यूटी पार्लर छ, त्यसैलाई चलाउँछु ।

प्रेम– ए ! त्यसो भए तिमी हेयर ड्रेसिङ···(झट्ट सम्झेर) केशविन्यास गर्छ्यौ ?

प्रिया– केशविन्यास मात्र होइन, म पूरै रूपको विन्यास गर्छु । रूपभित्र मानिसका खुरदेखि सिरसम्मका सारा कुरा पर्छन् र मेरो ब्यूटी पार्लरमा सारा कुराको सिंगारपटार गरिन्छ ।

प्रेम– बुझें बुझें, तिमी आफ्ना ब्यूटी पार्लरमा आउने छ्वाँकि, कोप्चे, ख्वाँचे र खाउडे ग्राहकहरूको रूपविन्यास-कलाद्वारा सौन्दर्यको खनजोत गर्छ्यौ र चिटिक्क परेको सुहाउँदो रूप दिन्छ्यौ !

प्रिया– त्यति मात्र होइन, मेरो पार्लरमा मोटामोटीलाई दुब्लादुब्ली र दुब्लादुब्लीलाई मोटामोटी पनि पारिन्छ ।

प्रेम– ओहो !

प्रिया– अनि कस्तो आँला हुनेले कुन आकारको कत्रो नङ पाल्ने, कस्तो आँखा हुनेले गाजलको कस्तो र कति लामो कोस झिक्ने, कस्तो ओठ हुनेले कुन तवरबाट कति सेन्टिमिटर हाँस्ने र कस्तो मुख हुनेले बोल्दा कति मुख खोल्ने भन्ने वैज्ञानिक सल्लाह पनि मेरो पार्लरमा दिइन्छ।

प्रेम– मैले कति मुख खोलेर बोल्दा सुहाउला, सल्लाह पाउन सक्छु कि?

प्रिया– यसका लागि पहिला तिम्रो खनजोत गर्नुपर्छ !

प्रेम– मेरो खनजोत ?

प्रिया– हो ! तिमीले बोल्दा तिम्रो मुख कस्तोकस्तो हुन्छ भन्ने नमुनाहरू पहिला हेर्नुपर्छ !

प्रेम– ए ! म नमुना दिन तयार छु, तिमी मेरो खनजोत गर !

प्रिया– त्यसो भए तिमी आफ्ना दुवै ओठलाई गोलो पारी कुनै एउटा वाक्य बोल त !

प्रेम– ल हेर, अनि सुन पनि ! (ओठलाई गोलो पारेर बोल्दै) म तिमीलाई असाध्यै प्रेम गर्छु, प्रिया !

प्रिया– भएन, ढेडुजस्तो देखियो ! (सोचेर) अँ, अब एकातिरको मात्र दाँत देखिने गरी बोल त !

प्रेम– पहिला भनेकै वाक्य कि अर्को नयाँ वाक्य ?

प्रिया– त्यो वाक्य त ज्यादै सस्तो खालको थियो, अर्कै वाक्य भन ।

प्रेम– अर्कै वाक्य सुन ! (एकातिरको दाँत देखाएर) प्रिया, म तिमीबिना एक मिनेट पनि बाँच्न सक्तिन !

प्रिया– भएन, भएन, (हाँस्दै) एकदम भिलेन बोलेजस्तो भयो ! (फेरि सोचेर) अँ, दुवै ओठ पूरै तन्काएर बोल त !

प्रेम– (त्यसै गरेर) प्रिया, मैले तिमीलाई पाउन सकिन भने कुनै खोलामा गएर यो ज्यान फाल्छु !

प्रिया– (हाँस्दै) फाल न त !

प्रेम– धत्, मैले साँच्चै भनेको हो र ! नमुना वाक्य बोल्दा जे मुखमा आयो त्यो बोलेको ! कस्ती लाटी !

प्रिया– (गम्भीर हुँदै) जे मुखमा आयो त्यो बोलेको ! प्रेम, तिमीले सबभन्दा पहिला ओठलाई गोलो पारेर बोलेको वाक्य 'म तिमी-

लाई प्रेम गर्छु, प्रिया' पनि साँच्चै भनेको होइन ?

प्रेम– त्यो चाहिं साँचो हो ! त्यसभन्दा साँचो कुरा आजसम्म मैले बोलेकै छैन ! अँ, अब कसरी बोलूँ ?

प्रिया– (हाँस्दै) जसरी मन लाग्छ उसरी बोल, यो काम यहाँ हुन्न ।

प्रेम– यहाँ हुन्न ? कहाँ हुन्छ त ?

प्रिया– मेरो ब्यूटी पार्लरमा !

प्रेम– (जुरुक्क उठी हात समाएर तान्न खोज्दै) जौं त तिम्रो ब्यूटी पार्लरमा !

प्रिया– अहिले कहाँ जाने ? बैकुण्ठबाट फर्केपछि जाउँला, हुन्न ?

प्रेम– (हात छाड्दै र खिन्न भएर बस्दै) हुन्छ !

[हिप्पी युवकले गिटारमा बडो उदास धुन बजाउँछ । प्रेम धुमधुम्ती बसिरहन्छ, तर प्रिया चाहिं बडो चाख मानेर यताउति हेरिरहन्छे । त्यतिखेर चेमजोङ आँखा चिम्लेर ढल्केको । डेभिड उसलाई हल्लाउन थाल्छ ।]

डेभिड– (हल्लाउँदै) हलो मिस्टर हाङपाङ, टपाईं निधाएको ?

चेमजोङ– नो मिस्टर ईथरसन, म झकाएको मात्र !

डेभिड– झकाएको ? ह्वाट झकाएको ?

चेमजोङ– झकाएको भनेको अलिकति निधाएको !

डेभिड– वेल, टपाईं कुन कारनबाट बाइकुन्थ जान लागेको ?

चेमजोङ– फ्लोरिङ एन्ड फर्निसिङको कारणबाट !

डेभिड– मिस्टर चेमजोङ, टपाईंको अफिस कहाँ हुन्छ ?

चेमजोङ– भूगोल पार्कतिर छ !

डेभिड– मूटमूट गनाउने भूगोल पार्कमा टपाईंको अफिस छ ?

चेमजोङ– तपाईंलाई त्यस्तो गनाउँछ होला मिस्टर ईथरसन, तर प्राकृतिक सौन्दर्यले भरिपूर्ण मेरो देश मलाई गनाउन्न ।

डेभिड– रिअली मिस्टर चेमजोङ ? वेल, टपाईं फ्लोरिङ एन्ड फर्निसिङ-को काम गर्न बाइकुन्थ जान्छ ?

चेमजोङ– काम गर्न होइन, एक्सपर्ट भएर विश्वकर्मालाई सल्लाह दिन ?

डेभिड– को विस्खर्मा ?

चेमजोङ– नकर्मी, सिकर्मी, डकर्मी भने पनि अथवा कालीगढ भने पनि विश्वकर्मा वैकुण्ठका एक मात्र आर्किटेक्ट र इन्जिनीयर हुन् ।

डेभिड– ओ, आइ सी ?

चेमजोङ– आधुनिक खालको कोठा-सजावट गराएर अब सबै वैकुण्ठवासीले कुशासन र मृगचर्म फाल्ने अरे !

डेभिड– ह्वाट फाल्ने ?

चेमजोङ– कुश भन्ने खस्रो र दर्फराउने घाँसबाट बनेको चकटी कुशासन फाल्ने, अनि मिर्ग भन्ने जङ्गली जनावरको भुत्ले र गनाउने छाला मृगचर्म फाल्ने । अब यिनका बदला फोम र लिनोलियमको चलन गर्ने अरे !

डेभिड– वाइकुन्थमा फ्लोरिङ एन्ड फर्निसिङ इन्ट्रोड्युस गर्न यति लेट किन ?

चेमजोङ– पुरानोपनमा भुलिएका वैकुण्ठवासीहरूको थैटामा आधुनिकताको घाम ढीलो गरी लागेको हुँदा ? अहिले सबका सब वैकुण्ठवासी-लाई मडर्नाइज हुने खूबै काउकुती लागेको छ ।

डेभिड– काउकुटी ? कुन चराको नाम काउकुटी ?

चेमजोङ– मिस्टर ईथरसन, (उसको भूँडीमा काउकुती लाउँदै) यस चराको नाम काउकुती ?

डेभिड– (काउकुती लागेर जोडसंग हाँस्दै) थ्यान्क्स फर द काइन्ड इन्फर्मेसन ? (रोक्दै) नाउ स्टप द काउकुटी ?

[चेमजोङले काउकुती लगाउन छाड्छ, तर डेभिड हाँसिरहन्छ । यस प्रसङ्गले अरूहरूलाई पनि हँसाउँछ र यसपरि हाँसो फिंजिन्छ ।]

प्रेम– (हाँसो रोक्दै) प्रिया, तिमी वैकुण्ठ किन जान लागेकी ?

प्रिया– (त्यसै गर्दै) ब्रह्मा बूढाको खनजोत गराउन वैकुण्ठ एक्सप्रेस बोर्डले मेरो छनोट गरेको हो ।

प्रेम– (अकमक्क पर्दै) ती बूढालाई रूपविन्यास गराएर सिंगारिने र चिटिक्क परेको तरुनो पट्ठो बन्ने के चौचाँ लागेछ नि ?

प्रिया– फुलेर सेतै भएका चारै मुखका दारीजुँगा डाइ गरेर कालो पार्नु

पर्यो अरे ?

प्रेम– (शङ्कित हुँदै) के हिमाल छाप सेता दारीलाई तिमीले डाइ गर्ने ?

प्रिया– हो !

प्रेम– (रहस्यात्मक पाराले) ती छिल्लिएका बूढा सारै मापाका छन्, डाइ गर्दा होस राखे ! (व्यङ्ग्यात्मक पाराले अलिकति मुस्कुराउँछ ।)

प्रिया– (गम्भीर मुद्रामा) मलाई थाहा छ ! (गम्भीर मुद्रा त्यागेर खिच्च हाँस्छे ।)

प्रेम– (जिल्ल परेर) थाहा छ ? के बूढाले तिमीलाई··· !

प्रिया– (बीचमै) छि, तिमी लोग्नेमान्छेहरू कति चाँडो शङ्का गर्छौ ? मैले त पुराणमा उनको बायोडाटा पढेर थाहा पाएको !

प्रेम– (कान समाउँदै) भूल भयो, माफ गर ल !

प्रिया– (प्रसन्न मुद्रामा रवाफसाथ) एक पटकलाई माफी भयो, तर अब फेरि यस्तोउस्तो कुरो गर्‍यौ भने ठीक हुन्न नि !

प्रेम– (स्वीकृतिसूचक टाउको हल्लाउँदै) हस्, अब मुखबाट यस्तोउस्तो कुरो ननिस्कोस् भनेर म एकदमै होस राख्छु । (आफैं) दारीजुँगा रँगाएर ब्रह्मा बूढाले अब कुन सुन्दरीको सिकार खेल्न खोजे कुन्नि ?

प्रिया– कुनै सुन्दरीको सिकार खेल्न होइन, धरतीका हालका मानिसहरूका सट्टा धरतीका निम्ति एकदमै नयाँ मानिसहरूको सृष्टि गर्ने अरे ! (साउती गरे झैं) यो गोप्य हो, कसैलाई नभन्नु ल !

प्रेम– (उसै गरी) ल ! (अलमल्ल परेर) तर यत्रो चेन्जफेन्ज किन हँ, किन ?

प्रिया– (उदास स्वरमा) धरतीका अहिलेका मानिसहरू बढी क्रूर भए अरे, (लामो सास फेरेपछि) बढी अन्यायी, बढी स्वार्थी, बढी भ्रष्टाचारी, बढी दुराचारी, बढी अशान्तिवादी, बढी · !

प्रेम– (बीचमै कहालिंदै) त्राहित्राहि ! प्रिया, यसभन्दा बढी विभूषण र पदक धरतीवासीलाई नभिराऊ !

प्रिया– त्यसैले प्रेम, अब बूढाको योजना के रहेछ भने पहिला आफ्नो

रूपविन्यास राम्रो गराउने, अनि राम्रो मनचित्तले धरतीका निम्ति राम्राराम्रा नयाँ नरनारीको सृष्टि गर्ने !

प्रेम– त्यसो भए अहिलेका धरतीवासीलाई थोत्रा-पुराना खेलौना सरह कुनातिर मिल्काउन लागेका त होइनन् ?

प्रिया– त्यसै हो कि कसो हो ?

प्रेम– (सम्झाउने ढङ्गमा) हेर प्रिया, हामी धरतीवासीले धरतीवासी-को बढी माया गर्नुपर्छ !

प्रिया– त्यो त हो, तर अहिलेको स्थितिमा के गर्ने ?

प्रेम– (एकछिन झोक्रिएपछि उपाय सुझेजस्तो गरेर) के गर्ने भनेदेखि (झन् उत्साहित हुँदै) ब्रह्मा बूढाको दारीजुँगा डाइ गर्दा पूरै कालो नगरेर बीचबीचमा केही रौं सेता पनि छाडिदिने !

प्रिया– छाड्न त सकिन्छ, तर यसबाट के फाइदा हुन्छ र ?

प्रेम– यसबाट बूढालाई सेता-पुराना रौं जस्ता हामी पुराना धरतीबासी-लाई नमासेर जोगाउने सद्बुद्धि आउँछ कि ?

प्रिया– प्रेम, म आफ्नातर्फबाट पूरै प्रयास गर्छु, हेरौं कति गर्न सक्छु !

प्रेम– अब तिम्रै मुठीमा हामी सम्पूर्ण धरतीवासीको भाग्य छ, (निहुरेर प्रणाम गर्दै) प्रियाम् शरणम् गच्छामि !

[प्रेमको प्रणामको प्रत्युत्तरमा प्रियाले तथास्तुका मुद्रामा हात उचाल्छे। गिटारमा अनौठो धुन घन्किन्छ। त्यसै बखत बाबुकाजी बट्टा-बाट चुरोट झिक्न तर्खरिन्छ । बट्टाभित्र आँखा पर्नासाथ उसको मुख बिग्रिन्छ। उसले मुख बिगार्दै एक खिल्ली चुरोट झिक्छ र बट्टा पवास्त तल फाल्छ। यति गरेपछि ऊ त्यस एक खिल्ली चुरोटलाई दुई औंलाले ठाडो पाराले समाउँछ र हताशजस्तो भएर डकारमानतिर हेर्छ । डकारमान उसको सारा गतिविधि चाख मानेर हेरिरहेको हुन्छ ।]

बाबुकाजी–(चुरोट देखाउँदै हताश स्वरमा) एउटा मात्रै रैछ, तपाईं सल्काउने कि म सल्काऊँ ?

डकारमान–(चुरोट लिंदै) जसले सल्काए पनि भयो केरे ! (भाँचेर एक टुक्रा फिर्ता दिंदै) दुवैले सल्काउने केरे !

बाबुकाजी-(लिएर हाँस्दै) क्या मजाको उपाय !

डकारमान-(सलाइको बट्टा दिदैं) तपाईं के काम गर्नु हुन्छ केरे ?

बाबुकाजी-(कैंची झैं दुई औंला चालेर) क्यार-क्यार-क्यार्र !

डकारमान-(जिल्ल पर्दै) बुझिएन, त्यसो भनेको कसो हो केरे ?

बाबुकाजी-हेर्नोस्, मेरा औंलाका तालमा नाचेर यता कैंचीले क्यार-क्यार-क्यार्र गर्छ, उता गोजी चट् !

डकारमान-(अस्किदै) गोजी नै चट् केरे !

बाबुकाजी-हो, अनि यता क्यार-क्यार-क्यार्र, उता घाँटी चट् !

डकारमान-(तर्सिदै) घाँटी पनि चट् केरे !

बाबुकाजी-हो, अनि यता क्यार-क्यार-क्यार्र, उता खुट्टा चट् !

डकारमान-(झन् तर्सेर घुट्ुक्क थुक निल्दै) खुट्टा पनि चट् केरे !

बाबुकाजी-हो, अनि यता क्यार-क्यार-क्यार्र, उता हात चट् !

डकारमान-(पूरै आतङ्कित हुँदै) हात पनि चट् केरे ! (काम्दै उठेर) यो आफ्नो आधी चुरोट फिर्ता लिनोस्, (चुरोट दिएर हडबडाउँदै) म यहाँबाट हिंडे केरे !

बाबुकाजी-(रोक्दै) नडराउनोस्, बस्नोस्, म आतङ्कवादी होइन !

डकारमान-(अविश्वासका साथ) काटमार गरेर त्यसरी लादी फर्काउने पनि अब आतङ्कवादी हुन्न केरे ?

बाबुकाजी-(हाँस्दै) काटकूट गरिहाले पनि म आतङ्क-सातङ्कवादी होइन, बस्नोस् !

डकारमान-होइन, सत्तो केरे ?

बाबुकाजी-सत्तो, म हुँ डाक्टर अफ टेलरिङ साइन्स !

डकारमान-(डराउन छाडेर) हत्तेरिका, म त त्यसै तर्सेछु, (बस्दै) तपाईं त कपडा काट्ने टेलरमास्टर पो हुनुहुँदो रहेछ केरे ! (हात थापेर) खोइ, दिनोस् त्यो अघिको आधी चुरोट केरे !

बाबुकाजी-(झोक्किएर) म टेलरमास्टर होइन, डाक्टर अफ टेलरिङ साइन्स हुँ ।

डकारमान-मास्टर भने पनि डाक्टर भने पनि उही कपडा सिउने सूचीकार त हो केरे ! चुरोट पाऊँ केरे !

बाबुकाजी-होइन, होइन ! टेलरमास्टर भनेको फिल्डवर्क गर्ने ओभरसियर जस्तै हो र डाक्टर अफ टेलरिङ साइन्स चाहिं इन्जिनीयर जस्तै

हो ।

डकारमान–बल्ल कुरो बुझें केरे ! के तपाईं वैकुण्ठमा फेसन-क्रान्ति मच्चाउन जाँदै हुनुहुन्छ केरे !

बाबुकाजी–हो ! देवीदेउताहरू र अरु वैकुण्ठवासीहरू पुराना खालका पोसाक लगाउँदा-लगाउँदा वाक्क भए अरे ! धोती, कञ्चुकी, उपर्ना, दोसल्ला र फेटाका सट्टा मैले उनीहरूका निम्ति नयाँनयाँ पोसाकको आविष्कार गर्नु छ !

डकारमान–त्यसो भए त स्वर्गमा पनि अब हट प्यान्ट र मुसाकाने टिसर्ट चम्किन्छ केरे ! अँ, त्यो चुरोट पाऊँ न केरे !

बाबुकाजी–म जस्तो डाक्टर अफ टेलरिङ साइन्स पुगेपछि फेसनमा क्रान्ति त आउनै पऱ्यो, (नक्कल गर्दै) होइन केरे ?

डकारमान–(हाँस्दै) हो केरे, तर चुरोट पाऊँ न केरे !

[गिटार बेसरी घन्किन्छ । दुवैले आधीआधी चुरोट सल्काउँछन् । चुरोटको सर्को तान्दातान्दै त्यो डकारमानका मुखबाट तल झर्छ । खसेको चाल नपाएर एकछिन ऊ हावा मात्र तानिरहन्छ, अनि हातले ओठ छाम्दा वाल्ल पर्छ । गिटार मथ्थर भएपछि प्रेम र प्रियाको कुराकानी सुनिन्छ ।]

प्रिया– प्रेम, तिमी किन वैकुण्ठ जाँदैछौ ?

प्रेम– प्रिया, वैकुण्ठ एक्सप्रेस बोर्डले मेरो छनोट भगवती लक्ष्मीको उपचारका लागि गरेको हो !

प्रिया– (जिल्ल पर्दै) लक्ष्मीको उपचार अरे ? के उपचार ?

प्रेम– (समवेदनाका स्वरमा) जगत्कै कल्याण गर्ने विचरी लक्ष्मी अहिले आफैं अकल्याणको भुमरीमा परेकी रहिछिन् ।

प्रिया– अकल्याणको कस्तो भुमरी ?

प्रेम– ठूलो भुमरी, सारै ठूलो भुमरी !

प्रिया– भुमरी त भुमरी, तर कुन खालको भुमरी भन्या ?

प्रेम– डुङ्गा गनाउने खालको भुमरी ?

प्रिया— (नाक खुम्च्याउँदै) के भएछ त्यस्तो ?

प्रेम— पाइरिया प्रिया, जसलाई वैकुण्ठवासीहरू देवभाषामा दन्तहर्षा भन्छन् ।

प्रिया— पाइरिया अरे ! लक्ष्मीका दाँत त नियोन बत्ती झैं झलमलाउँदा र सारँसारै राम्रा छन् क्यार !

प्रेम— राम्रा भएर के गर्नु, तिनै राम्रा दाँतले गर्दा त बिचरीको घरगृहस्थी उजाड भएर गयो अरे !

प्रिया— लक्ष्मीको घरगृहस्थी उजाड भएर गयो ? किन प्रेम, भन न ?

प्रेम— मुखबाट पाइरियाको असह्य दुर्गन्ध निस्क्यो भनेर विष्णुले उनका छेउछाउ ढिम्किन छाडे अरे ! अचेल उनी हाम्रा नव पूँजीपति झैं कहिले कुन अप्सराकहाँ र कहिले कुन अप्सराकहाँ रात बिताउन थालेका छन् रे ?

प्रिया— डेन्टिस्ट महोदय, के तिमीबाट लक्ष्मीको पाइरिया ठीक हुन्छ त ?

प्रेम— मेरो भाम सनासाले पाइरियावाला दाँतलाई च्याप्प अँठ्याएर स्याट्ट उखेलेपछि ठीक भइहाल्छ नि, सुर्ता नगर !

प्रिया— दाँत उखेलेपछि लक्ष्मी थोते बूढी हुन्नन् र ?

प्रेम— (थोतेले बोल्ने स्वरमा) हुन्छिन्, अवश्य हुन्छिन् !

प्रिया— अनि कस्ताकस्ता अप्सरालाई चटक्क छाडेर त्यस्ती थोती लक्ष्मी-कहाँ विष्णु रमाएर फर्कलान् त ?

प्रेम— फर्किन्छन्, अवश्य फर्किन्छन् !

प्रिया— कसरी ?

प्रेम— कसरी भनेदेखि प्रिया, पहिला म लक्ष्मीका मुखबाट पाइरिया लागेका जति जम्मै दाँत झिक्छु, अनि तिनका ठाउँमा यस्ता नक्कली दाँत फिट गर्छु जुन दाँतको टुनाले विष्णुलाई पाता कसेर घिच्च्याउँदै ल्याउँछ र लक्ष्मीका पाउमा लडिबुडी खेल्न लगाउँछ ।

प्रिया— यो कुरो यति किटानसाथ तिमी कसरी भन्न सक्छौ ?

प्रेम— म कसरी भन्न सक्छु ? हेर प्रिया, म सक्कलबमोजिमको

नक्कली दाँत बनाउन सारै पोख्त छु ।

प्रिया– के यस कुरामा तिमीलाई पूरै विश्वास छ ?

प्रेम– छ, पूरा विश्वास छ ! मलाई के पनि विश्वास छ भने विष्णुले लक्ष्मीका दाँत सक्कली हुन् वा नक्कली हुन् भन्ने छुट्याउनै सक्तैनन् ! उनी त लक्ष्मीका मुखबाट पाइरियाको दुर्गन्धका ठाउँमा चन्दनको सुगन्ध चल्नासाथ त्यसैत्यसै लठ्ठ हुनेछन् !

प्रिया– (जिल्ल पर्दै) अचेल के भएको, सक्कलीभन्दा नक्कली कुराले बढी लोभ्याउने !

[रातो बत्ती बल्छ र गाडी रोकिन्छ । चालक जुरुक्क उठ्छ र ढ्वाङबाट सूचना फुकेको जस्तो गरी कराउन थाल्छ । सबैको ध्यान उसैतिर तानिन्छ ।]

चालक– (हात हल्लाउँदै र चारैतिर फर्किंदै) बसमा बसेका सकल उत्तीस-घोडा-बत्तीसघोडाहरू, सुन्नोस्, सुन्नोस् र सुन्नोस् ! यो वैकुण्ठ एक्सप्रेस मिनिबस अहिले लीलानगरीको साँधमा रोकिएको छ । यो लीलानगरी सबै नगरीहरूमा एउटा अनौठो नगरी हो । त ए उत्तीसघोडा-बत्तीसघोडाहरू, सुन्नोस् सुन्नोस् र फेरि सुन्नोस् ! लीला-नगरीमा पुगेर मानिसले गजपगजपका लीला गर्छन् । मानिसले गर्ने लीला देशी हुन सक्छ,विदेशी हुन सक्छ,पौराणिक हुन सक्छ, ऐतिहासिक हुन सक्छ र सामाजिक पनि हुन सक्छ । त ए उत्तीस-घोडा-बत्तीसघोडाहरू, सुन्नोस्, सुन्नोस् र फेरि पनि सुन्नोस् ! लीलानगरीमा मानिसले सामूहिक लीला गर्छ । लीलाको उठान पहिला जसले गरे पनि पछिपछि त्यसमा अरूहरू पनि सामेल हुँदै जान्छन् ।

[चालक बस्छ र बस चालू गर्छ । रातो बत्ती निभेर हरिया बत्तीहरू बल्छन् । यसका साथै लीलानगरीको रहस्यमय यात्रा सुरु हुन्छ । सबै आफूलाई बिर्सी विचित्र-विचित्र क्रियाकलाप गर्न लाग्छन् । लीलाको प्रस्तुतिमा नौटङ्कीको जस्तो स्थूल अभिनय हुनु पर्छ र स्थूल किसिमबाटै संवाद बोल्नु पर्छ । सबभन्दा पहिला बाबुकाजी मुर्मुरिँदै उठ्छ र यमराज

बनेर फुर्तिन थाल्छ । पीएले मुखको चिविङ्गम थुक्छे र विधवा सावित्रीको रूप धारण गर्न झाँक्रा फिजाउँछे । जीएम् सत्यवान् बन्छ र हलचल नगरी मुर्दाका रूपमा ढल्किन्छ । समसेर र सेरचन यमदूत बन्न तमतयार ।]

बाबुकाजी- (डरलाग्दा आँखा नचाएपछि पीएतिर हेर्दै र रीसले दारा किट्दै चर्को स्वरमा) सावित्री, आफ्नो सीमा कटेर, यसरी अटेर गरेर मेरो पछि ··· साक्षात् कालदेवता यमराजका पछि तँ किन आएकी, (ख्वाइँख्वाइँ खोक्दै) भन्, तँ किन आएकी ? (मुखलाई डरलाग्दो पारेर) म कुपित हुनअघि ···, हो कुपित हुनुअघि तँ फर्की, (बेसरी खुट्टो बजार्दै) फर्की भन्या !

पीए- (फिजिएको झाँक्रा पर्लक्क पल्टाएर बाबुकाजीतिर रुष्ट आँखाले हेर्दै दरो स्वरमा) धर्मराज, मरेर सिनु भएको मेरो लोग्ने सत्यवान्को मूल्यहीन यो माटो र सिउँदामा श्रीहीन टाटो बोकेर म अर्को बाटो लिन्न, तिम्रै पछिपछि आउँछु ! (मुर्दातुल्य ढलेको जीएम्तिर हेरी छाती पिटेर विलाप गर्दै) हा स्वामी, हा नाथ, हा सत्यवान्, तिमी कति छिटै निर्मम कालको कराल गालमा पर्‍यौ, (हिक्कहिक्क गरेर रुँदै) अकालमै मर्‍यौ ! (टाउको ठोक्तै र छाती पिट्दै) मेरा प्राण, एक पटक ···केवल एक पटक आँखा उघारेर यस हतभागिनीतिर, एउटी विधवा अभागिनीतिर, आफ्नी सावीतिर हेरिदेऊ, (घुँक्कघुँक्क गर्दै) हेरिदेऊ न मेरा राजा !

जीएम्- (मुर्दा भएरै मुख मात्र चाली अनौठो ढङ्गमा बोल्दै) हे कोमलाङ्गी वामाङ्गी सावित्री, अहिले म मृत छु र एउटा मृतकले आँखा उघारेर हेर्दा बेरुजु हुने हुँदा मैले आँखा उघारेर तिमीलाई हेर्न मिल्दैन ! हे मेरी भार्या, म जस्तो विवश लाससंग आँखा उघार्ने र आँखा जुधाउने व्यर्थ अनुनय-विनय नगर, मेरो मुटु चस्स दुख्छ !

पीए- (आँखाबाट बर्र आँसु झार्दै बाबुकाजीसंग) हे धर्मराज, हे यमराज, एउटी निस्सहाय अबलाको क्षुद्र याचना स्वीकार गर ! हे कालदेवता, मेरा प्राणाधारलाई ··· मेरा जीवनाधारलाई ··· मेरा सत्यवान्लाई जीवनको भिक्षा देऊ ! (डाँको छाड्दै) भिक्षा

देऊ यSमSराSSज !

बाबुकाजी–(दुवै मुठी कसेर मुख विगार्दै) असम्भव, असम्भव, असम्भव ! (यताउति हेरेर चिच्च्याउँदै) मेरा यमदूतहरू, तिमीहरू कता छौ ?

सेरचन– (जुरुक्क उठेर करबद्ध भई टाउको निहुराउँदै) यता छु, यमदेव !

समसेर– (उसका लगत्तै पछि उठी उसै गरी) आज्ञा होस्, यमदेव !

बाबुकाजी–(आँला ठडयाएर कुलिंदै दुवैसंग) तिम्रो यमपाश खोइ ?

दुवै– (थुरथुर काम्दै) हामीसंगै छ यमदेव !

बाबुकाजी–(ओठ चपाउँदै) यमपाश तयार राख र आज्ञाको प्रतीक्षा गर !

दुवै– (काम्न छाडेर फेरि टाउँको निहुराउँदै) हस्, यमदेव !

बाबुकाजी–(फकाउँने ढङ्गमा) पुत्री सावित्री, जसको काल समाप्त हुन्छ त्यसको हंसले ठाउँ छाड्नै पर्छ ! यो एउटा अटल··· अटलभन्दा पनि अटल नियम हो। यस नियमका विपरीत सत्यवान्को वा कुनै पनि मृतकको प्राण फिर्ता दिंदा यमलोकमा घोर अव्यवस्था, भयङ्कर दुर्व्यवस्था फिंजिन जान्छ। मैले भनेको मान् सावित्री, सत्यवान्को प्राण फिर्ता मागेर यमलोकमा अव्यवस्था फिंजाउने हठ नगर् सावित्री, फर्की सावित्री !

पीए– (खाउँला जस्तो गरेर हेर्दै) यमराज, मेरो यो हठ केवल हठ होइन, असमयमा विधवा पारिने नारीका तर्फबाट चलाइएको एउटा उचित लडाइँ हो ? (उत्तेजित हुँदै) सत्यवान्को जीवन फर्किन्न भने म पनि फर्किन्न, फर्किन्न, फर्किन्न ! (विलाप गर्दै जीएम्‌संग) प्रिय प्राणेश्वर, मेरा हृदयेश्वर सत्यवान्, कहिल्यै नछाड्ने वाचा गरेर तिमीले मेरो हात समाएका थियौ, अहिले चटक्क किन छाड्यौ, (जीएम् माथि पछारिदैं) किन छाड्यौ ?

जीएम्– (मुर्दा भएरै) कमलनयले, पुष्पवदने, म जस्तो निर्जीव लासले नियमानुसार हात चाल्न पनि मिल्दैन ! सावित्री, तिमी विदुषी छौ, बुद्धिमती छौ ! तिमी स्वयं मेरो··· एउटा मृतकको विवशता बुझ र अहिले तिम्रो हात नसमाएकामा मलाई क्षमा गर !

पीए- (रणचण्डी भएर) यमराज, तिम्रो यमलोक पाखण्डको अखण्ड अखडा बनेको सत्य मबाट लुकेको छैन । मानवघाती र पक्षपाती तिम्रा यमदूतहरूको दुश्चरित्रता पनि मबाट अप्रकट रहेको छैन । तिमी सत्यवान्को प्राण फिर्ता गर्दैनौ भने म पृथ्वीलोकका पत्रकारहरूको सम्मेलन बोलाउँछु र तिम्रा कुकृत्यहरूको अनावरण गर्छु !

बाबुकाजी- (कटटट्ट दारा किटेर) यमदूतहरू, सावधान ! विज्ञापनका भोका र लोभका पोका अधिकांश पत्रकारहरू पृथ्वीतलका यस्ता निकृष्ट जीव हुन् जो ज्यादै घातक र ज्यादै मारक हुन्छन् ! भित्रभित्रै द्वेषका प्रचण्ड आगामा पाकेर कुत्सित खालको पीतपत्रकारिता गर्ने ती अधमहरूसंग यस हठी स्त्रीको सम्पर्क नहोस्, सावधान !

दुवै- (नतमस्तक भई) हामी सावधान छौं, यमदेव !

पीए- (व्यङ्ग्यात्मक स्वरमा) पत्रकारहरूसंग सम्पर्क नहुँदैमा मेरो काम रोकिन्न, यमराज ! कान खोलेर सुन, म तिम्रा विरुद्ध महिला सङ्गठनमा उजूर गर्छु र तिमीसंग आमरण युद्ध गर्छु । तिम्रो यश र तिम्रो कीर्तिलाई धूलोपीठो पारेर एक दिन म जिउँदो सत्यवान्लाई फिर्ता लैजान्छु !

बाबुकाजी- (जङ्गिएर हावामा मुठी बजार्दै) धम्की नदे बालिके, घुर्की नलगा कलिके ! (सेरचन र समसेरसंग) मेरा वीर यमदूतहरू, (पीएतिर औंल्याएर) यस दुष्टालाई यमपाशमा कसेर बाँध र नाना तरहको यातना दिंदै घिच्च्याऊ ! (सारै थाकेको जस्तो गरेर बस्दै) म आराम गर्छु !

[पीएतिर यमपाश हुत्त्याएको जस्तो गरेर सेरचन र समसेर पनि बस्छन् । पीए झाँक्रा सम्म्याउन लाग्छे । जीएम्ले मुर्दाको रूप लाग्छ । यसका साथै यो लीला सकिन्छ र अर्को लीला सुरु हुन्छ । अर्को लीलामा प्रेम अलीबाबा, प्रिया मर्जिना, खुसीराम चिराखको दैत्य र अरू सबै चालीस चोर बन्छन् ।]

प्रिया- (एउटा हात कम्मरमा र अर्को हात निधारमा राखेर कसैलाई खोज्दै) मेरा आँखाका तारा, मासका पुक्क परेका बारा,

मेरा प्यारा अलीबाबा, तिमी कहाँ छौ ?

प्रेम– (तर्सेर यताउति हेरेपछि प्रियालाई देखेर मायालु ढङ्गमा) ए सुनकी झारी, ए मेरी मर्जिना प्यारी, म यहाँ छु !

प्रिया– (नदेखेर) कहाँ अलीबाबा ? आज तिमी छलीबाबा बनेर कता लुकेका छौ ?

प्रेम– (कराउन धक मानेर बिस्तारै बोल्दै) यहाँ मर्जिना, यहाँ ! मलाई ··· मलाई (सबैतिर देखाउँदै) यी चालीस चोरहरूले घिरेका छन्, मार्नलाई बन्दूक भिरेका छन् !

प्रिया– (देखेर खुसी हुँदै र झिच्च दाँत देखाउँदै) मेरा प्यारा अलिबाबा, मेरा सगुनका कहतारा अलीबाबा, तिमी एक छिन पर्ख, एकै छिन ! (सुन्याइँ देखाउँदै) एकै छिनमा म यी सडेका कोरलाई, यी चालीस चोरलाई (मादक हाउभाउका साथ) जवानीको खरानी छर्केर लठ्ठ पार्छु, लठ्ठ !

[प्रियाले एकछिन उत्तेजक र मादक ढङ्गले आँग तान्ने र जिउ मर्काउने काम गर्छे । सबै यात्रुहरू लठ्ठ पर्छन् र झुल्न थाल्छन् ।]

प्रेम– (यताउति हेरी ओठलाई गोलो पारेर आँखीभुइँ उफार्दै) क्याबात् मर्जिना, मनलाई हिनामिना पार्ने तिम्रो जादूको जालमा परेर सबका सब अलमस्त भए, पूरै अस्तव्यस्त भए ! (खुसी हुँदै) ए आँखाकी नानी, ए छाँगाकी मीठो पानी, मैले भेटेको छु ठूलो खानी !

प्रिया– (छक्क पर्दै) के खानी ? कस्तो खानी ? (उसलाई शङ्कित भएर यताउति हेरेको देखेर) कोही छैन, भनन धक नमानी !

प्रेम– (साउती गरे झैं) चालीस चोरको खजाना ! (शून्यमा हात हल्लाउँदै ठूलो स्वरमा) ए खजानाको ढोका, खुलिजा सिमसिम, खुलिजा सिमसिम ! (ढोका उघ्रेकामा रमाएर थपडी पिट्दै) ल हेर खजाना, हीरा र मोती नाना !

प्रिया– (उदेक मानेर आँखा मिचीमिची हेर्दै) बाफ्रे, बोरामा मोतीमोती, झलमल्ल जोतीजोती !

प्रेम– प्यारी मर्जिना, ती होइनन् मोतीदाना, (आँसु पुछ्दै उदास स्वरमा) सानासाना नानीका आँखा हुन्, आँखा !

प्रिया– (चुकचुकाउँदै) सानासाना नानीका आँखा अरे ! (झोंक देखाउँदै) कसले झिक्यो तिनका आँखा ?

प्रेम– (सर्वतिर देखाउँदै घृणासाथ) यिनै चालिस चोरले ! (अनुहार-लाई तर्साउने खालको पारेर) जिउँदा नानीहरूलाई आमाबाबुको काखबाट तानी, तिनलाई पछारेर, फोरेर, कोपरेर, लुछेर झिकिएका हुन् ती आँखाहरू !

प्रिया– (खजानाको अर्को छेउतिर हेरेर चमत्कृत हुँदै) ओहो, जतातर्तै छरिएका कत्ति हीरा ! मेरा प्यारा अलिबाबा, (लाडे स्वरमा) म हीराको हार लाउँछु के !

प्रेम– प्यारी मर्जिना, ती हीरा होइनन्, अन्याय र अत्याचारका कीरा हुन् । के तिमी मानिसको पसीना सुकाएर बनाएको हीराको हार लगाउँछ्यौ ?

प्रिया– (झन् अर्कातिर हेरेर झन् चमत्कृत हुँदै) आम्मै, के विधि सुन !

प्रेम– सुन होइन प्यारी मर्जिना, सोझासाझाको खून हो । अब यो घिनलाग्दो खजाना नहेरौं । (शून्यमा हात हल्लाउँदै कराएर) ए खजानाका ढोका, बन्द होइजा सिमसिम, बन्द होइजा सिम-सिम !

प्रिया– (नमिको मानेर फर्किंदै) खजानाको झिलिमिली हेरेर म अझै अघाएकी थिइन ! (रूखो स्वरमा) अलिबाबा, तिमीले यति छिटै ढोका किन बन्द गर्‍यौ, (बाझ्ने ढङ्गमा) किन बन्द गर्‍यौ ?

प्रेम– प्यारी मर्जिना, रिसाएर किन हुन्छ्यौ नमीठो पीना ? (सम्झाउँदै) त्यो राम्रो खजाना होइन, सारै नराम्रो खजाना हो ! (हियाउँदै) त्यो ··· त्यो त चालीस चोरले गरेका बेइ-मानी, दुस्टचाइँ, धुर्त्याइँ र लूटपाटको गनाउने खाडल हो ! जो लोभमा पर्छ मर्जिना, त्यो पनि चालीस चोर झैं लुटाहा,

कुटाहा, धुताहा, चुसाहा, पिराहा बन्छ !

प्रिया– (आँग सिरिङ्ग पारेर सुनेपछि लामो सास छाडेर) त्यसो भए हामी उही चाउरे दाउरेका चाउरे दाउरे नै रहने भयौं !

प्रेम– होइन प्यारी मर्जिना, अब हामीले खच्चर डोऱ्याएर वन जानु पर्दैन, बन्चरो खियाएर दाउरा काट्नु पर्दैन र भारी ओसारेर पेट पाल्नु पर्दैन !

प्रिया– (एक्कासि माया उर्लेर आएको जस्तो गरेर) मेरो प्यारा, मायाका सित्तल चौतारा, किन हँ, किन ?

प्रेम– किनभने मसंग छ जादूको चिराख ! ल हेर यसको कमाल !

[प्रेमले एउटा हत्केलालाई चिराख तुल्याउँछ र त्यसमा अर्को हत्केला घोट्छ । चिराखको दैत्य प्रकट भए झैं बेसरी कराउँदै खुसीराम उभिन्छ । डराएर प्रियाले आँखा छोप्छे ।]

खुसीराम– (कराउँदै) हुहुहु··· हाहाहा ··· ! मो चिराखको दैत्य हो, हुजुरको चाकर हो ! हुकुम साहेब, हुहुहु हाहाहा··· !

प्रिया– (आँखा छोपेर कहालिंदै) मसाने भूऊऊत् !

प्रेम– (रवाफसाथ प्रियासंग) नडराऊ मेरी मर्जिना, त्यो कालो दैत्य मेरा सामु हल्लिरहने घडीको रालो हो, मेरा पछिपछि हिंड्ने पालुवा बिरालो हो । माग, तिमीलाई जे चाहिएको, त्यो माग !

प्रिया– (डर फालेर खुसी हुँदै) म भिडियो हेर्छु !

प्रेम– (रमाउँदै) तिमी भिडियो हेर्छ्यौं भने भिडियो हाजिर हुन्छ र तिमी सिडियो हेर्छ्यौं भने सिडियो हाजिर हुन्छ । (खुसीरामसंग) ए चिराखको दैत्य, सरर्र जा, हरर्र भिडियो लिएर आ !

खुसीराम– (अकमक्क परेर) भिडियो ? (कराउँदै) हुहुहु··· हाहाहा··· (नुहेर) तो के हुन्छ, साहेब ?

प्रेम– भिडियो भनेको फिलिम देखाउने कल हो ।

खुसीराम– हुहुहु··· हाहाहा··· ! मेरो जमानामा बल थियो, कल थिएन !

मो कलसलको कुरो जान्दैन, मो कलसल लेराउन सक्तैन ! साहेब, और कुनै हुकुम, हुहुहु''' हाहाहा''' !

प्रेम– मर्जिना, यो दैत्य ढसरो, पर्‍यो सोरौं शताब्दीको विचरो ! यसलाई थाहा छैन कुरो आजको, पारो आजको ! अरु केही माग न !

प्रिया– (कुरा फुराउँदै) त्यसो भए''' त्यसो भए''' (कुरो फुरेको जस्तो गरी) अँ, पेटभित्र भोकको कुखुरो बास्यो, (जिब्रो ट्वाक्क पड्काएर) पाँचतारे होटलको लन्च प्याकेट चाहियो !

प्रेम– हुन्छ मर्जिना, हुन्छ ! (आफूतिर आँल्याउँदै) अब यस केटाले लन्चबारे भन्छ ! (खुसीरामसंग) ए दैत्य, चटाकसंग जा र ठूलो होटलको दुइटा लन्च प्याकेट लिएर आ !

खुसीराम– हुहुहु''' हाहाहा''' ! तो पनि मो जान्दैन । जुन मालमत्ता मेरो जमानामा थिएन, तो मालमत्ता मो लेराउन सक्तैन साहेब ! हुहुहु''' हाहाहा''' !

प्रेम– (झर्किंदै) तेरो जमानाको कुनै कुरो आज पाइन्न !

प्रिया– (फन्केर) पाइए पनि हामीलाई चाहिन्न !

खुसीराम– तब तो मो केही पनि गर्न सक्तैन ! बिदा साहेब, बिदा साहेब्नी, हुहुहु''' हाहाहा''' !

[खुसीराम सारै थाकेझैं बस्छ र शान्त भएर अडेसिन्छ । प्रेम र प्रिया छक्क परेर एकअर्कालाई हेर्छन् र बिस्तारै बस्छन् । यो लीला पनि टुङ्गिन्छ र अर्को लीला थालिन्छ । अर्को लीलामा मर्कसिंह मन्त्री, चेमजोङ साहू र शिशिर-बसन्त जनता बन्छन् ।]

मर्कसिंह– (टाउकाको पङ्क टोपी मिलाउँदै उभिएर फर्कीफर्की हात हल्लाउँदै) टन्टलापुरको माननीय यो टन्टलापुरीको, (दाँत देखाएर नेता हाँसो हाँस्दै) हेहेहे म छुसीको (विनीत भावले हात जोड्दै) नमस्कार छ, हेहेहे नमस्कार छ, हेहेहे नमस्कार छ ! (हात मुसार्दै) त्यसो त म हुँ स्वतन्त्री, तर छु प्रजातन्त्री पनि, हेहेहे देशको मन्त्री पनि ! जम्माजम्मीमा म हुँ एउटा सानो

सारै सानो हेहेहे मन्त्री !

शिशिर– (घिच्रो तन्काएर हेर्दै) मन्त्रीज्यू, श्रीमान्को शुभविभाग कुन होला ?

मर्कैसिंह– जुन होला देखाजाला ! हेहेहे तपाईंहरू को हो नि ?

बसन्त– (उसै गरी हेर्दै) मन्त्रीज्यू, हामी श्रीमान्को देखाजाला विभाग-का लालावाला !

मर्कैसिंह– (जिब्रो टोक्दै) देखाजाला होइन, मेरो त हेहेहे मुसा विभाग, हेहेहे मुसा विभाग !

शिशिर– त्यसो भए मन्त्रीज्यू, हामी श्रीमान्को विभागका छोटामोटा मुसा, तामाटुसा !

मर्कैसिंह– (फेरि जिब्रो टोक्तै) त्यो विभाग त पहिला पो थियो, अहिले त हेहेहे··· अहिले त हेहेहे चम्चा विभाग ?

बसन्त– त्यसो भए मन्त्रीज्यू, हामी पनि चम्चा, श्रीमान्कै चम्मचम्म चम्किने चम्चा !

मर्कैसिंह- (फेरि पनि जिब्रो टोक्तै) त्यो पनि होइन, हाल म त हेहेहे मन्त्री विदाउट पोर्टफोलियो हुँ, सबैलाई सिकिस्त पार्ने कडा खालको हेहेहे पोलियो हुँ ।

शिशिर– हामी दर्शनका भोका हौं, मन्त्रीज्यूकै भोटका पोका हौं !

बसन्त– हामी श्रीमान्कै जनता हौं ! मन्त्रीज्यू, हामी मन्त्री विदाउट पोर्टफोलियोका जनता विदाउट कन्ट्री हौं !

मर्कैसिंह– (हार्दिक सहानुभूति देखाउँदै) मेरा शान्त, क्लान्त र भ्रान्त जनता, हेहेहे तिम्रो कन्ट्री के भो ?

दुवै– मन्त्रीज्यू, श्रीमान्को पोर्टफोलियो जे भो !

मर्कैसिंह– मेरो पोर्टफोलियो त हेहेहे राहूजस्तो एउटा साहूको सस्तो गोल-मालमा हेहेहे पऱ्यो र हेहेहे उसको भुँडीभित्र ग्यारेज पसेको कार झैं, हेहेहे बेकार झैं बन्द भो !

शिशिर– (एक सासमा भट्ट्याउँदै) मन्त्रीज्यू, हाम्रो कन्ट्री पनि राहूजस्तो सो साहूको घ्याम्पोभन्दा ठूलो र टयाम्पोभन्दा बडो भुँडीमा बन्द

हुन गएको श्रीमान्‌कै ··· (सास सकिएर रोकिन्छ)।

बसन्त– (शिशिरको कुरो अघि सार्दै) ··· श्रीमान्‌कै पोर्टफोलियोभित्र एक कुनामा दुनामा सुकी दछिना थुनिए झैं थुनियो !

मर्कसिंह– (चिच्च्याएर बोलाउँदै) हेहेहे ए साहू, हेहेहे ए राहू, (उफ्रिँदै) याहू, याहू ! (आँलो ठड्याउँदै) तँ जहाँ छस् हेहेहे सुन् र मेरो पोर्टफोलियोबारे अनि जनताको हेहेहे कन्ट्रीबारे सार्वजनिक महत्त्वको खोलुवा दिन हेहेहे यहाँ हाजिर हो !

चेमजोङ– (उभिँदै) मन्तरीको सेवा गर्न, गोजीभरि मेवा भर्न म साहू लखन्तरी हाजिर छु !

मर्कसिंह– (रिसाएर ठूलाठूला आँखाले हेर्दै) साहू, हेहेहे तँ खोलुवा दे ! (दारा किट्दै) नत्र हलुवा खालास्, हेहेहे बालुवाको किरिककिरिक गर्ने हलुवा !

चेमजोङ– (झस्किँदै) अरे मन्तरी, यस लखन्तरीलाई मफतमा किन खोलुवा-को झोलुवामा हालेर हल्लाउने ?

शिशर– (छेड हान्दै) ए लखन्तरी गँगटा, खोलुवाको नामले के तँलाई चल्यो रिँगटा ! (चम्केर) तैंले आफ्ना भूँडीभित्र लुकाएको मन्त्रीज्यूको पोर्टफोलियोबारे खोलुवा दिनै पर्छ !

बसन्त– (चम्केरै) तैंले त्यो पोर्टफोलियोभित्र थुनिएको हाम्रो कन्ट्रीबारे खोलुवा दिनै पर्छ !

मर्कसिंह– (सही थाप्दै) दिनै पर्छ, हेहेहे दिनै पर्छ !

चेमजोङ– (च्याँठिँदै) मन्तरीसंग खोलुवा हुन्छ, लखन्तरीसंग खोलुवा हुँदैन। मसंग खोलुवा छैन, म खोलुवा दिन सक्तिन !

मर्कसिंह– (नरम भएर) हेहेहे साहू, तँ के दिन सक्छस् त ?

चेमजोङ– (रवाफ साथ) अरे मन्तरी, यस लखन्तरीले कागतका हरिया-हरिया नोट दिन सक्छ, चाँदीका सेतासेता रोट दिन सक्छ र सुनका पहेंलापहेंला कोट दिन सक्छ।

मर्कसिंह– हेहेहे खोलुवाको अर्को नाम नोट हो ! (आँलाले डबल उफारेको जस्तो गरेर) नोट दे, हेहेहे नोट !

चेमजोङ– अरे मन्तरी, खुल्ला ढङ्गमा नोट दिंदा गन्धौरे माखा सरह मानि-

सका आँखा लाग्छन् । (मर्कसिंहले लगाएको पङ्क टोपीतिर ध्यान गर्दै) त्यो टोपी पाए त्यसैमा छोपी नोट दिने थिएँ !

[मर्कसिंहले टोपी फुकाल्छ र चेमजोङतिर फाल्छ । चेमजोङ त्यसमा नोटका बीटा राखेजस्तो गर्छ र फर्काउँछ । टोपी लिएपछि मर्कसिंह मख्ख परेर नोट हेरिरहन्छ । चेमजोङ भूँडी मुसार्दै र जुँगामा ताउ लगाउँदै बस्छ ।]

मर्कसिंह– (औंलामा थुक लगाएर नोट गन्दागन्दै पुलुक्क शिशिर र बसन्ततिर हेरी हप्काउँदै) एइ लाउकेहरु, हेहेहे म जस्ता टाउकेहरुले ··· ठूलाठूला मन्त्रीहरुले हेहेहे पाउकष्ट गर्दा तिमीहरु हेहेहे दुष्ट र रुष्ट जनता झैं किन वेसोमत भएका ? दुवै हात जोडेर हेहेहे किन नउभिएका ?

शिशिर– (दुवै हात जोडेर करुण स्वरमा) मन्त्रीज्यू, हाम्रो पेट रित्तो थोक्रो झैं खोक्रो छ !

बसन्त- (उस्तै स्वरमा) मन्त्रीज्यू, हाम्रो छालाको बोक्रोभित्र पेटको कोक्रो खाली छ !

शिशिर– त्यस कारण मन्त्रीज्यू, अहिले हाम्रा खुट्टा मुला झैं लुला भएका छन् !

बसन्त– (आर्त्तनाद गर्दै) माफ पाऊँ मन्त्रीज्यू, हाम्रा खुट्टा लट्ठी झैं दरा भएर ठडिन सक्तैनन्, हामी उभिन सक्तैनौं !

मर्कसिह– तिमीहरुले मलाई हेहेहे भोट दिएर, तिमीहरुले मेरा वैरीलाई हेहेहे चोट दिएर, तिमीहरुले मलाई हेहेहे जिताएपछि मैले तिमीहरुलाई हेहेहे माटो दिएको थिएँ ! के त्यसले हेहेहे, माटाको प्राकृतिक व्यञ्जनले तिम्रो पेट हेहेहे भरेन !

दुवै– (हात जोड्दै) भरेन, मन्त्रीज्यू ?

मर्कसिह– हेहेहे किन भरेन ?

शिशिर– माटामा खडेरी पर्‍यो !

बसन्त– मन्त्रीज्यू, चारैतिर सुख्खा पर्‍यो !

मर्कसिंह– किन हेहेहे खडेरी पऱ्यो ? किन हेहेहे सुख्खा लाग्यो ?

शिशिर– मन्त्रीज्यू, वर्षा आएन !

बसन्त– समयमा पानी परेन !

मर्कसिंह– किन हेहेहे वर्षा भएन ? किन हेहेहे पानी परेन ?

शिशिर– बादल लागेन, मन्त्रीज्यू !

बसन्त– लाग्दै लागेन, मन्त्रीज्यू !

मर्कसिंह– बादल लागेन ? हेहेहे ठीक छ, म बादललाई हेहेहे फोन गर्छु । मेरो फोन पाउनासाथ मादल झैं बज्ने त्यो छुसी बादल हेहेहे थरर्र काम्दै, हेहेहे मुटु छाम्दै, हेहेहे मेरा खुट्टामा ढोग हाल्न आइपुग्छ। अब तिमीहरू जाओ र हेहेहे मलाई भोट दिने हेहेहे तयारी गर !

दुवै– हस् मन्त्रीज्यू, हामी जान्छौं !

[शिशिर र बसन्त दुवै हात जोडेर बिदा हुन्छन् र आफ्नाआफ्ना सीटमा फर्किन्छन् ।]

मर्कसिंह– (यताउति हेर्दै) म पनि जान्छु, हेहेहे अलिकति आराम गर्न ! (फर्कीफर्की हात जोड्दै) सबैलाई नमस्कार छ, नमस्… !

[बसले लीलानगरी पार गरेको हुँदा सो नगरीको रहस्यमय यात्रा टुङ्गिन्छ । बोल्दाबोल्दै झल्यांस्स भएर मर्कसिंह सामान्य हुन्छ र टोपी लगाएर बस्छ । अरूहरू पनि सामान्य हुन्छन् । बस हिंडिरहन्छ ।]

प्रेम– मानें मैले !

प्रिया– के मान्यौ तिमीले ?

प्रेम– मैले के मानें भने प्रिया, प्रेममा हजारौं हजार हर्सपावर हुँदो रहेछ !

प्रिया– के प्रेम पनि हर्सपावरबाट चल्ने इन्जिन हो र ?

प्रेम– प्रेम इन्जिन त होइन, तर शक्ति भने अवश्य हो र शक्तिको नापो

हर्सपावर, अश्वशक्ति वा घोडाको बलबाट गरिन्छ भन्ने तिमीलाई थाहा नै छ !

प्रिया– त्यो त थाहा छ, तर तिम्रो चाहिं प्रेम कति घोडापावरको इन्जिन हो भन्ने थाहा छैन !

प्रेम– मेरो प्रेमलाई तिमी त्यति अश्वशक्तिको भन्न सक्छौ जति अश्व-शक्ति तिम्रो कठोर मन फर्काउन चाहिन्छ । प्रिया, सुरुमा ठूलो विरोध परेर अहिले भएको यो मेलमिलाप हाम्रो प्रेमको विजय हो । मलाई पहिला नै लागेको थियो ···(भन्दाभन्दै चूप लाग्छ)।

प्रिया– (उसलाई चूप लागेको देखेर उत्सुक भई) के लागेको थियो ?

प्रेम– अन्त्यमा प्रेमकै विजय हुन्छ भन्ने !

प्रिया– कुन प्रेमको ? प्रेम भन्ने तिमी मानिसको कि प्रेम भन्ने मुटुभित्र रहने जिनिसको ?

प्रेम– मुटुभित्र गुदुगुदु पाक्ने त्यस अनौठो जिनसको प्रिया, जसलाई माया र प्रीति पनि भनिन्छ !

प्रिया– यो नै अन्त्य हो भने त हाम्रो प्रेमले पक्कै पनि बाजी माथ गऱ्यो, (लामो सास फेरेर) तर यो अन्त्य होइन भने हाम्रो प्रेम हरुवा जुवाडेको दाउ पनि हुनसक्छ !

प्रेम– तिम्रो मन कस्तो सुख्खा मरुभूमि जसमा मप्रति तिम्रो विश्वासको सानो क्याक्टस पनि अझै उम्रिन सकेन !

प्रिया– मेरो अतीत जानेपछि तिम्रो मन पनि मेरो मन जस्तै सुख्खा मरुभूमि हुनेछ र अहिले तिमीले आफ्ना मनमा उमारेको प्रेमको हरियाली पहेंलिदै सुकेर जानेछ !

प्रेम– म तिमीसंग, तिम्रो वर्तमानसंग प्रेम गर्छु प्रिया, तिम्रो अतीतसंग होइन !

प्रिया– वर्तमाको सही पहिचानका लागि अतीतमा चिहाउनै पर्छ । मेरो अतीत ··· !

प्रेम– तिमी आफ्नो अतीतको भिडियो मलाई देखाउनै चाहन्छौ भने देखाऊ, तर मलाई त्यसमा कुनै रुचि छैन !

प्रिया- रुचि नभए पनि प्रेम, तिमीले मेरो अतीत बुझ्नै पर्छ । पहिलो कुरो के भने मेरो बाबु··· !

[एक्कासि मर्कसिंह अलाप र विलाप गरेर कराउन थाल्छ । प्रिया प्रेम र अरू सबैको ध्यान उसेतिर तानिन्छ ।]

मर्कसिंह- (अलाप र विलाप गर्दै) यो प्रेसिडेन्ट अफ पङ्कर्स क्लब खत्तम भयो ! म लुटिएँ, मेरो सर्वनाश भयो ! (एक्कासि डाँको छाडेर) गोहार, गोहार··· !

खुसीराम- अरे मान्छी, किन यसरी चिल्लाएको ?

शिशिर- के भो हँ, के भो ?

इकारमान-तपाईंलाई के भो केरे ?

जिएम्- (पाइप तानेर धुवाँ फाल्दै) के गडबड भएछ त्यहाँ ?

सबै- के भो, के भो ?

मर्कसिंह- (रुन्चे स्वरमा) हाइ टोपी, मेरो पङ्क टोपी, मेरो पङ्क टोपी !

सबै- के भो टोपी ?

मर्कसिंह- एक छिन झप्प के निधाएको थिएँ, टोपी नै छैन ! मेरा क्लबका पङ्कहरू त भन्थे ··· !

चेमजोङ- झ्यालमा अडेसिएर मजाले निधाएको वेला बाहिर खस्यो होला !

सबै- होहो, तल खस्यो होला !

मर्कसिंह- लौन ड्राइभर साहेब, हेरिदिनोस् न मेरो टोपी बाहिर कहाँ खसेछ ?

चालक- (उपेक्षासाथ) उत्तीसघोडा-बत्तीसघोडा, यति लामो बाटामा कहाँ खस्यो, कहाँ खस्यो ?

मर्कसिंह- त्यो टोपी कसैले दिएको चिनो हो, सम्झनाको पोको हो ! त्यस विना त म खत्तम हुन्छु, खत्तम हुन्छु ! गाडी रोक्नोस् ड्राइभर साहेब, गाडी रोक्नोस् ! (थाप्लामा हात राख्दै) मेरा क्लबका बिचरा पङ्कहरू त भन्थे ·· !

सबै– (चालकसंग) गाडी रोक्नोस्, गाडी रोक्नोस् !

[सबै जना एकै चोटि कराएकाले विवश भएर चालकले बस रोक्छ । हरिया बत्ती निभेर रातो बत्ती बल्छ । चालक मुख बिगार्दै ओर्लिन्छ र टाढाटाढा हेर्न थाल्छ ।]

चालक– (देखेजस्तो गरेर) ऊ त्यहाँ खसेजस्तो छ, धेरै टाढा !

मर्कसिंह– (खुसी हुँदै) के मेरो टोपी देखियो ?

सबै– के टोपी देखिन्छ त्यहाँबाट ?

चालक– धेरै टाढा छ, धेरै !

मर्कसिंह– हिंड्ने बेलामा कसैले दिएको मायाको त्यो कोसेली छाडेर म जान्न, जाँदै जान्न !

सबै– (चालकसंग) ब्याक गर्नु पर्‍यो, ब्याक गर्नु पर्‍यो !

[चालक मुख बिगार्दै उक्लिन्छ र आपना सीटतिर लाग्छ ।]

प्रेम– (प्रियासंग) टोपी लिएर आउन्जेल हामी तल ओर्लेर खुट्टा तन्काऔं, हुन्न प्रिया !

प्रिया– हुन्छ, जाऊँ !

[दुवै तल ओर्लिन्छन् । जीएम्, पीए र अरू केही पनि तल ओर्लिन्छन् । चालक गाडी चालू गर्ने तर्खर गर्छ ।]

प्रेम– (तल ओर्लेर चालकलाई वृत्ततिर देखाउँदै) हामी त्यतै हुन्छौं, टोपी लिएर फर्केपछि बोलाउनु, ल !

चालक– ल, तर धेरै टाढा नजानु होला ! (हाँस्दै) क्या उत्तीसघोडा-बत्तीसघोडा !

[प्रेम र प्रिया डुल्दैडुल्दै वृत्ततिर जान्छन् । पीए पुतली समाउने धुनमा परपर हुँदै जान्छे । जीएम् त्यहीं उभिरहन्छ र एक छिनपछि केके न

सम्झेको जस्तो गरी गोजीबाट सीसी झिकेर बिर्को खोल्न थाल्छ। चालकले पछिल्तिर हेरेर गाडी ब्याक गरेको जस्तो हाउभाउ प्रदर्शित गर्छ। नम्रोलिने-हरू झ्यालबाट पछिल्तिर हेर्छन् र सुसेलेर ब्याक गर्ने सङ्केत दिरहन्छन्। श्रोलिनेहरू यताउति छरिएर कुराकानी वा अरू केही गर्छन्।]

प्रेम– (डुल्दै अलि पर गएपछि) प्रिया, अघि तिमी आफ्ना बाबुबारे केही भन्दै थियौ, तर टोपी काण्डले गर्दा तिम्रो कुरा तिमीभित्रै दवियो !

प्रिया– (भावरहित भएर) म भन्दै थिएँ, मेरो बाबु छैन !

प्रेम– नभए के भो त ? (उत्साहित भएर) वैकुण्ठ त हामी जाँदै नै छौं, त्यहीं भेटेर सलाम ठोक्छु र सन्चोविसन्चो सोध्छु !

प्रिया– म ताक्छु मुढो बन्चरो ताक्छ घुँडो ! कुरो नबुझी उसै सलाम ठोक्छु !

प्रेम– त्यसो भए बन्चरालाई मुढो नै ताक्न लगाऊ, किन त्यसै मेरो घुँडो फोर्ने ? प्रिया, कुरो अलि खुलाएर भन न !

प्रिया– (व्यथित स्वरमा) मेरो जीवनमा बाबु नामको कुनै चराको अस्तित्व छैन ! म बाबुबिना जन्मेकी एउटा विचित्र रचना हुँ !

प्रेम– बाबु विना पनि कोही जन्मिन्छ र लाटी !

प्रिया– जन्मिन्छ प्रेम, जन्मिन्छ !

प्रेम– कसरी ?

प्रिया– बलात्कारबाट !

प्रेम– के ?

प्रिया– म सामूहिक बलात्कारबाट जन्मेकी एउटा घृणित प्राणी हुँ !

प्रेम– घृणित प्राणी, कस्तो ?

प्रिया– सुन, त्यतिखेर मेरी आमा म जस्तै सुन्दर, जवान र अविवाहित हुनुहुन्थ्यो। एक दिन आधी रातमा डरलाग्दा-डरलाग्दा अनुहार भएका मानिसहरूको एउटा दुष्ट डफ्फाले मेरी आमालाई घरबाट बलजफ्ती उठाएर लग्यो र पूरै हूलले सामूहिक बलात्कार गरेर पशुवत् तृप्ति र आनन्द प्राप्त गर्‍यो।

प्रेम– उफ् एउटी अबलामाथि कत्तो अत्याचार, कत्तो अत्याचार !

[प्रेम मुर्मुरिएर के गरौं र कसो गरौं गर्न थाल्छ । प्रिया शान्त र निर्विकार देखिन्छे । यसबीच ब्याक हिंडेको बस टोपी खसेका ठाउँमा पुगेर रोकिन्छ । टोपी लिन हतारिएर ओलिने हुँदा मर्कसिंह पछारिन्छ । चालकले उसलाई उठाउँछ र भुईंबाट टोपी टिपेर उसका टाउकामा राखिदिन्छ । मर्कसिंह ऐय्या र आत्था गर्दै, अनि जिउ मुसार्दै आफ्ना ठाउँमा बस्न आउँछ । चालक पनि बसमा उक्लिन्छ । साबिक ठाउँमा आइपुगेर उसले सामुन्ने हेरेर बस हाँक्छ । बसका यात्रुहरू पनि सामुन्नेतिर हेर्छन् । उनीहरू सुसेल्न पनि छाड्छन् ।]

प्रिया– (मुर्मुरिएकी प्रेमसंग) प्रेम, तिमी बढी उत्तेजित हुँदैछौ, होस गर !

प्रेम– (मुर्मुरिन छाडेर शान्त हुँदै) मैले मभित्र उर्लेको भावनाको छाललाई रोकें, तिमी आफ्नो कुरा भन !

प्रिया– सामूहिक बलात्कारको त्यस अत्याचारबाट मर्न नसकेकी मेरी आमाका गर्भमा सो अत्याचारको जिउँदो प्रमाण बनेर म बसें, म जन्मे पनि, तर त्यस बलात्कारी हूलमा कुन चाहिं मेरो बाबु हो भन्ने कुरो मेरी आमालाई समेत थाहा भएन । प्रेम, हुनसक्छ म एकभन्दा बढी अत्याचारीको पैदावार हुँ, एकभन्दा बढी बाबुहरूको पैदावार !

प्रेम– अब प्रिया, तिमी आफ्नो अतीतको भिडियो बन्द गर, मलाई पुग्यो !

प्रिया– मेरो बाहिरी रूपमा लट्टिएर प्रेमको दावी गर्दै धेरैधेरै मेरा छेउमा आए, तर मेरो अतीतको घृणित कथा सुनेर सबका सब परपर सरे, परपर !

प्रेम– म पर सर्दिन प्रिया, वर आउँछु, झन् वर, झन् वर ··· !

[प्रेम प्रियाका छेउमा पुग्छ र उसको हात समाउँछ । नजानिँदो पाराले बिस्तारै उनीहरू अँगालामा बाँधिन्छन् । त्यसै बखत बस साबिक ठाउँमा आइपुगेर रोकिन्छ । अघि ओर्लिनेहरू धमाधम उक्लिन्छन् । सबै जना उक्लेर आफ्नाआफ्ना सीटमा बसिसक्ता पनि प्रेम र प्रिया उही स्थितिमा । त्यो देखेर चालकले बेसरी सुसेल्छ । सुसेलीले उनीहरूलाई झसङ्ग पार्छ । लजाएर दुवै छुट्टिन्छन् र छिटोछिटो आएर आफ्ना सीटमा बस्छन् । बस हिँड्छ ।]

जीएम्– (पाइपमा सुर्ती भर्दाभर्दै यताउति सुँघेर) मिस पीए, तिमीले कुन सेन्ट युज गरेकी ?

पीए– (चिविङ्गम चपाउन छाडेर छक्क पर्दै) सेन्ट ? नो सर, म कुनै सेन्ट युज गर्दिन !

जीएम्– (फेरि यताउति सुँघ्दै) त्यसो भए यो मीठो स्मेल के को हो त ? (मुखमा पाइप च्याप्छ ।)

पीए– (यताउति सुँघ्दै) स्मेल त छ सर, तर सेन्टको होइन क्यार !

जीएम्– (मुखको पाइप हातमा लिएर) नो-नो, यति मीठो बास्ना पक्कै पनि सेन्टकै हुनु पर्छ !

पीए– (नाक खुम्चाउँदै) उफ्, अहिले त ह्वस्स माछामाछा गनायो, सर !

जीएम्– माछामाछा गनायो अरे ? (फेरि सुँघ्दै) होइन-होइन, पीए ?

पीए– अहिले त झन् सारो गनाएर नाकै फुट्ला जस्तो भो, पक्कै पनि··· !

जीएम्– (मुखमा पाइप राख्दै) यस मिस पीए, पक्कै पनि के ?

पीए– पक्कै पनि सर, कसैले माछाको डुङ्ग गनाउने तेल कड-लिभर-आयल दलेर आएजस्तो छ !

जीएम्– कड-लिभर-आयल ? हत्तेरिका, म पनि कस्तो एबसेन्ट माइन्डेड!

पीए– के सरले युज गर्नु भएको हो ?

जीएम्– मेरो लिभर अलि बिग्रेको छ, त्यसैले डाक्टरले मलाई प्रेस्काइब गरेको छ ।

पीए- डाक्टरले कड-लिभर-आयल कपडामा दल्न प्रेस्काइव गरेको छ, सर ?

जीएम्- दल्न होइन दिनको चार पटक खान ! अघि बसबाट ओर्लेको बेला जब तिमी पुतली देखेर समाउन हानियौ, मैले सीसीबाट सोझै मुखमा कड - लिभर - आयल खनाएको थिए । (मुख बिगार्दै) तर ¨ तर कड- लिभर- आयल जति त लुगामा खतत ¨ !

पीए- ओहो ! (चिविङगम थुकेर मुस्कुराउँदै) सर, मैले एउटा अर्को पुरानो जोक सम्झें, भनौं !

जीएम्- तिम्रो जोक राम्रो हुन्छ, भन ! (हडबडाउँदै) मिस अलका, कागतपत्रको ब्रीफकेस आयो ?

पीए- सरले नै ल्यउनु भएको होइन र ?

जीएम्- हो त, म पनि कस्तो एवसेन्ट माइन्डेड ! तर··· तर मैले कहाँ राखें ब्रीफकेस ?

पीए- ब्रीफकेस त सरकै काखमा छ नि !

जीएम्- (काखतिर हेर्दै) हो त ! (पीएतिर हेरेर हाँस्दै) म पनि पूरै एवसेन्ट माइन्डेड हुँगि ?

पीए- सर एउटा जोक फेरि ··· !

जीएम्- भन न ! आइ लाइक जोक्स, अलका !

पीए- जोक के भने सर, एकादेशमा फिलोसफर टाइपका एक जना प्रोफेसर थिए ।

जीएम्- फिलोसफर टाइपको भनेपछि ऊ पनि एकदमै भुलक्कड थियो होला !

पीए- हो सर ! एक दिन एउटा छिमेकी उनका कोठामा आयो र भन्यो, (स्वर परिवर्तन गरेर) 'प्रोफेसर साहेब, म तपाईंकी श्रीमतीको माइतीबाट आउँदै छु । प्रोफेसर्नी साहेबले झट्ट तपाईंलाई बोलाउनु भएको छ ।'

जीएम्- (धुवाँको मुस्लो ओकल्दै) ए ! अनि ?

पीए- खबर पाउने वित्तिकै ढाका टोपी ढल्काएर प्रोफेसर साहेब ससुराली हिंडे । हिंड्दाहिंड्दा सर, उनी सात समुद्रपारि पुगे !

जीएम्– ओहो सात समुद्रपारि ?

पीए– हो सर, सात समुद्रपारि, तर उनले श्रीमतीको माइतीघर वा आफ्नो ससुराली कतै भेटेनन् । घर नभेटेर सारैसारै दिग्दार भए !

जीएम्– (चुकचुकाउँदै) बिचरो भुलक्कड प्रोफेसर !

पीए– उनी सारैसारै दिग्दार भएकै बेला आइसक्रीम बेच्ने मान्छे ठेलगाडी धकेल्दै उनका छेउमा आयो । उनले एउटा आइसक्रीम किने र च्वापच्वाप गरेर चुस्न थाले । आइसक्रीम चुस्न थालेपछि त्यसको चीसो उनको तातेको मथिङ्गलमा पुग्यो, अनि झल्यास्सि भएर उनले सम्झे, (स्वर परिवर्तन गरेर) 'हत्तेरिका, अहिले त मेरो विहे नै भएको छैन, कहाँकी श्रीमती ?'

जीएम्– (बेसरी हाँस्दै) नाइस, नाइस !

[जीएम्को हाँसोसँगै गिटारको स्वर चर्किन्छ । हाँसोको स्वर गिटारको स्वरभित्र दब्छ । हाँस्न छाडी जीएम् मुखभरि गहिरो दार्शनिक भाव उब्जाएर पाइप तान्न थाल्छ । पीए छिटोछिटो चिविङगम चपाउन थाल्छे । गिटार मथ्थर हुँदा प्रेम र प्रिया कुरा गर्दै रहेका ।]

प्रेम– (हाँस्दै) प्रिया, स्वर्गको राजधानी वैकुण्ठ पुगेर तिमी कता लाग्ने ?

प्रिया– ब्रह्मा बस्ने ब्रह्मटोलतिर ! तिमी नि ?

प्रेम– म चाहिं लक्ष्मीको निवासस्थान लक्ष्मीटोल जान्छु ।

प्रिया– त्यहाँ पुगेपछि हाम्रो भेटघाट कहाँ, कसरी, कहिले हुने !

प्रेम– आफ्नोआफ्नो काम सकेर रोजरोजै भेट्ने ! अनि हाम्रो प्रेम स्वर्गको वातावरणमा हुर्कोस्, बढोस्, फलोस्, फुलोस् भनेर नयाँनयाँ ठाउँमा घुम्न जाने, हुन्न प्रिया ?

प्रिया– हुन्छ, (जिस्काएको जस्तो गरेर) तर तिमीले मलाई त्यसरी नै घुमाउनु पर्छ जसरी एउटा फिल्मीनायकले एउटी फिल्मी नायिकीलाई गीत गाएर घुमाउँछ ।

प्रेम- म गायक नभएर गीतकार हुँ तापनि मूड चल्यो भने गाएरै घुमाउँला । अँ प्रिया, सबभन्दा पहिला बोटिङ गर्न जाने ?

प्रिया- क्याबात्, बोटिङ त मलाई सारै मन पर्छ प्रेम, हामी बोटिङ गर्न कहाँ जाने ?

प्रेम- वैकुण्ठको विष्णुटोलमा हाम्रो फेवातालभन्दा कताकता ठूलो एउटा ताल छ, दुधैदुधको ताल ! (सम्झिदै) त्यस तालको नाम क्षीरसागर हो क्यार ? त्यहीं बोटिङ गर्न जाँदा कसो होला ?

प्रिया- ओहो, कुरा सुन्दैमा कतिखेर बोटिङ गर्ने भन्ने चुमचुम लागिसक्यो ! प्रेम, क्षीरसागरको दूध असली हो कि डेयरीको जस्तै ठुस्सै गनाउने खालको हो ?

प्रेम- कत्ति मिसोट नभएको एकदम असली दूध हो ! तिमीलाई थाहा रहेनछ, क्षीरसागरको मूल खुद कामधेनु गाईको थुनबाट फुटेको छ !

प्रिया- त्यसो भए त बोटिङ मात्र गर्ने होइन नुहाउने पनि ! उहिले-उहिले हाम्रा पुर्खाहरू पानीको होइन दूधको नदीमा नुहाउँथे अरे ! एक पटक भए पनि दूधको नदीमा नुहाउने मलाई ठूलो धोको छ । यो धोको पूरा गर्न प्रेम, एक पटक म हामफाल्दै दूधकोशी पनि पुगेको थिएँ, तर दूध जति बगेर कता-कता पुगेछ र त्यहाँ त धमिलो पानी मात्र बाँकी रहेछ !

प्रेम- (गम्भीर हुँदै) दूधको पोखरी क्षीरसागरमा नुहाउँदा एउटा अप्ठ्यारो पर्छ कि ?

प्रिया- के अप्ठ्यारो ?

प्रेम- क्षीरसागरमा अप्सराहरू नुहाउँछन्, थाहा छ !

प्रिया- (जिल्ल परेर) अप्सराहरू नुहाउँछन् भने तिमीलाई के अप्ठ्यारो !

प्रेम- (दयनीय पाराले) त्यहाँ नुहाउँदा तिमी पनि अप्सरा भयौ भने मेरो के हुन्छ ?

प्रिया- (मुस्काएर) तिमीले प्रिया नामकी अप्सरा पाउँछौ, अरू के हुन्छ ?

प्रेम– (खिसिक्क हाँस्दै) त्यो त हो, तर मैले भन्न खोजेको भ्रष्ठचारो बेग्लै खालको छ !

प्रिया– के छ, सुनूँ न त ?

प्रेम– क्षीरसागरमा डुबुल्किएर जतिखेर तिमी स्वर्गकी धपधप बल्ने अप्सरा भई निस्किनेछौ त्यतिखेर म चाहिं मर्त्यलोकको उही धसिङ्गरे गोर्खाली नै रहनेछु । (लामो सास फेर्दै) अनि हाम्रो जोडी गधाको घाँटीमा गुलाफको माला झुन्ड्याए जस्तै अमिल्दो हुन्छ !

प्रिया– प्रेम, हाम्रो जोडी नै बिग्रिन्छ भने किन नुहाउने त ?
बोटिङ मात्र गरौं !

प्रेम– हो, बोटिङ मात्र गर्ने ! म लक्ष्मीको सिफारिस गराएर वैकुण्ठको सबभन्दा राम्रो स्टिमर 'शेषनाग' लिन्छु !

प्रिया– (झस्किंदै) नाग त डरलाग्दो हुँदैन र ?

प्रेम– शेषनाग टोक्ने नाग होइन, नागका आकारको स्टिमर हो !

प्रिया– (हाँस्दै) स्टिमर हो भने त ठीक छ !

[एक्कासि बस घच्याक्कै रोकिन्छ । बस रोकिनाले सबैलाई तोड पर्छ । चालक हत्त र पत्त तल ओर्लिन्छ । उसले बाटामा तेर्सिएको मुढो पन्छाएको जस्तो गर्छ । अनि ऊ आफ्ना सीटमा फर्किन्छ र साबिक झैं बस हाँक्न थाल्छ । बस हिंडेपछि खुसीराम जुरुक्क उठ्छ र रातो गोलाभेंडे नाक झिक्तै र लाउँदै बोल्न थाल्छ ।]

खुसीराम– (चारैतिर फर्कीफर्की) तमासा, तमासा, तमासा ! (आफै मख्ख पर्दै) आहा, क्या खासा !

मर्कसिंह– के भन्छ यो पासा ?

खुसीराम– (फेरि चारैतिर फर्कीफर्की) गाडीमा सफर गर्ने भलामान्छीहरू, एक मिन्ट··· सिर्फ एक मिन्ट थोडाथोडा मुडी घुमाएर जरा यता हेरिलिनुस् ! (सबै उसतिर फर्केपछि गिटार बजाउने

युवकसंग) ओ बाजावाले भाइ, थोडा देर बाजा टुनटुनाउन बन्द गरिहाल्नुस् न ! (उसले बजाउन बन्द गरेपछि सबैसंग) हाँ तो भलामान्छीहेरू, जरा मेरो बात सुनिलिनुस्, त्यसको बाद यस खुसीराम सर्कसवालाको तमासा पनि हेरिलिनुस् ।

चेमजोङ– (जिस्काउने ढङ्गमा) तमासा हेर्न टिकट किन्नु पर्छ कि पर्दैन ?

खुसीराम– (हाँस्दै गरेको चेमजोङसंग) ए मान्छी, तपाईं बडाबडा दाँत दिखाइकन किन हाँस्छ, हैं ? दाँत बन्द गरिलिनुस् और मेरो बात जरा चित्त लगाएर सुनिलिनुस् ! (चारैतिर हेरेर) सुनिलिनुस् भलामान्छीहेरू, तमासा देखाएर मलाई पैसाबैसा एको कौडी मागनु छैन ! (शिशिर-बसन्ततिर हेरेर) ओ खुसुरफुसुर गर्नेवाला भाइहेरू, तपाईंहेरू जरा चोप लागिहाल्नुस् त !

शिशिर– (उपेक्षासाथ) हामीलाई कसैको कुरा सुन्नु छैन !

खुसीराम– (शिशिरसंग) अरे भाइ, जरा सुनिलिनु हुन्छ त के बिगडिजान्छ हैं ! (चारैतिर हेरेपछि पाइप तान्दै गरेको जीएम्‌संग) ओ हुक्कावाले बाबु, कति धुवाँ फुसफुसाएको ! (उसले आँखा ठूलाठूला पारेर हेरेपछि) अरे भलामान्छी, धुवाँको बमगोला खिडकीबाहिर भकाभक दागनुस्, (खोक्तै) यहाँ बहुत खार आइरहेको छ ।

सबै– तमासा देखाऊ, तमासा !

खुसीराम– अभी हेरिलिनुस् तमासा ! (चारैतिर हेर्दै) हाँ तो भलामान्छीहेरू, यो खुसीराम सर्कसवालाको तमासा ऐरुगैरु हुँदैन, (छाती फुलाएर) मौतको चक्कर हुन्छ, हवाई छलाँग हुन्छ ! (झ्यालबाट बाहिर औंल्याएर) यहाँबाट एकदम नीचे छलाँग मारेर हवामा ढुनमुनियाँ खेल्दैखेल्दै मो जमीनमा उतरिजान्छ और तुरत पल्टा मारेर जमीनबाट यहाँ बसमा फर्किहाल्छ !

मर्कसिंह– (तर्सिंदै) यो सर्कसवाला अब खत्तम हुने भो ! भोभो, त्यस्तो डरलाग्दो तमासा देखाउनु पर्दैन !

खुसीराम– (मर्कसिंहसंग) अरे बहादुर मान्छी, बच्चाको माफिक डरले किन थुरथुराएको ! यसमा डरको जरा पनि बात छैन ! (सबैसंग) हाँ तो भलामान्छीहेरू, ल हेरिलिनुस् तमासा अब !

[खुसीरामले फालहाल्ने तर्खर गर्छ । उसलाई रोक्न सबै चिच्याउँछन् । ठूलो रडाको मच्छ । रडाको सुनेर खुसीराम झोक्किदै सीटमा बस्छ । गिटारको स्वर केही बेर चर्कोचर्को हुँदै गएर मध्यर हुन्छ । प्रेम र प्रियाको पहिला गनगन, अनि स्पष्ट कुराकानी सुनिन्छ ।]

प्रिया- (सोच्दै) अँ... (सोचिसकेर) हो, त्यसपछि इन्द्रटोल घुम्न जाने, इन्द्रटोल !

प्रेम- इन्द्रटोलमा के छ र ?

प्रिया- इन्द्रटोलको अमरावतीमा खूबै राम्रो सफारी पार्क नन्दनवन छ नि !

प्रेम- ए, हो त ! नन्दनवनमा हाम्रो गोकर्णवन जस्तो टिकट पनि लाग्दैन क्यार !

प्रिया- लाग्दैन र लागे पनि केही छैन ! म ब्रह्मा बूढालाई भनेर फ्रीपास लिन्छु नि !

प्रेम- त्यसो भए सवारीको साधन पनि लिनू, इन्द्रटोल त निकै टाढा पर्छ ।

प्रिया- सवारीबारे मैले सोचिसकेकी छु ।

प्रेम- के ?

प्रिया- ब्रह्मा बूढालाई नै भनेर इन्द्र चढ्ने हात्ती आकारको सेतो कार 'ऐरावत' को निकासा गराउने र त्यसैमा चढेर नन्दनवन डुल्न जाने !

प्रेम- तर बिदाको दिन पर्‍यो भने त 'ऐरावत' को निकासा पाइन्न होला !

प्रिया- बिदामा सरकारी गाडी चलाउन नपाइने नियम वैकुण्ठमा छैन होला !

प्रेम- किन ?

प्रिया- किनभने पालन नहुने नियम धरतीमा बनाइन्छ; स्वर्गमा बनाइन्न । हेर न, हामीकहाँ बिदामा सरकारी गाडी नचलाउने

नियम छ, तर विदाका दिन सडकमा सबभन्दा बढी सरकारी गाडी नै दगुरेका देखिन्छन् ।

प्रेम– (सन्तुष्ट हुँदै) ल ठीक छ, नन्दनवन घुम्न जाने पक्का भयो । अनि कहाँ जाने ?

प्रिया– अनि कहाँ जाने ?

प्रेम– (सोच्दै) अनि··· अनि··· अँ, म भनूँ !

प्रिया– भन, प्रेम !

प्रेम– विष्णुको जेटविमान 'गरुड' मा चढेर स्वर्गको हवाई दौडाहा गर्ने !

प्रिया– (अनिच्छासाथ) विमान नचढ्ने !

प्रेम– किन ? डर लाग्छ ?

प्रिया– डर लाग्दैन, ज्यादै दुख पाइन्छ ।

प्रेम– के दुख पाइन्छ ?

प्रिया– जहिले पनि उड्ने वेलामा फ्लाइट क्यान्सिल भइदिन्छ ! (तीतो मान्दै) क्यान्सिल मात्र गर्नेले हवाई जहाज उडाउने व्यापार किन गर्नु ?

प्रेम– विष्णुको 'गरुड' थोत्रो-पुरानो हवाई जहाज रङ्गाएर नयाँ पारिएको वायुयान हो र फ्लाइट क्यान्सिल हुन्छ ! धन्दै नमान ।

प्रिया– गरुडमा चढेर हामी कहाँकहाँ जाने ?

प्रेम– पहिला एक पटक पूरै स्वर्गको हवाई फन्को मार्ने, अनि शिव-टोलको कैलाशमा ओर्लिने !

प्रिया– कैलाश जाँदा हामी फेरि नेपालमै आइपुग्दैनौं र ?

प्रेम– हाम्रो हिमालको कैलाश त डुप्लिकेट कैलाश हो, बालाजु उद्यानको डुप्लिकेट बूढानीलकण्ठ जस्तै !

प्रिया– ए ! तर कैलाश जस्तो जोगी ठाउँमा गएर के गर्ने ?

प्रेम– हिप्पीराज शिवका हिप्पीगण नन्दीभृङ्गीसंग प्रसाद मागेर स्वर्गीय ह्यासिस खाने !

प्रिया– ह्यासिस खाँदा मात लाग्छ, म खान्न !

प्रेम– अलिकति··· एक सर्को मात्र तान्ने र अलिकति··· एक छिन मात्र हिप्पीको जस्तो स्वतन्त्र जीवन बिताउने । तिमीले पनि कुनै किताबमा पढेकी होली, मानव जीवनमा स्वतन्त्रता भनेको एउटा अत्यन्त मूल्यवान् वस्तु हो आदिआदि ।

प्रिया– त्यो त हो, तर एक छिन स्वतन्त्र जीवन बिताउनु बाहेक हिप्पी-हरूको अरु कुनै चर्तिकला नगर्नें, ल !

प्रेम– लल, हिप्पी मात्र बन्ने, हिप्पीको जस्तो छाडा ढाँचा नझिक्ने ! अनि ?

प्रिया– अनि ·· अनि जहाँ गए पनि एक पटक शारदाटोल पुगेर माता सरस्वतीको दर्शन गर्नु छ र एउटा कुरो सोध्नु छ ।

प्रेम– एउटा कुरो ? कुन कुरो ?

प्रिया– विद्याकी खानी माता सरस्वतीसंग सोध्नु छ, (करबद्ध भएर सोध्ने ढङगमा) हे हंसवाहिनी देवी, अचेल हजुरका पवित्र मन्दिर विद्यालय र महाविद्यालयहरूमा गडबडी मात्र किन भइरहन्छ ? आज्ञा होस् वीणावादिनी, अब कहिले धरतीवासी-हरूको मन विद्यातिर फर्कला ?

प्रेम– प्रश्न सारै राम्रो हो ! अवश्य सोध्नु पर्छ र जवाफ चाहिं क्यासेटमा भर्नु पर्छ, क्यासेटमा ?

प्रिया– क्यासेटमा किन भर्ने ?

प्रेम– (साउती गरे झैं) किनभने प्रिया, जहिले पनि शिक्षाकै समस्या चर्किरहने हाम्रो धरतीमा त्यस क्यासेटको बिक्री तात्तातै हुन्छ ! अनि प्रिया···!

[प्रियाको कानै छेउमा मुख लगेर प्रेम झन् बिस्तारै खासखुस गर्न लाग्छ । प्रिया कान थापेर सुनिरहन्छे र खिसिक्क हाँसिरहन्छे । उनीहरूको त्यो गतिविधि कसैकसैले सन्देहका आँखाले हेर्छन् र आफैं खितखित गरेर हाँस्छन् । केही व्यक्तिको खितखित बसन्नरि फिंजिन्छ र सबै गलल्ल हाँस्छन् ।

हिप्पी युवक गिटार बजाउँदै अघि सर्छ र माझमा आएर उभिन्छ। अझै सबै मस्त पाराले हाँसिरहेका। उसले गिटार बजाउन छाड्छ। मुखलाई कठोर र विकृत पारेर उसले गिटारलाई बन्दूक झैं मास्तिर सोझ्याउँछ र त्यसलाई डचाङ्ग पड्काएर हवाई फायर गर्छ। बन्दूक गिटारका पछाडि जडान गरिएको। उसले गिटारबाट बन्दूक छुट्टयाउँछ। आफूले बन्दूक लिएर गिटार चाहिं पछाडि आफ्नै सीटनिर उभिएकी हिप्पी युवतीलाई दिन्छ। गोली पड्किनासाथ रमाइलो हाँसो सामसुम्म रोकिन्छ। सबैको सातोपुत्लो उड्छ, सबै एकदम स्तब्ध र त्रस्त। कोहीकोही डरले सीटमुनि लुक्छन्। सीटमुनि लुक्नेमा एउटा प्रेम पनि। प्रेम लुकेकाले प्रिया जिल्ल परेकी। कसैले केही गडबडी गर्छ कि भनेर चनाखो भई यताउति हेर्ने र बन्दूक सोझ्याएर धम्काउने काम युवकले गर्छ। पछाडि उभिएकी युवती पनि त्यसै गर्छे, तर उसका हातमा गिटार मात्र छ। अहिले दुवै ज्यादै फुर्तिला भएका छन्।]

युवक– (दोस्रो पटक हवाई फायर गरेपछि) खबरदार, होसियार! ज्यानको माया छ भने आफ्नाआफ्ना ठाउँमा सास रोकेर नहल्लिई बस! (चालकको टाउकामा बन्दूकले घोच्दै) ए फट्याङ्ग्रा, गाडी रोक्! (यताउति पल्याकपुलुक हेर्दै) खबरदार, होसियार! गडबड गर्नेलाई मकै झैं भुट्न मेरो बन्दूक सिपालु छ। (फेरि चालकसंग) ए रोक्!

चालक– (थुरथुर काम्दै) उत्-उत्-उत्तीसघो···!

युवक– चाइँचुइँ होइन चुर्ता, (बन्दूकले झन् सारो घोच्दै) नत्र यस फलामे डाडुमा भकभकी तातेको तेलले तेरो टाउकालाई झाइँझुइँ पार्ला! गाडी रोक् भन्या! (चालकले गाडी रोक्ने उपक्रम गरेपछि) स्याबास् झ्यालिन्चा, स्याबास्! (यताउति पल्याक-पुलुक हेर्दै) खबरदार, होसियार! गडबड होइन, नत्र यस बदमास बन्दूकले भुट्ला है, भुट्ला!

[बस रोकिन्छ। हरियो बत्ती निभेर रातो बत्ती बल्छ।]

जीएम्– (मुखको पाइप हातमा लिएर जुरुक्क उठ्दै) ए डाँका, तँ को होस् र के चाहन्छस् ?

युवक– (बन्दूकको नालले उसको पाइप उफार्दै) चूप लाग्, लिंडे बट्टाइ ! (नालतिरबाट उसका टाउकामा ट्वाक्क हान्दै) छिटो बस्, छिटो ! (टाउको सुमसुमाउँदै ऊ बसेपछि सबैसंग) बसका तमाम झिंगा र झिंगीहरू, म काटमार गर्ने डाँका होइन ! सुन्यौ, म डाँका होइन !

[डराएका यात्रुहरूले केही सन्चो मान्छन् ।]

शिशिर– (जुरुक्क उठ्दै) काटमार नगर्ने भए त्यो बन्दूक किन त ?

युवक– (कराएर) बस्‌बस् गनाउने उडुस, (बन्दूक सोझ्याएर उसतिर जाँदै) नत्र यसले तातो टिक-ट्वेन्टी छर्केर तँलाई थला बसाउँला !

बसन्त– (शिशिर डराएर बस्न लाग्दा उठेर) भन् त, (बन्दूकतिर औंल्याएर) त्यो ठाडो के का लागि हो ?

युवक– (उपहासको स्वरमा) अर्को उडुस बोल्यो ! (मुर्मुरिएर उसका टाउकामा बन्दूकले हिर्काउन खोज्दै) तँलाई पनि···(बसन्त झट्ट बसेकाले रमाउँदै) स्याबास् ! (सबैसंग) बसका तमाम च्याखुरा र च्याखुरीहरू, म लुटपाट गर्ने वा हाइज्याक गर्ने पनि होइन ! सुन्यौ, म हाइज्याकर पनि होइन !

[सबै ज्यानमा ज्यान आएको जस्तो गर्छन् ।]

मर्कसिंह– (आफैं) मारेन अब ! (जोसमा काम्दै जुरुक्क उठेर) रीस उठेपछि मर्कसिंहको सुद्धिबुद्धि हराउँछ ! (युवकसंग) ए, तैंले जोरी खोज्या हो ?

युवक– (उसतिर बन्दूक सोझ्याउँदै) बकबक होइन लामखुट्टे, मुख टालेर बस् ! छिटो बस्, नत्र यस बन्दूकले चर्को डीडीटी छर्केर

तेरा बाबुको बिहे देखाउँला ! (नबसेको हुँदा बन्दूकको पोध छातीमा बजारेर उसलाई थुचुक्क बसाउँदै) ला खा ! (सबैसंग) बसका तमाम गाई र गोरुहरू, मेरा कुरा सुन ! (यताउति पल्याकपुलुक हेर्दै) ए खबरदार, होसियार ! कोही पनि नहल्लिनू, नत्र यस बन्दूकले ध्यातक खोकेर प्याच्च आगो थुकन बेर मान्ने छैन !

डकारमान- न केही हराम, न केही बिराम, यो गुख्खा धम्की के का लागि के रे ?

युवक- खबरदार झुसिलकीरा, (बन्दूक तेर्स्याउँदै) तँलाई रसिलो हुन खूब मन लागेको जस्तो छ, (घोच्दै) ख्वाऊँ गोलीको तात्तातो सूप ! (ऊ लुत्रुक्क परेर बसेपछि) बसका तमाम पाडा र पाडीहरू, म त्यसलाई केही गर्दिन जो मेरापछि खुरुखुरु लाग्छ ! सुन्यौ, मेरा पछि लाग्नेलाई म केही गर्दिन !

डेभिड- हामी टिम्रो पुच्छर किन लाग्छ ? (उठ्दै) हामी पुच्छर लाग्दैन !

युवक- (बन्दूकले सान गर्दै) खुरुक्क बसिहाल् लाम्रेकीरा, नत्र यसले तेरो सारा बोसो पगालेर तँलाई सिन्काभन्दा पातलो पार्नेछ ! (नबसेको देखेर लछारपछार गर्दै र उसको सीटमा थचारेर लात हान्दै) ला खा, तेरा बाबुको हटडग ! (सबैसंग) बसका तमाम मुसा र मुसीहरू, देशदेशावरमा पठाउन मलाई मानिस चाहिएका छन्, तिमीहरू जस्ता मोटाघाटा मानिस चाहिएका छन् । (यताउति पल्याकपुलुक हेर्दै) खबरदार, होसियार, गड़बड होइन ! (सबैलाई चूपचाप बसेको देखेर) सुन, जोजो सोझो चालले मसंग हिड्छ त्यसत्यसले विदेशका राम्राराम्रा मुलुकहरूमा मोजमज्जा लुट्न पाउँछ, मोजमज्जा ! (क्रूर भएर) तर · तर···जसजसले टेढीमेढी गर्छ र हिड्न आनेकाने गर्छ त्यसत्यसलाई जनावरको मीठो आहार तुल्याउन छाला काढेर यहीं फाल्छु ! (डरलाग्दो पाराले हेर्दै) सुन्यौ, छाला काढेर यहीं फाल्छु !

सबै– हामीलाई देशदेशावर किन लैजाने ?

युवक– (दरो स्वरमा) बेच्न ! बेचेर रुपियाँ कमाउन !

सबै– (झस्किँदै) बेच्न ?

युवक– हो बेच्न ! बसका तमाम भेडा र भेडीहरू, संसारमा आज पनि यस्ता देशहरू छन् जसले कामदारका रूपमा मानिस खरीद गर्छन्, मानिस ! तिनै देशहरूमा, मानिस खरीद हुने खुल्ला बजारहरूमा तिमीहरूलाई बिक्री गर्न लैजाने ! (यताउति पल्याकपुलुक हेर्दै) खबरदार, होसियार, गडबड होइन ! (रनभुल्ल परेका यात्रु-हरूलाई हेर्दै हाँसेर) अचेल मानिस एउटा यस्तो नगदे बाली भएको छ जसको बिक्रीबाट क्याँटका क्याँट नोट ओहिरिन्छन्, क्याँटका क्याँट !

खेमजोङ– (उभिँदै दरो स्वरमा) म बिक्री हुन जान्न, के गर्छस् ?

युवक– (ठट्टाको स्वरमा) तँ भुसुनो चम्केको ! (उसका खप्परमा बन्दूक-को फेदले बेसरी प्रहार गर्दै) ला खा ! (ऊ कुर्सीमा ढलेपछि फेरि ठट्टाकै स्वरमा) नजाने अरू को छ हँ ?

जीएम्– (दरो स्वरमा) म छु !

युवक– (बन्दूकले फेरि बेसरी प्रहार गर्दै) तँ पनि खा ! अरु...अरु को छ ? (सबैलाई डरले गुटुमुटु परेको देखेर) स्याबास् ! (कडा स्वरमा) अब सबैजना आफ्नाआफ्ना हात माथितिर फर्काओ ! एउटा होइन दुवै हात माथितिर फर्काओ ! (प्रिया बाहेक अरु सबैले माथितिर हात फर्काएपछि उसका छेउमा आएर रोमान्टिक पाराले) तिमीले माथितिर हात फर्काइनौ मेरी पुतली ! (वासना-त्मक आँखाले हेर्दै) पर्दैन पनि ! (मायालु स्वरमा) तिमी बिक्री गर्ने माल होइनौ, एकदमै होइनौ ! मेरी पुतली, तिमी त अँगा-लामा राखी आजको रात मजा गरेर बिताउने रमाइलो सर्दाम हौ, सारै रमाइलो सर्दाम !

प्रिया– (कड्केर) मतिर आँखा लगाइस् भने म तेरा आँखा फोरेर काला कुकुरलाई खान दिन्छु, बुझिस् !

युवक– (डरलाग्दो अनुहार पारेर) चूप लाग् भँगेरी, नत्र मेरो बन्दूकले चुमेर तेरा बढी चल्ने चोथालालाई हल्लिनै नपर्ने बनाउनेछ । (सबैसंग) तिमीहरू आफैं बसबाट ओर्लेर तल लाममा उभिन्छौ कि म बन्दूकले घोचेर ओरालौं ! (एकछिनपछि) तिमीहरू त्यसै ओर्लिन्नौ क्यार ! ठीक छ, (बसको प्रवेशद्वारकै सीटमा बसेको मर्कसिंहलाई उभ्याएर बन्दूकले निठुरी पारालें घोच्दै) ए गँडचौला, तँ पहिला तल ओर्लेर'''!

[लुकेका ठाउँबाट प्रेम जुरुक्क उठ्छ । उसले फुर्तीसाथ हिप्पी युवकका पिठ्यूँमा पेस्तोल तेर्स्याउँछ । पेस्तोल रुमालले छोपिएको छ ।]

प्रेम– (उसका पिठ्यूँमा रुमालभित्रको पेस्तोल गाड्दै कड्केर) हात माथि उठा ! खुरुक्क उठा, छिटो ! (उसले हात उठाएपछि) हल्लिने होइन, एकदमै होइन ! हल्लियो कि पेस्तोलको गोलीले तेरा पिठ्यूँमा भ्वाङ पारेर ह्वालह्वाल रगत झिक्नेछ ! (मर्कसिंहतिर हेरेर) ए पङ्क, यसको बन्दूक खोस् ! (मर्कसिंहले डराउँदै–डराउँदै बन्दूक थुतेपछि सबैसंग) यात्रु दाजुभाइहरू, यसलाई समाएर लैजानोस् र (युवतीतिर देखाएर) ऊ त्यसलाई पनि यसैसंग पाता कसेर लडाउनोस् ! (हत्त र पत्त आएर केहीले उसलाई समाएपछि दर्शकतिर पेस्तोल भएको हात फर्काएर रुमाल हटाउँदै) ओ हो, क्या सानदार पेस्तोल, केराको कोसो !

[प्रेमले केराको एउटा कोसो पेस्तोल झैं समातेको हुन्छ । त्यो देखेर सबै छक्क पर्छन् र बिस्मात मानेर हाँस्छन् । प्रेम खुसी हुँदै प्रियाका छेउमा बस्छ र सानसंग केराको बोक्रा छोडाउन थाल्छ । बोक्रा छोडाइसकेपछि उसले त्यो केरा आफ्ना मुखतिर ल्याउँछ, तर मुखमा नहाली प्रियातिर हात सार्छ । प्रियाले प्रेमको हात समाएर पन्छाउँदै उसका मुखतिर लैजान्छे । प्रेमले पनि आफूतिरबाट पन्छाएर उसका मुखतिरै लैजान्छ । यसै क्रममा बस हिंड्छ । रातो बत्ती निभेर हरिया बत्ती बल्दछन् ।]

मीठो धुन सुसेलेर बस हाँक्दै गरेको चालक । हातको केरा प्रेम-पूर्वक यता र उति सार्दै गरेका प्रेम र प्रिया । रमाउँदै र खुसी मनाउँदै गरेका अरूहरू । डोरीमा बाँधिएका हिप्पी युवक र हिप्पी युवती । एक्कासि चालकले सुसेल्न छाड्छ । ऊ उठ्छ र गाडी नरोकी एउटा हातले स्टियरिङ चाल्दै ढ्वाङबाट सूचना फुक्ने ढङ्गमा कराउन थाल्छ । सबैको ध्यान उसैतिर तानिन्छ ।]

चालक– (एउटा हात हल्लाउँदै) बसमा बसेका सकल उत्तीसघोडा–बत्तीसघोडाहरू, सुन्नोस्, सुन्नोस् र सुन्नोस् ! यो वैकुण्ठ एक्सप्रेस मिनिबस अब एउटा यस्तो रमाइलो ठाउँमा पुग्न लागेको छ जललाई पशुपुर भनिन्छ । त ए उत्तीसघोडा–बत्तीसघोडाहरू, सुन्नोस्, सुन्नोस् र फेरि सुन्नोस् ! पशुपुरमा पुगेपछि हरेक मानिसले आफ्नो बोली बिर्सिन्छ र पशुको बोलो बोल्छ । पशुपुर पार गर्ना· साथ मानिसले आफ्नो बोली आफैं फिर्ता पाउँछ । त ए उत्तीसघोडा-बत्तीसघोडाहरू, सुन्नोस् सु न्नोस् र फेरि पनि सुन्नोस्! पशुको बोली बोल्न पाउने रमाइलो केवल दस मिनेटको हो, किनभने बसले दस मिनेटमा पशुपुर पार गर्छ । पशुपुर पार गर्नासाथ वैकुण्ठ आउँछ, वैकुण्ठ ! अनि हाम्रो यो यात्रा···(स्याल कराए झैं) हुइ-हुइ-हुइयाँ, हुइ-हुइ-हुइयाँ-हुइयाँ····!

[बोल्दाबोल्दै चालक स्याल झैं कराउन थालेपछि पशुपुरको यात्रा सुरु हुन्छ । मान्छेको मुखबाट स्यालको बोली सुनेर सबै हाँस्छन्, तर हाँसो अनौठो खालको । चालक आफ्ना सीटमा बस्छ र दुवै हातले स्टियरिङ चाल्न थाल्छ ।]

मर्कसिह– (चालकसंग केही सोध्दै, तर आवाज चाहिं बिरालाको) म्याउँ-म्याउँम्याउँ-ङुर्···!

सबै– (अनौठो हाँसो) ।

जीएम्– (प्रेमविह्वल मुखमुद्रा बनाएर बोकाको बोलीमा पीएसंग) बो-ओ-ओ, बो-ओ···!

पीए– (त्यस्तै मुखमुद्रा बनाएर बाख्राको बोलीमा जीएम्‌संग) म्याँ-आँ-आँ !

सबै– (अनौठो हाँसो) ।

वसन्त– (रीसको आवेगमा कुकुर झैं भुक्तै शिशिरसंग) भू-भू-भूऊऊ… !

शिशिर– (डराए झैं वसन्तसंग) क्याइँ-क्याइँ…!

सबै– (अनौठो हाँसो) ।

चेमजोङ– (भाले झैं गजक्क परेर टाउको उचाल्दै) कुखुरी-काँ, कुखुरी… !

डेभिड– (गर्दन लम्ब्याएर चेमजोङतिर हेर्दै हाँसको बोलीमा) क्वाक्-क्वाक्, क्वाक्‌क्वाक्…!

सबै– (अनौठो हाँसो) ।

डकारमान– (ठूलो मुख बाएर बाघ झैं कराउँदै) ह्वाङ्ग्राङ–ह्वाङ्ग्राङ–ह्वाङ्ग्राङ्ग…!

बाबुकाजी– (डराएको गोरुको आवाजमा) बा-बाँ…!

सबै– (अनौठो हाँसो) ।

खुसीराम– (नडराउने सङ्केत गर्दै फ्याउराको आवाजमा) फ्याउफ्याउ–फ्याउअ…!

सबै– (अनौठो हाँसो) ।

सेरचन– (साँढे झैं डुक्रिँदै समसेरसंग) होक्का-काँ, होक्का… !

समसेर– (जम्मै दाँत देखाएर घोडा झैं हिनिँदै) हिहिहिहिहि…!

सबै– (अनौठो हाँसो) ।

[पशुपुरको यात्रा चल्दाचल्दै हरिया बत्ती झ्याप्पै निभ्छन् र रातो बत्ती बल्छ । बस घच्याक्क रोकिन्छ । बसभित्र उर्लिरहेको अनौठो हाँसो पनि साटसुट्टै बन्द हुन्छ । एकछिन चकमन्न, पूरै निस्तब्धता । अनि चालकलाई देखाउँदै सबै भिन्नाभिन्नै पशुपक्षीका आवाजमा रिसाएर कराउन थाल्छन् । चालक बस चालू गर्ने प्रयास गरिरहन्छ । उसले एकदुई पटक घ्यार्रघुर्र गर्छ, तर चालू चाहिं हुन्न । झन् रातो बत्ती पनि निभ्छ । त्यो देखेर चालक निराश भएर उठ्छ र स्यालकै आवाजमा रुन थाल्छ । उसको

2

चाला देखेर सबै पशुपक्षिका आवाजमा रुन थाल्छन् र रुँदारुँदै भड्किन्छन् । ड्केर आपसमै झम्टिन र झगडा ग ... उन्मत्त, क्रूर र हिंसक पशु बन्छन् । पहिला ... अनि बस भत्काउन थाल्छन् । हिप्पी युवक र यु... ...बाट ... जोसका साथ बस भत्काउन थाल्छन् । बस भत्काउने काम सबैले निकै मजा मानेर गर्छन् । बस पूरै भत्किन्छ । बसलाई पूरै भत्काएर यताउति छरेपछि सबै पशु झैं उफ्रँदै, चिच्याउँदै र झगडा गर्दै अनियन्त्रित ढङ्गमा रङ्गमञ्च-भरि फिँजिन्छन् । रङ्गमञ्चमा पूर्ण पशुराज्य स्थापित हुन्छ । यस्तैमा हात-को पखेटा चाल्दै प्रेम मञ्चको अग्रभागमा आउँछ ।]

प्रेम– (पखेटा चाल्दै र यताउति कसैलाई खोज्दै ढुकुर कुर्लेको आवाज-मा) ढुकुर-कुर्, ढुकुर-कुर्… !

प्रिया– (भीडबाट निस्की उसै गरी पखेटा चालेर प्रेमतिर आउँदै) ढुकुर-कुर्, ढुकुर-कुर्…!

प्रेम– (प्रिया कुर्लेको सुनेर खुसी हुँदै) ढुकुर-कुर्, ढुकुर-कुर्….!

प्रिया– (खुसी हुँदै र दौडेर आउँदै) ढुकुर-कुर्-ढुकुर-कुर्….!

[प्रेम र प्रिया एकअर्कालाई गाँजेर प्रेमपूर्वक ढुकुर-कुर् गरि-रहन्छन् । अरूहरू उसै गरी पशुवत् उफ्रँदै, कराउँदै र झगडा गर्दै हुन्छन् । यस मानव-त्रासदीलाई छोप्न वेगले पर्दा बन्द हुन्छ ।]

॥ समाप्त ॥

१५८८०

Acc. No..15.920
Class No 891.428 Book No SHA

वाल्मीकिविद्यापीठपुस्तकालयः

प्रत्यावर्तनतिथिः

2

चाला वेखेर सबै पशुपक्षिका आवाजमा रुन थाल्छन् र रुँदारुँदै भड्किन्छन्।
ड्केर आपसमै झम्टिन र ागडा ग उन्मत्त,
क्रूर र हिंसक पशु बन्छन्। पहिला अनि बस
भत्काउन थाल्छन्। हिप्पी युवक र यु जोसका
साथ बस भत्काउन थाल्छन्। बस भत्काउने काम सबैले निकै मजा मानेर
गर्छन्।
पशु झैं
भरि
को प

प्रेम-

प्रि

प्रे

f

१५९

Acc. No. 15990
Class No 891.492 Book No SHA
Author शर्मा मोहनराज
Title बैकुण्ठ एकांकी

Due on	Borrower's Name	Returned on

891.492
SHA
15990

"श्री मोहनराज शर्मा आजका विशिष्ट नाटककारका रूपमा स्थापित साहित्यसर्जक हुनुहुन्छ । वहाँका नाटकहरू आधुनिक नेपाली नाटकमा नयाँ मोड ल्याउने र अत्याधुनिक नाटकको सूत्रपात गर्ने रचना मानिन्छन् ।

शर्माका 'जेमन्त', 'यमा' र 'यातनामा छटपटाएकाहरू' नाटक मञ्चित भइसकेका छन् । माथिका तीन नाटकमध्ये 'जेमन्त' र 'यमा' पुस्तकका रूपमा प्रकाशित पनि छन् । नयाँ कथ्य, सार्थक प्रयोग र गहिरो प्रभावकारिताका कारण वहाँका सबै नाटकहरू अत्यधिक चर्चित भएका छन् ।

प्रस्तुत नाटक 'वैकुण्ठ एक्सप्रेस' पनि आफ्नै पहिचान र पारा भएको एउटा विशिष्ट कृति हो । मञ्च नाटक र पाठ्य नाटकका विशेषताहरूले युक्त यो नाटक दुवै रूपमा रुचिकर हुने देखिन्छ ।"

–प्रकाशक